कातिक १६, २०६३

# समय

राष्ट्रिय साप्ताहिक




# भ्याइँदैन

- कसरी लुटिन्छन् सिमानामा नेपाली
- तिहारको रमझम

मूल्य रु. २५







asianpaints

NEW
APEX ULTIMA
The ultimate exterior paint

* Conditions apply.

समय

राष्ट्रिय साप्ताहिक

वर्ष ३, अंक १२८, कात्तिक ३–१६, २०६३




आवरण : मतपेटिका

तस्वीर : समय

**आवरण :** सात दल र माओवादीबीच भएको सहमतिअनुरुप २०६४ साल वैशाख–जेठमा संविधानसभाको निर्वाचन गर्न प्राविधिक तथा राजनीतिक कारणले पनि सम्भव देखिएको छैन। २९

**चहराइरहेछ घाउ :** सरकारी उपेक्षाका कारण जनआन्दोलन–२ का घाइतेहरूको आर्थिक अवस्था मात्र होइन, मानसिक अवस्थासमेत अत्यन्त दारुण छ। १४

**प्रभुको लीला :** भूमिसुधारमन्त्री प्रभुनारायण चौधरीको क्रियाकलापका कारण साना वाम पार्टीहरूको गठबन्धनमा खैलाबैलाको स्थिति आएको छ। १६

**अन्तर्वार्ता :** प्रजापरिषद्बाट राजनीति सुरु गरेर २००९ सालदेखि कम्युनिष्ट पार्टीमा निरन्तर रहेका २००७ सालका स्नातक विष्णुबहादुर मानन्धरको सक्रिय राजनीतिक जीवन गत सातादेखि समाप्त भएको छ। के भन्छन् त उनी ? १९


**तिहारको रमझम :** सशस्त्र द्वन्द्वमा अल्पविराम लागेका कारण यसपालिको तिहार यो दशककै सबैभन्दा रमाइलो तिहार भएको छ। ३३

**बेसहारा मजदुर :** प्रबन्धकसहित आठ कर्मचारीलाई ५३ घन्टा थुन्नु नै कन्याम बगानका मजदुरहरूको अभिशाप बनेको छ। ४४

**रंग:** नेपालबाट चोरिएका मूर्तिहरूमा आधारित ‘लस्ट सोल्स’ वृत्तचित्र बनाएकी सिएनएनमा कार्यरत सुम्निमा उदास भन्छिन्, ‘अनुसन्धानका क्रममा तस्बिर खिचेको मूर्ति केही दिनमै गायब हुन्थ्यो, त्यो बेला ज्यादै दुःख लाग्थ्यो।’ ५५



सम्पादकीय ..... ५
डाँक ..... ८
दर्शन ..... ९
मुलुक ..... १०
साहित्य ..... ५१
अनुहार ..... ५७
शून्य समय ..... ५८



समय

का.जि.प्र.का.द.नं. १७०/२०६०/६१

**प्रबन्ध निर्देशक**
नवीन जोशी
**कार्यकारी निर्देशक**
विजय श्रेष्ठ
**सम्पादक**
युवराज घिमिरे
**सहायक सम्पादक**
राजेश घिमिरे
**प्रमुख संवाददाता**
विश्वमणि पोखरेल
**वरिष्ठ संवाददाता**
मनीष गौतम
मनोज दाहाल
किरण भण्डारी
सुवास देवकोटा
मधुसूदन पौडेल
**संवाददाता**
नवीन अर्याल
छत्र कार्की
गोविन्द परियार
ज्योति देवकोटा
**उपसम्पादक**
डिल्ली आचार्य
**क्षेत्रीय**
रुद्र खड्का (नेपालगन्ज)
श्याम भट्ट (महेन्द्रनगर)
दीपक ज्ञवाली (बुटवल)
ओमआस्था राई (धरान)
केशव लामिछाने (पोखरा)
**तस्वीर**
भास्वर ओझा
तेजबहादुर बस्नेत
**कार्टुन**
अविन श्रेष्ठ
**ग्राफिक/ले-आउट**
सुनील खड्गी (**संयोजक**)
किशोरराज पन्त
रामकृष्ण राना
**लेखा**
गोपाल भट्टराई
राजकुमार श्रेष्ठ
**वितरण**
दीपक श्रेष्ठ
मिलन लम्साल
**बजार**
सुरज भडेल (**प्रबन्धक**)
राजेश महर्जन
अर्जुन वज्राचार्य
सफला शर्मा
**भृकुटी प्रकाशन (प्रा) लि.**द्वारा
प्रकाशित तथा
मिलेनियम प्रेस, हात्तीवन,
ललितपुरमा मुद्रित

**कार्यालय ठेगाना :**
**भृकुटी प्रकाशन प्रा. लि.**
लाजिम्पाट, काठमाडौं, नेपाल
पो.ब.नं. ८८३०, फोन : ४४४३८८८
फ्याक्स : ४४२११४७ (सम्पादकीय)
४४११९१२ (बजार तथा वितरण)
ईमेल: samay@vianet.com.np
**प्रमुख वितरक**
काष्ठमण्डप डिष्ट्रिब्यूसन प्रा. लि.
टेकु काठमाडौं
फोन नं. २०१०८२१, २२२०३२२

# अपमानजनक पराजय

**संयुक्त राष्ट्रसंघको** सुरक्षापरिषद्मा अस्थायी सदस्यताका लागि भएको निर्वाचनमा नेपालले अपमानजनक पराजय भोगेको छ। सामान्यतया हरेक २० वर्षको अवधिमा क्षेत्रीयरूपमा हासिल हुने सदस्यतामा नेपालले विगतमा दुईपल्ट सदस्यता हासिल गरेको थियो। तर, प्रजातन्त्र स्थापनामा विश्व जनमतकै समर्थन हासिल गर्न सफल नेपालको यसपल्टको पराजय आफैंमा दुःखद विषय हो र यो खासगरी परराष्ट्र मन्त्रालयको राजनीतिक नेतृत्वको असफल नतिजा हो।

अस्थायी सदस्यताको निर्वाचनमा कुल १ सय ९२ सदस्य राष्ट्रहरूमध्ये केवल २८ मत हासिल गरी नेपाल प्रारम्भिक चरणमै उपलब्धिको सम्भावनाबाट बाहिरियो भने नेपाल जस्तै भ्रष्टाचार र द्वन्द्वका साथै प्रजातान्त्रिक शासनमा सैनिक प्रवृत्ति बढेको छवि कमाएको इन्डोनेसिया उक्त सदस्यता हासिल गर्न सफल भयो। नेपालले अस्थायी सदस्यताको दौडमा यो खालको पराजय भोग्नुका पछाडि कूटनीतिक स्पष्टता र राजनीतिक दिशा निर्देशको सर्वथा अभाव रहेको पुष्टि हुन्छ। अन्यथा विश्व समुदायमा प्रजातन्त्रको लडाइँपछि यति ठूलो मात्रामा सद्भाव हासिल गरेको मुलुकको यो रूपमा पराजय अकल्पनीय कुरा हो।

## सम्पादकीय





गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा सात दलीय गठबन्धन सरकार बनेको ५ महिनाभन्दा बढी समय बितिसक्दा पनि कमसेकम १५ मुलुकहरूमा राजदूतको पद रिक्त छ। छिमेकी भारत र चीनसहित प्रमुख दातृ राष्ट्रहरू जापान, युरोपेली संघ र संयुक्त राष्ट्रसंघ अवस्थित मुलुक संयुक्त राज्य अमेरिकामा समेत नेपाल प्रतिनिधित्वविहीन रहेको छ। अन्तर्राष्ट्रिय जगत्मा अनुपस्थित र अदृश्य मुलुकले आफ्नो पक्षमा लविङ गर्ने वा राष्ट्रिय स्वार्थबारे अन्य मुलुकलाई आश्वस्त गर्न सक्ने उसको क्षमता स्वतः न्यून हुन जान्छ। संयुक्त राष्ट्रसंघमा नेपालका आवासीय प्रतिनिधि मधुरमण आचार्यले विगत केही दिनमा नेपालको सदस्यताको समर्थनमा 'लविङ' सुरु गरे पनि राजनीतिक दिशाहीनताको अवस्थामा त्यस्तो प्रयास निरर्थक हुनु अस्वभाविक हैन। यति अपमानजनक पराजय भोग्नुभन्दा सम्मानजनक रूपमा उम्मेदवारी फिर्ता लिनु सायद बढी बुद्धिमानी र श्रेयष्कर हुने थियो।

प्रजातन्त्र पुनःस्थापनाको आन्दोलनको सफलताकै कारण अति उद्वेलित रहेको सरकारले अन्तर्राष्ट्रिय जगत्मा आफ्नो प्रतिष्ठा र हैसियतलाई थप उचाइ मात्र हैन, अवसर समेत दिने अस्थायी सदस्यको हैसियत हासिल गर्न नसक्नुलाई एउटा पाठका रुपमा लिएर उसले आफ्नो नीतिगत र गतिविधिको समीक्षा गर्नु आवश्यक भएको छ। र, दलीय संलग्नताका आधारमा वा कूटनीतिक जिम्मेवारीलाई केवल 'पुनःस्थापना प्रक्रिया' मान्दै असान्दर्भिक व्यक्तिहरूलाई राजदूतका रुपमा नियुक्त गर्ने परम्परा खारेज गर्दै सरकारले अन्तर्राष्ट्रिय जगत्मा आफ्नो लामो अनुपस्थिति तत्काल समाप्त गर्नु पनि आवश्यक छ।

मुलुकभित्र द्वन्द्व र भ्रष्टाचारको परिस्थिति यथावत् रहनु र अन्तर्राष्ट्रिय मञ्चमा न्यूनतम समर्थन जुटाउन नसक्नु दीर्घकालका लागि असाध्य कष्टकर मात्र हैन, प्रत्युत्पादक पनि हुन सक्छ। खासगरी सरकारको राजनीतिक नेतृत्व तहले यसलाई जवाफदेहितापूर्ण तरिकाले समीक्षा गर्नैपर्छ। ■


www.abin.com.np


तिहारको उपलक्ष्यमा सम्पूर्ण नेपालीलाई हार्दिक मंगलमय शुभकामना ।
समय परिवार
तिहारको बिदाका कारण समयको आगामी अंक २०६३ कात्तिक १७ गते शुक्रवार प्रकाशित हुनेछ । - सम्पादक




## शाही किडार्कमा छैनन्

अगुवाहरू नै दुराचारी (*समय* वर्ष ३, अंक १२७) मा लेखिएको समाचारमा कर्णाली एकीकृत ग्रामीण विकास तथा अनुसन्धान केन्द्रका कोषाध्यक्ष रत्नबहादुर शाही भनी प्रकाशित समाचारप्रति हाम्रो गम्भीर आपत्ति र असहमति छ । शाही किडार्कका कोषाध्यक्ष होइनन् र छैनन् । यस्ता खालका भ्रम फैलाउने गलत समाचारलाई प्रश्रय दिनु साँच्चिकै पत्रकारिता होइन । पत्रकारिताको मूल्य, मान्यता र दायित्व भनेको सम्पूर्ण समाजलाई कलंकित पार्नु हो र ?

**■ मीनबहादुर शाही**
अध्यक्ष
कर्णाली एकीकृत ग्रामीण विकास तथा अनुसन्धान केन्द्र (किडार्क)

## अनुकरणीय काम

दलित पुजारीको पछिपछि (*समय* वर्ष ३, अंक १२७) को भन्ने समाचार पढ्न पाउदा खुसी लाग्यो । यसका लागि *समय*लाई धन्यवाद दिनै पर्छ । मन्दिरमा पसेबापत कहीं कारबाही खेप्न बाध्य भएका दलितहरूलाई समावेशीकरणको मूलधारमा ल्याउन बन्दीपुरमा दलितलाई पुजारी बनाउने परम्परा पक्कै पनि अनुकरणीय काम हो ।



सबैतिर बन्दीपुरका जनताले गरेझैं गर्ने हो भने छुवाछूत बहिष्कारका लागि नेपालमा कुनै ठूलो आन्दोलनको आवश्यकता नै छैन । बन्दीपुरको यो मेला सबैका लागि अनुकरणीय बनोस् ।

**■ अनिल नेपाली**
पशुपति कलेज, चावहिल ।

## चोटिलो जवाफ

शून्य समय (*समय* वर्ष ३, अंक १२७)मा छापिएको युवराज घिमिरेको लेखले नेपालको अहिलेको यथार्थ स्थिति झल्काएको छ । त्यसैले होला, मलाई यो लेख साह्रै सान्दर्भिक लाग्यो । वास्तवमा माओवादीले एउटा कुरा भन्ने अर्को काम गर्ने गरेका छन् । यसको उदाहरण हो, उनीहरू एकातिर बन्दुक बोकेर आम जनतालाई तर्साउँदै हिँड्छन् भने अर्कोतिर माओवादी हामी बन्दुक बोके पनि चलाउँदैनौं भन्ने आश्वासन बाँड्दै हिँडिरहेका छन् । यदि माओवादी इमानदार छन् र बन्दुक होइन, जनताको बलमा सत्तामा आउने पक्षमा छन् भने उनीहरूलाई बन्दुक थन्क्याउन आपत्ति हुन नपर्ने हो । के अन्य दलहरूले अँगालेको राजनीतिझैं बन्दुक त्यागेर राजनीतिको बाटो समाउन माओवादीका लागि सम्भव छैन र ? मुलुकमा शान्ति ल्याउने मुद्दामा माओवादी पनि संवेदनशील बन्नै पर्छ, आफ्नो अडान त्याग्नै पर्छ । जनताले अहिले बबुरो सरकारबाट भन्दा पनि माओवादीबाट धेरै अपेक्षा गरेका छन् ।

**■ सन्तोष थापा**
पुतलीसडक, काठमाडौं
santosh2002@yahoo.com

## राजनीतिक संरक्षण



विवेक हत्याकाण्डको रिपोर्ट (*समय* वर्ष ३, अंक १२७) पढ्दा हत्याराहरूलाई राजनीतिक संरक्षण प्राप्त भएको शंका लाग्यो । यो साह्रै दुःखद कुरो हो । विवेकजस्ता अबोधका हत्याराहरूलाई क्षणिक स्वार्थका भरमा राजनीतिक संरक्षण दिंदा त्यसले भविष्यमा ठूलो नकारात्मक असर पर्छ भन्ने उनीहरूले बुझ्नु पर्छ । उनीहरूले राजनीतिक संरक्षण दिएर दोषीलाई कारबाहीबाट पन्छाउने खालको निन्दनीय कुकार्य गर्न हुँदैनथ्यो । भोलि तिनै अपराधी वा तिनीहरू जस्तैले आज राजनीतिक संरक्षण दिनेहरूका सन्तानलाई अपहरण गरे भने उनीहरूलाई कस्तो लाग्ला । त्यस्तो अवस्था नआओस् । तैपनि, उनीहरूले बेलैमा यस्ता कुरा पनि सोच्नु पर्ने थियो ।

**■ विजयमान शाक्य**
गौरीघाट, काठमाडौं ।

## आवाज खोज्न आउँछौ भने

तिम्रा महलमा मात्र होइन, एकचोटि
गाउँले बस्तीमा पनि आएर हेर्नु
यहाँ किन विद्रोह घन्किंदैन ?
जवाफ मिल्नेछ
धुवाँले खाइसकेका आँखा बोल्नेछन्
वर्षौंदेखि नफेरिएका दौरा र फरिया बोल्नेछन्
र, उनीहरूका स्वरले शान्ति मात्र खोजिरहेको
आभास पाउनेछौ तिमी
त्यसैले
तिम्रा हातहरूले बोकेको बन्दुकले
अब गलत पुष्टि नगरोस्
वर्षौं लडिरहेका नेपाली केका लागि
लडिरहेछन्
सीमा बढाउनलाई अथवा अंशका लागि ?
यो ठम्याउन एकचोटि सहरमा होइन
बरु तिमी गाउँमा आउनु
यतातिरको आवाज र व्यथा खोज्न
तिम्रा महलमा जोडिएको दूरवीनले
इलामको छवि देख्दैन, बुज्दैन ।

**■ करुणा राई**
पुर्वामझुवा- ६
इलाम ।

## राम्रो लाग्यो साहित्य

दसैं विशेष (*समय* वर्ष ३, अंक १२६) मा पढ्दा पढ्नलायक धेरै परिकार पस्केको *समय*लाई धन्यवाद । नेपालमा रहेका विशिष्ट साहित्यिक व्यक्तिहरूको साहित्यलाई यस अंकमा पढ्ने मौका मिल्यो । यस्ता सृजनशीलता भएका साहित्यकारहरूलाई *समय* जस्तो पत्रिकाले नियमित स्थान दिएको छ र दिँदै जाओस् पनि । यही शुभकामना छ ।

**■ मनिका मोक्तान**
काभ्रे ।

## सुनुवारलाई सलाम



कर्णप्रिय आवाजको अवसान (*समय* वर्ष ३, अंक १२७) मा छापिएको रेडियोका हस्ती पाण्डव सुनुवारको जीवनशैली पढ्ने मौका पाइयो । पक्कै पनि रेडियो नेपालीको इतिहासले पाण्डव सुनुवारको कलालाई बिर्सनेछैन । उनीप्रति सदा ऋणी बन्नेछ । अब सुनुवार हाम्रा साम् छैनन्, तर उनले देखाएको बाटो हामीसाम् छ । उनी बिदा भइसकेका छन्, सदाका लागि । उनी आफ्नो योगदानले अजम्बरी रहनेछन् । अन्तिम श्रद्धाञ्जली सुनुवारलाई ।

**■ आकाश तिवारी**
झम्सीखेल, काठमाडौं ।

**समयको ग्राहक बन्नुपरेमा वा पत्रिका नआएमा सम्पर्क गर्नुहोस् । फोनः ४४४३८८८/२११२०९४**

'ओशो अनेक विवादास्पद वक्तव्यहरू दिन मन पराउँथे । मानिसहरू त्यो सुनी उद्वेलित हुन्थे । सन्देशवाहकप्रति असन्तुष्ट हुन्थे, रिसाउँथे र सन्देशलाई सुन्दै सुन्दैनथे, तर आज सन्देशवाहक छैन मानिसहरूको रिस केही शान्त भएको छ र आज ती अति बौद्धिक र उपयोगी सन्देशलाई सुन्न मानिसलाई सजिलो भएको छ ।'



स्वामी आनन्द अरुण

# आधुनिक मनुष्यलाई सर्वोत्तम उपहार

**३७ वर्षअघि** सन् १९६९ मा जब मैले पहिलोपटक ओशोलाई भेटेँ, उनको उमेर ३८ वर्ष थियो। त्यस बेला उनलाई आचार्य रजनीश भनिन्थ्यो। उनले भरखरै जवलपुर विश्वविद्यालयबाट राजीनामा दिएका थिए र जवलपुरमै साधारण घरमा दुईकोठा भाडा लिई बस्थे। हिन्दीमा उनका तीन चारवटा पुस्तकहरू मात्र प्रकाशित भएका थिए। भारतको हिन्दीभाषी क्षेत्रमा एक क्रान्तिकारी र विद्रोही सन्तको रुपमा उनी परिचित हुन लागेका थिए। उनी उत्तर भारतका विभिन्न सहरमा एक्लै घुमिघुमी प्रवचन दिन्थे। उनीसँग न कुनै सहयोगी थिए, न संगठन।

एउटा अति अविकसित गाउँको गरिब घरमा जन्मेर र अति सामान्य गाउँले स्कुलमा पढेर उनीले आफ्नो अत्याधुनिक र क्रान्तिकारी विचारले संसारकै धार्मिक जगत्लाई जडदेखि नै हल्लाए र धार्मिक चिन्तक र गुरुहरूलाई धर्मको पुनर्चिन्तन र पुनर्व्याख्या गर्न बाध्य पारे। उनका सटीक, बौद्धिक र अकाट्य प्रवचनहरूले कसैलाई तटस्थ छोडेन। थोरै विद्रोही र खुला मस्तिष्कका व्यक्तिले सुने, बुझे र आत्मरुपान्तरणमा लागे। बाँकी विश्वभरकै यथास्थितिवादीहरू उनीको चर्को विरोधमा लागे। जीवनभर नै उनले तीव्र आलोचना, गाली गलोज र बेलाबेलामा हिंस्रक प्रतिरोध झेल्नु पर्‍यो, तर यी सबैका बीच मैले उनीलाई कहिल्यै उद्विग्न, अशान्त देखिन, सधैं प्रफुल्लित, आल्हादित, आशा र विश्वासले भरिएको देखे। उनको आत्मविश्वास गहन र अनौठो थियो। धेरै आलोचना भएको बेला उनी भन्थे, 'संसारभरि मलाई आलोचना गर्नेहरू जति बढी भए पनि उनीहरू अल्पसंख्यामै छन्। किनभने उनीहरूलाई थाहा छैन, उनीहरू केको आलोचना गरिरहेका छन् र त्यसको के परिणाम हुन्छ। म एक्लै भए पनि बहुसंख्यामै छु किनभने म पूर्ण जागृत छु, एक निश्चित उद्देश्य लिएर थोरै समयको लागि यहाँ छु र मैले के गरिरहेको छु भन्ने मलाई पूर्ण बोध छ।'

इन्डिया टुडेका सम्पादक अरुण पुरीका शब्दमा 'ओशो अनेक विवादास्पद वक्तव्यहरू दिन मन पराउँथे। मानिसहरू त्यो सुनी उद्वेलित हुन्थे। सन्देशवाहकप्रति असन्तुष्ट हुन्थे, रिसाउँथे र सन्देशलाई सुन्दै सुन्दैनथे, तर आज सन्देशवाहक छैन मानिसहरूको रिस केही शान्त भएको छ र आज ती अति बौद्धिक र उपयोगी सन्देशलाई सुन्न मानिसलाई सजिलो भएको छ।'

ओशोका १० हजार रेकर्ड गरिएका प्रवचनहरू ७ सय पुस्तकमा संगृहीत छन्। जुन संसारका सबै महत्त्वपूर्ण भाषामा अनूदित भइसकेका छन्, जसका करोडौं पाठक विश्वभर छरिएका छन्। मैले विभिन्न मुलुकको भ्रमणको क्रममा धेरै व्यक्तिहरूले त्यस्ता अद्भुत पुस्तकहरूका रचनाकारलाई प्रत्यक्ष सुन्न र देख्न नपाएकोमा अपशोच मानेको छु।

सन् १९७० मा केही गुजराती भक्तहरूले ३ लाख रुपैयाँ जम्मा गरी मुम्बईको पेडर रोडमा नयाँ बनेको उड्ल्यान्ड अपार्टमेन्टमा ३ कोठाको फ्ल्याट ओशोको लागि किने। १ जुलाई १९७० मा ओशो जवलपुर छोडी मुम्बई आए। ओशोको बानी अचम्मको छ। एकचोटि छोडिसकेको सहरमा फेरि कहिल्यै नआउने। त्यसपछि ओशो कहिल्यै जवलपुर गएनन्। मुम्बईमा २१ मार्च १९७४ सम्म बसे। साथै भारतभरि घुमीघुमी दिने प्रवचन र शिविरका कार्यक्रम पनि विस्तारै छोडिदिए। उनी भन्थे, 'म आफूलाई एक कोठामा सीमित गर्न चाहन्छु र आत्मरुपान्तरणका इच्छुक मित्रहरूलाई मात्र साधनामा अगाडि लिएर जान चाहन्छु। नयाँ सहरहरूमा प्रवचन दिन जाँदा मलाई प्रत्येक चोटि नयाँ मानिसका लागि क-ख-गबाट प्रारम्भिक कुरा सुरु गर्नुपर्छ। यस प्रकारले म कहिल्यै क्ष-त्र-ज्ञसम्म पुग्न सक्दिनँ। त्यसैले केही क्षमतावान् मित्रहरूलाई मात्र म भविष्यको आफ्नो माध्यमका रुपमा तयार गरी आफ्नो साटो उनीहरूलाई यात्रामा पठाउनेछु।'

यस प्रकार मुम्बई प्रवासका क्रममा उनी प्रत्येक बेलुका आफ्नै बैठक कोठामा चुनिएका ४०-५० को समूहलाई प्रवचन दिन्थे र ध्यान गराउँथे। ओशोका सबैभन्दा ध्यानपूर्ण, गहिरो र रुपान्तरणकारी पुस्तकहरू त्यही ४ वर्षको अवधिमा बोलिएका हुन्। त्यस बेलाका केही प्रमुख प्रवचनहरूमा - उपनिषद्हरू, 'विज्ञान भैरव तन्त्र', 'पतञ्जली योगसूत्र', 'जीन खोजा तीन पाइयां', 'मै कहता आंखन देखी' इत्यादि पुस्तकहरू हुन। उडल्यान्ड आएपछि ओशोले सामाजिक र राजनीतिक जस्ता सार्वजनिक चासोका विषयहरूमा बोल्न चटक्कै छोडे र खालि साधना र आत्मरुपान्तरण तथा आध्यात्मिक रहस्यका कुराहरू गरे।

सतही जिज्ञासा हुने व्यक्तिहरूलाई ओशोका राजनीतिक र सामाजिक विषयका पुस्तकहरू मात्रै चाख लाग्छन् र त्यसैको चर्चा बढी हुन्छ, तर साधकहरूका लागि उनले उड्ल्यान्डमा दिएका प्रवचनहरू सर्वश्रेष्ठ र रुपान्तरणकारी हुन्। उदाहरणको लागि विज्ञान भैरव तन्त्रलाई लिऔं। हजारौं वर्ष पूर्व शिवले रचेको विज्ञान भैरव तन्त्र पुस्तक ओशोले टीका नगरेसम्म संसारमा पाउनै गाह्रो थियो। ओशोले टीका गर्न पनि कश्मीरका पूर्वमहाराज करण सिंहको व्यक्तिगत पुस्तकालय श्रीनगरबाट प्रामाणिक पुस्तक झिकाउनु पर्‍यो। त्यसमा शिवले तन्त्र र ध्यानका ११२ विधिहरूको चर्चा गरेका छन्। ती विधिहरू अत्यन्त अबुझ, रहस्यपूर्ण, सूक्ष्म र सूत्रवत् छन्। कुनै बेला भारतमै तथाकथित नैतिकवादीहरूदारा अनेक तान्त्रिकहरू मारिएका थिए र तन्त्रका दुर्लभ साहित्यहरू बालिएको थियो। ओशोको व्याख्यापूर्व त्यो पुस्तकको कुनै पनि स्तरीय र प्रामाणिक टीका उपलब्ध थिएन र यो पुस्तकका बारेमा जनमानसलाई जानकारी पनि थिएन। आज पनि ओशोका पुस्तक पढ्नेमध्ये आधिकांशले त्योचाहिँ पढ्दैनन्, पढ्नेले पनि बुझ्दैनन्। तर म तन्त्र जस्तो दुरुह विषयलाई सजिलो अंग्रेजीमा आधुनिक मनोविज्ञानसँग जोडेर सम्बोधिका ११२ विधिहरूका २२५० पेजको पुस्तक आधुनिक मुनष्यलाई ओशोले दिएको सर्वोत्तम उपहारमध्ये एक मान्छु। ■



युक्रेनमा ओशो अनुयायीहरू


*osho@tapoban.com*

# राजावादीद्वारा विद्रोहको घोषणा !

**सरकार–माओवादी** वार्ता टुंगोमा लगाउने पहल भइरहेका बेला कैलालीको धनगढीमा केन्द्रीय समिति रहेको जनाएको नेपाल जनतान्त्रिक पार्टी नामक नयाँ समूहले सुदूरपश्चिमबाट सशस्त्र विद्रोहमा उत्रिएको घोषणा गरेको छ । यो समूहले राजा रहेमात्र नेपाल रहन्छ अन्यथा नेपाल पनि सिक्किम बन्छ भन्दै राजा बचाउन सशस्त्र विद्रोहको घोषणा गरेको जनाएको छ ।

गत साता महेन्द्रनगरका पत्रकारहरूका घर-घर र कार्यालयहरूमा छोडेका सिडी र पत्रमा यो समूहले सशस्त्र विद्रोहको घोषणा गरेको जनाउन खोजेको छ । 'नेपाल भन्ने देश कुनै दल वा नेताले जन्माएको देश होइन । यो त नेपाली जनताको सहयोगमा शाहवंशीय राजा पृथ्वीनारायण शाहले जन्माएका हुन् । त्यसैले अहिलेको अवस्थामा राजा बचाउनु आवश्यक छ' भन्दै सो समूहले छोडेको पत्रमा उल्लेख छ ।

'अहिले सात दल र माओवादी पक्षधरहरू मात्र यस देशका नागरिक हुन् र त्यसबाहेकको विचार राख्ने पक्षधरहरू यस देशका नागरिक नै होइनन् भन्ने जस्तो अलोकतान्त्रिक व्यवहार



सत्ता पक्षबाट भइरहेको उल्लेख गर्दै वर्तमान राजनीतिक गतिविधिमा फरक मत राखेर सुदूरपश्चिमबाट सशस्त्र विद्रोहको घोषणा गरेको' पत्रमा उल्लेख गरिएको छ । माघ १९ पछि राजाको सत्तामा राज गर्न पाएकाहरूले नै बदलिँदो परिवेशमा नयाँ पार्टीको नाममा प्रोपोगन्डा मचाउन चाहेको अनुमान दलहरूले गरेका छन् । राजालाई सेरमोनियल राख्ने पक्षमा यो दबाबको शैली हुन सक्ने बताउँछन्, नेपाली कांग्रेसका पूर्व वडाध्यक्ष दुर्गा बोहरा ।

२०६३ जेठ १० गते नेपाल जनतान्त्रिक पार्टी गठन गरेको उल्लेख गर्दै सो समूहले सिडीमा आफ्नो पार्टीको ३३ पृष्ठ लामो घोषणापत्र पनि पठाएको छ । पार्टीले राष्ट्रिय र अन्तर्राष्ट्रिय सवालमा आफ्नो दृष्टिकोण पनि सार्वजनिक गरेको छ । उसले नेपालका राजनीतिक दल र राजालाई हेर्ने दृष्टिकोण पनि उल्लेख गरेको छ । माओवादी र पूर्व पञ्चको पार्टीप्रति केही लचिलो र अन्य राजनीतिक दलप्रति पूर्वाग्रही दृष्टिकोण राखेको यो समूहले नेपाललाई सिक्किमीकरण गर्ने षड्यन्त्र भइरहेको दाबी गरेको छ । नेपाली कांग्रेस प्रजातान्त्रिकका जिल्ला सचिव पदम बोगटीका अनुसार यो पार्टीले बहुदलीय व्यवस्थाको आडमा राजालाई बचाउन भूमिका खेल्ने प्रयास गर्न खोजेको देखिए पनि मुलुकले ठूलो फड्को मारिसकेको अवस्थामा उनीहरूको ध्येय पूरा नहुने देखिन्छ ।

संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्र मान्ने शक्तिहरूको नेतृत्व गरेर राजा बचाउन उनीहरूले सशस्त्र विद्रोह घोषणा गरेको जनाएका छन् । समूहले आफ्नो पार्टीको केन्द्रीय अध्यक्षमा रणबहादुर चन्द 'सम्राट', उपाध्यक्षमा शैलेन्द्र धामी 'जीवन', महासचिवमा तपेन्द्र भट्ट 'स्मृति', कोषाध्यक्षमा जनक भण्डारी 'वसन्त' सदस्यहरूमा नरेन्द्र बम 'बम', सुदर्शन दमाई 'सूर्य', संयोग भाट 'संसार' गरी सात सदस्यीय समिति गठन गरेको समेत पत्रमा लेखेका छन् । ती नामसँग मेल खाने व्यक्तिहरू सुदूरपश्चिममा थुप्रै भएकाले अहिले जनतान्त्रिकको केन्द्रीय समितिमा बसेका व्यक्तिहरू को हुन् भनेर पहिचान गर्न गाह्रो छ । ती व्यक्तिहरूले आफूहरूले चाँडै पत्रकार सम्मेलन गर्ने जानकारी पत्रकारहरूलाई पठाएका छन् ।

सो पार्टीले २०६३ कात्तिक र मंसिरमा प्रचार-प्रसार तथा संगठन विस्तार र सहयोग कार्यक्रमको घोषणा गरेको छ भने आगामी पुस र माघ महिनामा प्रथम चरणको 'सेवोटेज प्रोग्राम'अन्तर्गत कारबाही गर्ने जनाएको छ ।

■ **श्याम भट्ट/महेन्द्रनगर**





मदन खरेल

◀ **माओवादीले १९ महिनाअघि अखिल क्रान्तिकारी झापाका तत्कालीन अध्यक्ष रमेश सुवेदी र उपाध्यक्ष विष्णु प्रधानको हत्या प्रकरणमा सामेल भएको भन्दै गौरादह-४ का कृष्ण खड्काको हत्या गर्दै उनकी श्रीमती गीतालाई घरबाहिर निकाली लगाएका ताला नागरिक समाजको रोहवरमा माओवादीले खोलिदिएपछि विस्थापित गीता घर भित्रिएकी छन् ।**

# घरतिर विस्थापित

**झापा हल्दीबारीका** चन्द्रप्रसाद उप्रेतीको ओठमा धेरै वर्षपछि मुस्कान छाएको छ, तिहार छेकमा । उनी जस्तै गौरादह-४ की गीता खड्का, शाही सरकारका राज्यमन्त्री टेकनारायण राजवंशी लगायत एक दर्जनको पनि खुसीको सीमा छैन ।

घरबाट लाखौंको चिट्ठा परेकोले उनीहरू खुसी भएका होइनन् । उनीहरू त आफ्नै नाममा रहेको जग्गा माओवादीहरूले निःसर्त फिर्ता गर्ने भएपछि खुसी भएका हुन् । तर, उनीहरूलाई अझै आशंका छ- माओवादीसँग । घर फर्काउने आश्वासनमा पुनः कारबाही गर्छन् कि भनेर । विस्थापितमध्येका एक खड्ग राजवंशी भन्छन्- माओवादीका उपल्ला नेताले गरेका निर्णय तलका कार्यकर्ताले नमान्दा समस्या आउन सक्छ । यता झापा माओवादीले भने अन्य पार्टीसँग भएको समझदारीबमोजिम विस्थापितलाई पुनःस्थापित गराउन कुनै कसर बाँकी नराखिने बताएको छ ।

उनीहरूले विस्थापितलाई कसैले अवरोध गर्न खोजे त्यसका लागि अन्य दलसहितको संयुक्त संयन्त्र समिति बनाइएको र त्यसमा उजुर हाल्न सक्ने उल्लेख गरेका छन् । संयन्त्रमा कांग्रेसका सुधीर शिवाकोटी, एमालेका देवेन्द्र दाहाल माओवादीका अग्नि, हर्क खड्का र अन्य रामबहादुर राई, डा. हृषिकेश उपाध्याय र सूर्यनारायण ताजपुरिया रहेका छन् ।

विस्थापितहरू घर फर्कन पाउने हुन् त भन्ने प्रश्नमा माओवादीका झापा जनसरकार प्रमुख हर्क खड्का भन्छन्, 'विस्थापित भएका सबै घर फर्कन पाउनेछन् । उनीहरूलाई आ-आफ्ना जग्गा भोगचलन गर्न बाटो खुलेको छ, कोही नडराए हुन्छ ।' सात दल र माओवादीबीच यसै साता एमाले पार्टी कार्यालयमा सम्पन्न बैठकले उक्त निर्णय गरेको बताउँछन्, झापा कांग्रेसका सभापति सुधीर शिवाकोटी । बैठकपछि सात दल र माओवादीले संयुक्त विज्ञप्ति नै निकालेका छन्, आफ्नै जग्गा र घरमा कसैको आदेशमार्फत जान अठ्यारो लागेको केही विस्थापितहरूको भनाइ छ । उनीहरू भन्छन्, 'देशमा लोकतन्त्र छाएको आभास त्यतिखेर हुन्छ, जुन समयमा घर फर्कन कसैको आदेश लिनु पर्दैन ।' माओवादीले विभिन्न समयमा झापा डाँगीबारीका-१ का रुद्र उप्रेतीको १ बिघा १४ कट्ठा पथरियाका इन्दिरा उप्रेती ५ बिघा ७ कट्ठा, केचनाकी उमा उप्रेतीको २ बिघा २ कट्ठा, हल्दिबारीका चन्द्रप्रसाद उप्रेतीको ४ बिघा ४ कट्ठा, बालुबाडीबम देवी उप्रेती ४ बिघा ४ कट्ठा, हरिमाया उप्रेती २ बिघा २ कट्ठा जग्गा कब्जा गरेका थिए । अहिले उनीहरू सबै घर फर्कन थालेका छन् ।

**■ मदन खरेल/झापा**



# माओवादीलाई आरक्षण ?


**यातायात व्यवसायमा** देशकै ठूलो र सबै क्षेत्रमा पहुँच भएको मानिने संस्था पश्चिम नेपाल बस व्यवसायी समितिको यो साता सम्पन्न निर्वाचनले राष्ट्रिय राजनीतिमै अर्थ राख्ने आश्चर्यजनक परिणाम दिएको छ।

निर्वाचनमा माओवादीको सक्रिय उपस्थिति र अन्य दलहरूको आश्चर्यजनक भूमिकाले गर्दा यो निर्वाचनले चर्चा पाएको हो।

सधैं माओवादीबाट पीडित भनिएका दुई कांग्रेस र माओवादीबीच आश्चर्यजनक गठबन्धन भए पनि परिणाम भने कांग्रेसको पक्षमा देखिएन, नेतृत्व र धेरैजसो पदहरूमा एमालेका उम्मेदवारहरू विजयी भए। एमालेको तर्फबाट उम्मेदवार बनेका तुलसीराम बञ्जाडेले गठबन्धनका उम्मेदवारको तुलनामा अत्यधिक मत ल्याएर अध्यक्षमा जितेका छन्। निर्वाचनमा अझ आश्चर्यजनक परिणाम त माओवादीका लागि भएको थियो। कांग्रेस र कांग्रेस प्रजातान्त्रिक गठबन्धनका खास उम्मेदवार निर्विरोध भए, तर कांग्रेसका खास उम्मेदवार भने पराजित।

दुई कांग्रेसका तर्फबाट अध्यक्ष पदमा कृष्ण न्यौपाने उम्मेदवार बनेका थिए। उपाध्यक्षमा माओवादी निकट कलाधर देवकोटाका लागि उनीहरू दुवै पार्टीले पद खाली छाडिदिएका थिए। दुवै कांग्रेस र माओवादीबीचको गठबन्धनका विरुद्ध एमालेले उपाध्यक्षमा पनि उम्मेदवारी दिएको थियो, तर अन्तिम चरणमा उसले पनि सो पदमा उम्मेदवारी फिर्ता लिएपछि माओवादीका देवकोटा निर्विरोध भएका थिए। माओवादीलाई निर्विरोध गराएका उनीहरू एकापसमा भने हिंसात्मक रुपमा निर्वाचनमा उत्रिएका थिए।

निकै धेरै बजेट र सबै क्षेत्रमा पहुँच हुने हुँदा समितिको निर्वाचनमा राजनीतिक खिचातानी हुने गरेको हो। दुई कांग्रेसको तर्फबाट अध्यक्षमा उम्मेदवार बनेका न्यौपाने निर्वाचनमा उम्मेदवार बन्नकै लागि केही दिन अघिमात्र आफ्ना केही साथीसहित कांग्रेसमा प्रवेश गरेका थिए। वरिष्ठ उपाध्यक्ष पदमा कांग्रेस, माओवादी गठबन्धनका बागी उम्मेदवार कांग्रेसकै बालकृष्ण गैरे विजयी भए। महासचिवमा भने कांग्रेस प्रजातान्त्रिक निकट दधिराम खरेल निर्विरोध भएका थिए।


निर्वाचनमा अत्यधिक मत ल्याएर अध्यक्षमा विजयी भएका तुलसी बञ्जाडे




सो पदमा उम्मेदवारी दिएका एमालेका बाबुराम ढकाललाई माओवादीले उम्मेदवारी फिर्ता लिन दबाब दिएको स्रोतको दाबी छ। ढकाल आफैंले भने सो कुरा खोल्न चाहेनन्।

समितिका अन्य पदहरूमा पनि राजनीतिक खिचातानीका यस्तै परिणाम देखिएका छन्। विजयी अध्यक्ष बञ्जाडे यसअघि पनि अध्यक्ष नै थिए। पराजित न्यौपाने पनि पूर्व अध्यक्ष हुन्। अन्य सबै क्षेत्रहरूमा प्रत्यक्ष प्रभाव पर्ने हुँदा बस समितिको निर्वाचनमा नेतृत्व हत्याउन दलहरूका केन्द्रीय नेताहरू बुटवलमा खटेका थिए। देशका अन्य बस समितिहरूको तुलनामा निकै शक्तिशाली मानिएको र सबैभन्दा धेरै बसहरू भएको यो समितिको नेतृत्वलाई सबै दलहरूले प्रतिष्ठाको विषय बनाउँदै आइरहेका छन्। नेपालका अधिकांश सडकमा यो समितिका बसहरूकै वर्चस्व रहेको छ। सबै क्षेत्रमा पहुँच हुनाले यसले एकाधिकार जमाइरहेको आरोप पटक पटक लाग्दै आएको छ। जसकै कारण अन्य समिति वा स्वतन्त्र बसहरू चल्न सम्भव छैन।

पछिल्लो पटक बुटवल गुल्मी लगायत रुटहरूमा साना, नयाँ र स्तरीय बसहरू सञ्चालन हुन सुरु गरेका थिए। समिति तिनको पनि विपक्षमा देखिएको थियो र आन्दोलनको चेतावनी दिएको थियो। ती बसहरू स्थानीयस्तरमा माओवादीद्वारा संरक्षित रहेको स्रोतको भनाइ छ। समितिका लागि बाधा ठानिएको यस्तो समस्याबाट समितिलाई जोगाउन र पहिले जस्तै एकाधिकार कायम गर्न माओवादीलाई दुवै पार्टीले सजिलै निर्विरोध बनाएको बताइएको छ।

यसको नेतृत्वका मुख्य पदमा यसअघि माओवादी निकट व्यक्ति पुग्न सकेका थिएनन्। समितिमा सबभन्दा धेरै मतदाताहरू कांग्रेस समर्थित छन्, दोस्रोमा मात्र एमाले। यी दुवैको लडाइँले माओवादीलाई सघाउ पुगेको थियो।

■ **दीपक ज्ञवाली/बुटवल** (तस्वीर पनि)

# होइन अज्ञात रोग

**डडेल्धुराको बेलापुर** गाविसका विभिन्न वडामा दुई सातादेखि फैलिएको भनिएको अज्ञात रोग अज्ञात नरहेको थाहा भएको छ। घटनास्थलबाट फर्केका जिल्ला जनस्वास्थ्य कार्यालयबाट गएको टोलीका प्रमुख डा. गोपालप्रसाद ज्ञवालीले समयलाई दिएको जानकारीअनुसार मृतकहरू उनीहरूलाई रहेका परम्परागत रोगबाट नै मृत्यु भएका हुन्। यसरी मर्नेहरूमा ५२ वर्षीय पठान टमटा, ५४ वर्षीय दली पार्की, ५१ वर्षीय बली भुल, ५५ वर्षीय बेलुदेवी खडायत र ६५ वर्षीय भवानी ऐर सहित पाँचजना हुन् भने अन्य दुईको गर्भपतनका कारण मृत्यु भएको हो। अज्ञात रोगका कारण आठजनाको मृत्युको खबर आएपछि स्वास्थ्य टोली गाउँमा पुगेको थियो।

सदरमुकाम अमरगढीबाट एक दिनको पैदल दूरीमा पूर्वोत्तर रहेको बेलापुर गाविसको उप-स्वास्थ्यचौकीमा विगत दुई वर्षदेखि अहेव र अनमि छैनन् भने सो ठाउँमा औषधोपचारको पनि आभाव रहेको छ। स्वास्थ्य टोलीले गााउँमा दुई सयजनाको परीक्षण गरेपछि कुनै महामारी नरहेको थाहा पाएको हो। डा. ज्ञवालीका अनुसार परीक्षण गरिएकामध्ये ४० प्रतिशतमा पेटसम्बन्धी सामान्य रोग देखा परेका छन्। गाउँमा चर्पी छैनन्, खानेपानीको अभाव छ र अव्यवस्थित पशुपालनले यस किसमका रोग संक्रमण हुने सम्भावना बढेका हुन्। धुम्रपानको पनि अत्यधिक सेवन गर्ने व्यक्तिहरू रहेका छन्, जसकारण दमका पनि धेरै बिरामी देखिएका छन्। कुनै महामारी भएको भए परीक्षण गरिएका अन्य व्यक्तिहरूमा पनि केही लक्षण देखा पर्नु पर्ने हो, तर आशंका गरिएको कुनै रोग पाइएन। हामीले पहिले सार्सको आशंका गरेका थियौं।

'यसअर्थमा समस्या नै छैन भन्नु गलत हो', डा. ज्ञवाली भन्छन्, 'समस्या त छन्, तर ती सामान्य हुन्।' सरसफाइमा ध्यान र जीवनशैलीमा परिवर्तन गरेमा केही हदसम्म समस्या समाधान हुन सक्छन्। गर्भपतन गरेका महिलाले पनि आफूलाई समस्या परेपछि यसो गरेको बुझिएको छ। मृतक एकजना त भारतबाटै बिरामी भई फर्केका व्यक्ति रहेको बुझिएको छ। अन्य मृतकहरू पनि पुराना रोगी भएको अनुमान गर्न सकिन्छ।

■ **श्याम भट्ट/महेन्द्रनगर**





गोपाल श्रेष्ठ


गोविन्द कडरिया

मदन खरेल

# चहराइरहेछ घाउ

**जनआन्दोलन–२ का घाइतेहरूको घाउमा अझै खाटा बस्न सकेको छैन, त्यसमाथि आर्थिकरूपले विपन्न घाइते परिवारको त बिजोगै छ ।**

■ छत्र कार्की/झापा (तस्विरहरू: भीम नेम्वाङ)


तोयानाथ रेग्मी

**जनआन्दोलन–२** मा २०६३ साल वैशाख ६ गते चन्द्रगढीमा सुरक्षाकर्मीको गोली लागेर सख्त घाइते भएका धुलाबारीका गोपाल श्रेष्ठ चार महिनासम्म धरानस्थित विपी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार गराएर अहिले आफ्नै घरमा आराम गरिरहेका छन् । उनको तनको घाउमा त उपचारको केही समयपछि खाटा बस्ला, तर मनको घाउमा खाटा बस्न त्यति सजिलो कहाँ छ र !

श्रेष्ठको परिवारका अगाडि समस्याको पहाड तेर्सिएको छ । अहिले त खाइयो, तर, भरे के खाउँला भन्ने पिरलो छ । ६४ वर्षीया वृद्धा आमा नरमाया नेवारका एक मात्र सहारा उनले टोक्ला चिया कारखानामा मजदुरी गरेर गुजारा चलाइरहेका थिए । हुनत उनका दुईजना दाजु नभएका होइनन्, उनीहरू अलग्गै रहेकाले घरको सबै गर्जो गोपालकै पाखुरीको बलले टार्नुपर्ने बाध्यता थियो । कमाएर खुवाउने छोरो आन्दोलनमा घाइते भएपछि आमा नरमायाका सामु अनगिन्ती अप्ठ्यारा छन् । तैपनि, उनी मुलुकको लागि छोराले पुऱ्याएको योगदानप्रति गर्व गर्छिन्, 'यसले पहिले आमा पाल्न धेरै दुःख गऱ्यो, अहिले देशको लागि आफूले दुःख पाएको छ ।' धुलाबारीबाट ३ किलोमिटर उत्तर बसोवास गरिरहेका उनको सम्पत्तिको नाममा एक कट्ठा घरभिट्टा र पराले छाप्रो मात्र छ ।

जनआन्दोलन–२ मा सुरुका दिनदेखि नै सक्रियरूपले लागी परेका उनी वैशाख ६ गते सदरमुकाम केन्द्रित आन्दोलनमा ऊर्जा थप्न धुलाबारीमोडदेखि चन्द्रगढीसम्म पुगेका थिए । रंगशालाबाट बाहिर निस्केर एसपीमोडतिर भाग्न लाग्दा लखेटेर उनीमाथि गोली प्रहार गरिएको थियो । देब्रे खुट्टामा गोली लागेर उनी त्यहीं ढलेका थिए । अहिले पनि उनको गोली लागेको देब्रे खुट्टाको औंलाबाहेक अरू भाग चल्दैन, तिघ्राको मासु निकालेर गोली लागेको भागमा सर्जरी गरिएको छ । चिकित्सकहरूले अझै उनको दुइटा अप्रेसन गर्नुपर्ने बताएका छन् । भदौ दोस्रो साता गृहमन्त्री कृष्ण सिटौला उनको घरै पुगेर व्यक्तिगतरुपमा १० हजार रुपैयाँ दिएका थिए । सिटौलाले गोपालको परिवारलाई गाँसवासको व्यवस्था गरिदिने भनेर आश्वासन दिए पनि अहिलेसम्म केही राहत प्राप्त भएको छैन ।

गत चैत ३० गते घाइते भएका तोयानाथ रेग्मी रेग्मी अहिले पनि तंग्रिन सकेका छैनन्, बैशाखी उनको सहारा भएको छ । चैत २४ गतेदेखि मुलुकव्यापी आन्दोलन घोषणा गरिए पनि चैतभर झापा तात्न सकेको थिएन । फाट्टफुट्ट जुलुस, ऱ्याली भए पनि सदरमुकाम आसपासको निषेध क्षेत्र कतैबाट तोडिन सकेको थिएन ।

चैत ३० गते कर्मचारी, प्राध्यापक, इन्जिनियरलगायतले पेसागत महासंघको ब्यानरमा २ सयजतिको संख्यामा निकालेको जुलुसले झापामा पहिलोपल्ट सुरक्षा घेरा तोडेको थियो । सुरक्षा घेरा तोड्न लाग्दा दूरसञ्चार कार्यालय, चन्द्रगढीअगाडि प्रहरीले अन्धाधुन्ध लाठी प्रहार गर्दा करिब दुई दर्जन घाइते र पाँचजना गम्भीर घाइते भएका थिए । त्यसै क्रममा रेग्मीको बायाँ खुट्टाको घुँडामुनि प्रहरीबाट एउटै ठाउँमा १० लाठीभन्दा बढी प्रहार गरिँदा उक्त भाग फुटेको थियो । उनी भन्छन्, 'प्रहरीको चुटाइबाट छातीमा समेत गम्भीर असर पऱ्यो, त्यसको असर अहिले पनि बाँकी छ ।' रेग्मीले सुरुमा मेची अस्पताल र पछि सिलिगुडीबाट समेत उपचार गराएका थिए । झापा जिल्ला शिक्षा कार्यालयमा शाखा अधिकृत रहेका रेग्मीको आर्थिक अवस्था राम्रो छैन । अहिलेसम्म उपचारका क्रममा करिब १ लाख रुपैयाँ खर्च भएको उनी बताउँछन् । जनआन्दोलन संयोजन समितिले उनलाई ४३ हजार रुपैयाँ दिइसकेको जनाएको छ ।

उनी हरेक महिना महिनामा परीक्षणका लागि सिलिगुडी गइरहेका छन् । 'हरेक पटक चेकअप गर्दा १०–१५ हजार भारतीय रुपैयाँ खर्च हुन्छ', आफू घाइते भएपछि आर्थिक समस्या चर्केर गएको बताउँदै उनी भन्छन्, 'यसले मानसिक तनाव जन्माएको छ, बेला बेला अधिक 'स्ट्रेस' पर्छ ।'

चन्द्रगढीकाण्डमै सुरक्षाकर्मीको गोली लागेर ढलेका गोलधापका गोविन्द कडरियाको पनि विपी स्वास्थ्य विज्ञान प्रष्ठिानमै उपचार भएको थियो । चार महिनाको उपचारपछि घरमै आराम गरिरहेका छन् । घरको मूली नै घाइते भएपछि उनको परिवारमा पनि आर्थिक विपत्ति आइलागेको छ । अर्का गम्भीर घाइते भद्रपुर–१२ का सिन्धु उप्रेतीको नेपालमा उपचार हुन नसकेपछि दिल्लीस्थित अल इन्डिया मेडिकल इन्स्टिच्युटमा

उपचार भइरहेको छ । उप्रेतीको उपचारमा चाहिँ सरकार र केन्द्रीय घाइते उपचार कोषले सहयोग गरिरहेको जनाइएको छ ।

आन्दोलनका बेला मोर्चाको अग्रपंक्तिमा रहेर खटिएका ७० वर्षीय पूर्णबहादुर ढकाल पनि सख्त घाइते भएका थिए । उपचारपछि घरमै रहेका ढकाल अहिले पनि पूरै स्वस्थ बन्न सकेका छैनन् । जिउ दुख्ने, टाउको दुख्ने, बिर्सिनेलगायत समस्याबाट उनी पीडित छन् । अहिले ढकालमात्र होइन, उपचार सिध्याएका अधिकांश घाइतेहरू मानसिक समस्याले ग्रसित छन् ।

आन्दोलनका क्रममा घाइतेहरूको उपचारको सम्पूर्ण व्यवस्था संयुक्त जनआन्दोलन संयोजन समिति, झापाले मिलाएको थियो । उपचार त भयो, तर गम्भीर घाइतेहरूका लागि सरकारका तर्फबाट केही सहयोग उपलब्ध गराइएको छ । तसर्थ घाइते परिवारले सामाजिक, आर्थिक र मानसिक समस्या झेलिरहनु परेको छ ।

संयुक्त जनआन्दोलन संयोजन समिति, झापाका अध्यक्ष सुधीर शिवाकोटीका अनुसार जिल्ला घाइते उपचार कोषमा केन्द्रीय घाइते उपचार कोषबाट २ लाख, इलामवासीबाट ५० हजार, विराटनगरवासीबाट ५० हजार र स्थानीय बासिन्दाको सक्रियताबाट समेत गरी १६ लाख रुपैयाँ संकलन भएको छ । जनआन्दोलन संयोजन समितिबाट २ सय १८ जनाले उपचार गराएका छन् र उपचारका क्रममा ९ लाख खर्च भइसकेको जनाइएको छ ।

जनआन्दोलन-२ मा राजधानीबाहिर झापाको भूमिका अग्रणी थियो । चन्द्रगढीकाण्डपछि पूर्वक्षेत्रमा आन्दोलन ज्वारभाटा सशक्तरुपमा उठेको थियो ।

लोकतान्त्रिक आन्दोलनका घाइतेलाई उपचार व्यवस्थाबाहेक अहिलेसम्म केही राहत दिइएको छैन । अध्यक्ष शिवाकोटी भन्छन्, 'घाइतेहरूलाई सहयोग जरुरी छ, तर सरकारले अहिलेसम्म केही सहयोग गरेको छैन ।'

जनआन्दोलन-२ पछि गठित सरकारले जनचाहनाअनुसार काम गर्न नसकेको घाइतेहरूको ठम्याइ छ । जनआन्दोलनको भावनालाई कुल्चँदै अघि बढ्न खोज्ने सरकारको रवैया मन नपरेको उनीहरूको दुखेसो छ, 'सडकमा लोकतान्त्रिक गणतन्त्रको नारा त्यत्तिकै लागेको थिएन, अहिले नेताहरूको कार्यशैली देख्दा दिक्क लागेर आउँछ ।' मुलुकमा दिगो शान्ति, माओवादी समस्या समाधान र शाही निरंकुशताबाट मुक्तिको लागि जनआन्दोलन चर्केको थियो । रेग्मी भन्छन्, 'लोकतान्त्रिक गणतन्त्रको ललिपप देखाएर मान्छे तताउने काम भए । यो दुःखलाग्दो कुरा हो । आठ दल त्यो दिशामा अघि बढ्नुपर्छ ।'

सरकारले जनआन्दोलनका घाइतेको अवस्थाअनुसार वर्गीकरण गरेर सहयोग दिने जनाएको छ । अध्यक्ष शिवाकोटी जिल्लाका सबै घाइतेहरूको नामावली सूचीकृत गरेर पठाइ सकिएको बताउँछन् । सरकारले घाइतेलाई क, ख, ग र घ गरी चार समूहमा वर्गीकरण गरेको छ, जसअनुसार क श्रेणीलाई साढे नौ लाख, ख श्रेणीलाई साढे चार लाख, ग श्रेणीलाई ५० हजारदेखि २ लाखसम्म र घ श्रेणीलाई १५ हजारदेखि २५ हजारसम्म दिने निर्णय गरेको छ । सरकारले घाइतेलाई सहयोग उपलब्ध गराउन सांसद कृष्णकिशोर घिमिरेको अध्यक्षतामा एउटा समिति बनाएको छ । उक्त समितिले अहिलेसम्म २५ लाखजति वितरण गरिसकेको जनाइएको छ ।

घाइतेलाई रकम दिएर दायित्वबाट पन्छिन खोज्ने सरकारी नीतिको घाइतेहरूले विरोध जनाएका छन् । लोकतान्त्रिक सहिद परिवार तथा घाइते सहयोग समन्वय समितिका अध्यक्ष डा. केदारनरसिंह केसी घाइतेहरूको लागि सरकारले छुट्टै नीति ल्याउनु पर्ने बताउँछन् । उनी भन्छन्, 'सरकारले जनआन्दोलनका घाइतेको सर्वप्रथम परिचयपत्र व्यवस्था गर्नुपर्छ । त्यसपछि उच्चशिक्षा, उच्च प्राविधिक शिक्षा, स्वास्थ्य बिमालगायतमा उनीहरूलाई प्राथमिकता दिनुपर्छ ।'

२०४६ सालको आन्दोलनपछि गठित प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईको अन्तरिम सरकारले त्यसबेलाका घाइतेलाई पनि रकम वितरण गरेको थियो । त्यसबेला रकम दुरुपयोग भएको कुरा उठेको थियो । अहिले पनि घाइतेको नामावली निकै लामो तयार भएको जनाइएको छ । तसर्थ सरकारी समितिले वास्तविकता पत्ता लगाएर घाइतेलाई सहयोग प्रदान गर्नुका साथै घाइतेहरूको लागि छुट्टै नीति तय गरेर उनीहरूलाई दीर्घकालीन राहत दिन विलम्ब गर्नु हुँदैन । ■



# 'पैसा दिएर पन्छाउन मिल्दैन'

■ **शेखर सेढाई**
**संयोजक, जनआन्दोलन घाइते संघर्ष समिति, झापा**

जनआन्दोलन-२ मा सक्रिय योगदान पुऱ्याउने झापाका घाइतेहरू संगठित भएका छन्, लोकतन्त्र प्राप्तिका लागि लडेका उनीहरू अहिले घाइतेको अधिकार सुनिश्चित गर्न सरकारलाई आग्रह गरिरहेका छन् । आफ्ना माग सरकारसमक्ष पुऱ्याउन दबाब दिने उद्देश्यले जनआन्दोलन घाइते संघर्ष समिति समेत बनाएका छन् । जनआन्दोलन-२ का क्रममा हातखुट्टा भाँचिएर घाइते भएका पत्रकार शेखर सेढाई समितिको संयोजकको भूमिका पाएका छन् । रेडियो नेपालको स्थानीय संवाददाता रहेका सेढाईलाई शाही शासनकालमा हटाइएको थियो ।

संयोजक सेढाई सरकारलाई दबाब दिने उद्देश्यले गत असार अन्तिम सातामा घाइतेहरूको भेला गरी संघर्ष समिति बनाएको बताउँछन् । अहिलेसम्म झापाका कुनै पनि घाइतेले सरकारबाट सहयोग राशि नपाएको जनाउँदै घाइतेहरूलाई पैसा दिएर सरकारले पन्छाउन नमिल्ने सेढाई बताउँछन् । आन्दोलनका अधिकांश घाइतेको आर्थिक अवस्था नाजुक भएकाले राहत प्याकेज र अन्य अधिकारका पक्षलाई एकसाथ लगिनुपर्ने आवश्यकता औंल्याउँछन्, सेढाई ।

उनी भन्छन्, 'सरकारले पछिसम्मको लागि जीविकोपार्जनको सुनिश्चितता गर्नुपर्छ, हामीले खाली पैसामात्र मागेका होइनौं ।' सरकारले सबभन्दा पहिले घाइतेहरूलाई सूचीकृत गरी परिचयपत्रको व्यवस्था गर्नुपर्ने समितिको माग छ । त्यसैगरी राज्यले यातायात, शिक्षा, स्वास्थ्य, रोजगारलगायत विभिन्न क्षेत्रमा घाइतेलाई सहुलियत उपलब्ध गराउनुपर्ने समितिको मागमा उल्लेख छ । ■


## मकालु यातायातको बस सेवा

**कलङ्कीबाट छुट्ने : मुख्य कार्यालय, फोन नं. ४२७७५५२, ४२८१९७२, ४२८७३०६**

### काठमाडौंबाट जाने

| | | | |
|---|---|---|---|
| काकडभिट्टा | बिहान ५.०० बजे | पोखरा | बिहान ७.३० बजे |
| भद्रपुर | बिहान ५.१० बजे | वीरगञ्ज रात्रि | बेलुकी ८.१५ बजे |
| मधुमल्ला | बिहान ५.२० बजे | कलैया | बिहान १०.१५ बजे |
| धरान | बिहान ६.०५ बजे | भरतपुर | बिहान ११.४५ र दिउँसो १२.१५ बजे |
| विराटनगर | बिहान ५.४५ बजे र ६ ४५ बजे | शिवनगर | दिउँसो १२.३० बजे |
| राजविराज | बिहान ६.०० बजे | टाँडी पर्सा | दिउँसो १.०० बजे |
| सिरहा/माडर | बिहान ६.१५ बजे | टाँडी-खोलेसिमल | दिउँसो १.४५ बजे |
| मलङ्वा | बिहान ६.३५ बजे | पर्सा-कपिया | दिउँसो २.२० बजे |
| जनकपुर | बिहान ७.२० बजे | पर्साढाप-मेघौली | दिउँसो ४.४५ बजे |
| गौर | बिहान ६.५५ बजे | गीतानगर-जगतपुर | दिउँसो ४.१५ बजे |
| वीरगञ्ज | बिहान ७.०५, १०.१५ र ११.०० बजे | वरथवा | बिहान ७.४० बजे |

### काठमाडौंमा टिकट पाइने स्थानहरू

| कलङ्की | सुन्धारा | गौशाला | लगनखेल |
|---|---|---|---|
| २७३९१२/२८१७०४ | २५३१४२ | ४९३७५७/४९७१३७ | ५५२१६६६ |

### काठमाडौंतर्फ आउने

| | | | |
|---|---|---|---|
| काकडभिट्टाबाट | बिहान ५.०० बजे | वीरगञ्जबाट | बेलुका ८.३० बजे |
| भद्रपुरबाट | बिहान ४.५० बजे | कलैयाबाट | बिहान ८.०० बजे |
| मधुमल्लाबाट | बिहान ४.५० बजे | भरतपुरबाट | बिहान ५.३० बजे |
| धरानबाट | बिहान ४.२० बजे | पर्साबाट | बिहान ५.४५ बजे |
| इटहरीबाट | बिहान ५.००, ५.२०, ६.३० र ७.०० बजे | खोलेसिमलबाट | बिहान १०.३० बजे |
| विराटनगरबाट | बिहान ४.३० बजे | पर्सा-कपियाबाट | बिहान ६.३० बजे |
| राजविराजबाट | बिहान ५.३० बजे | मेघौलीबाट | बिहान ८.४५ बजे |
| सिरहा/माडरबाट | बिहान ५.१५ बजे | जगतपुरबाट | बिहान ८.१५ बजे |
| लहानबाट | बिहान ६.१५, ७.००, ७.१५ र ९.०० बजे | वीरगन्ज रात्रि | बिहान ६.४५ बजे |
| मलङ्वाबाट | बिहान ५.१५ बजे | नारायणगढबाट | बिहान ६.१५, ६.४५, ७.००, ७.४०, ८.००, ८.१५, ८.४५ र दिउँसो ३.०० बजे |
| जनकपुरबाट | बिहान ८.१५ बजे | | |
| गौरबाट | बिहान ५.३० बजे | पार्वतीपुरबाट | दिउँसो १२.०० बजे |
| वीरगञ्जबाट | बिहान ९.००, ११.०० र ११.३० बजे | | |

अन्य स्थानहरू : काँकडभिट्टा र भद्रपुरमा मेची संघको काउन्टर, धरानमा बसपार्क (०२५)२०३७२, विराटनगरबाट बसपार्क नजिकै (०२१) ३०७२७, इटहरीमा पश्चिमचोक, राजविराजमा (०३१) २००९, लाहानमा (०३३) ६०३६६, सिराहामा (०३३) २०२३३, सिराहा/माडरमा (०३३) २०१३१, जनकपुरमा भानुचोक र रामानन्द चोक, मलङ्वामा (०४६) २००४२, वीरगन्जमा (०५१) २१५२६, हेटौडामा भानुचोकमा (०५७) २०५३५, नारायणगढमा पुल्चोक बसपार्क (०५६) २४२०८ ।

*यात्रुहरूको सुविधाका लागि गौशाला र सुन्धाराबाट निःशुल्क मिनिबस सेवा उपलब्ध गराइएको छ ।*



तेजबहादुर बस्नेत

# प्रभुको लीला

**भूमिसुधारमन्त्री प्रभुनारायण चौधरीको क्रियाकलापका कारण साना वाम पार्टीहरूको गठबन्धनमा खैलाबैलाको स्थिति आएको छ ।**

■ किरण भण्डारी/काठमाडौं

**जीवनको ६ दशक** कम्युनिष्ट राजनीतिमा लगानी गरेका नेपाल कम्युनिष्ट पार्टी (संयुक्त मार्क्सवादी)का महासचिव विष्णुबहादुर मानन्धरले साधारण सदस्य बाहेक सबै पदबाट असोज अन्तिम साता राजीनामा दिएका छन् । आफ्नै पार्टीका अध्यक्ष एवं भूमिसुधारमन्त्री प्रभुनारायण चौधरीको क्रियाकलापले उब्जाएको असन्तुष्टि स्वरुप आएको मानन्धरको राजीनामाले पार्टीमा कम्पन नै ल्याएको छ ।

सत्ता साझेदारीपश्चात् पार्टी र सरकारको क्रियाकलाप नैतिक रुपले आफूलाई मान्य नभएको भन्दै मानन्धरले राजीनामा दिएपछि पार्टी कार्यकर्ताको दबाबमा चौधरी पनि अध्यक्ष पद त्याग्न बाध्य भएका छन् । संयुक्तको अध्यक्षमा अर्का पुराना कम्युनिष्ट नेता चन्द्रदेव जोशी चुनिएका छन् भने महासचिवमा लोकनारायण सुवेदी आएका छन् ।

'सत्तामा सामेल भएपछि पार्टीमा विगतमा नदेखिएका विकृतिहरू देखिन थाले । त्यसमा सुधार ल्याउन गठन गरिएको मूल्यांकन र अनुगमन समितिले पनि सत्ताको बलले काम गर्न नसक्ने भयो', मानन्धर भन्छन्, 'त्यसपछि मैले पार्टीका महासचिव लगायत पदहरूमा बस्न उपयुक्त नदेखेर राजीनामा दिएको हुँ ।'

लामो समयदेखि चाहेर-नचाहेर पार्टीको महत्त्वपूर्ण पदमा रहेकाले परिस्थिति अनुकूल हुनेबित्तिकै पदत्याग गर्ने मानसिकतामा पहिलेदेखि नै रहेको बताउने मानन्धर यतिबेलै बाहिरिनुमा भने सरकार र मन्त्रीको क्रियाकलाप निर्णायक कारण भएको बताउँछन् । 'राजनीतिमा सबै कुरा जोडिएर आउँछन्', उनी भन्छन्, 'सरकारका कमजोरी र मन्त्रीका क्रियाकलापसँग मेरो बहिर्गमनलाई अलग्याएर हेर्न मिल्दैन ।' मानन्धरको राजीानामाले जन्माएको प्रतिक्रिया र पार्टी कार्यकर्ताले थुनछेकदेखि घेराउसम्म गरेर दबाब दिएपछि चौधरीले पार्टी अध्यक्ष पद त्यागेका छन् ।

कम्युनिष्ट पार्टी र नेतामा देखिएको विकृति र सत्ता दुरुपयोगप्रति असन्तुष्ट मानन्धरले पार्टीबाट राजीनामा दिएपछि अध्यक्ष पदबाट मुक्त भएका चौधरीको मन्त्री पद समेत अब धरापमा परेको छ । संयुक्त वाममोर्चाको प्रतिनिधिका रुपमा मन्त्री भएका चौधरीको क्रियाकलाप र गठबन्धन नेतृत्वको कारबाहीको तयारीले मन्त्रीबाट मुक्त हुने निश्चितप्रायः भएको छ । वाममोर्चाको अध्यक्षबाट



समेत हटेपछि पदच्युतको सम्भावना झनै प्रबल भएको छ ।

माले, नेकपा संयुक्त मार्क्सवादी र नेकपा मालेमा केन्द्रबीच कार्यगत एकता भई गठित वाममोर्चाको नेतृत्व कात्तिक २६ गतेदेखि चौधरीबाट माले महासचिव सिपी मैनालीमा सरेको छ । ६-६ महिनामा अध्यक्ष फेरिने विधानलाई लत्याएर अध्यक्ष पदमा कब्जा गर्न खोजेका चौधरीको विफलताले नै गठबन्धनले उनलाई अब मन्त्री रहिरहन नदिने निश्चित भएको छ ।

राजाविरोधी आन्दोलनका क्रममा गठन भएको मोर्चाको अध्यक्ष घटकहरूको वर्णानुक्रमअनुसार ६ महिनामा फेरिने व्यवस्था भए पनि चौधरीले दस दिनसम्म अध्यक्ष पद त्यागेका थिएनन् । असोज १६ गते पदावधि सकिनेमा वाममोर्चामा पार्टीहरूबाट खटिएका प्रतिनिधिहरूलाई विभिन्न तवरले प्रभावित गरेर अध्यक्ष कायम रहिरहन हतकण्डा अपनाए पनि चौधरीको त्यो प्रयास १० दिनमा नै तुहिएको थियो ।

वाममोर्चाका नवनियुक्त अध्यक्ष मैनालीले चौधरीको क्रियाकलाप राजनीतिक र आर्थिक रुपले विवादास्पद रहेकाले वाममोर्चा सरकारमा आफ्नो प्रतिनिधि केही साताभित्रै फेर्ने गृहकार्यमा जुटेको जानकारी दिएका छन् । 'वाममोर्चाका र यसका घटकहरू चौधरीको क्रियाकलापका कारण उनलाई जतिसक्दो चाँडो मन्त्रीबाट फिर्ता बोलाउनुपर्छ भन्ने निचोडमा पुगिसकेका छन्', मैनालीले भने, 'प्राविधिक हिसाबले पनि उनी कात्तिक १८ भन्दा पछिसम्म मन्त्री पदमा रहनेछैनन् ।'

मन्त्रीका हैसियतले चौधरीको क्रियाकलापप्रति आपत्ति जनाउँदै माले, संयुक्त वाममोर्चा र मालेमा केन्द्रले पदच्युत गर्नुपर्ने निर्णय यसअघि नै गरिसकेका छन् । 'मन्त्रीका हिसाबले चौधरीको आर्थिक पक्ष कतिसम्म आलोच्य छ भन्ने प्रमाण उनकै पार्टीले छानबिन आयोग बनाउनुले नै स्पष्ट पार्छ', मैनाली भन्छन्, 'वाममोर्चाले पनि उनका क्रियाकलापबारे आयोग बनाएर अनुसन्धान गर्ने मुद्दालाई प्राथमिकतामा राखेको छ ।'

चौधरी भ्रष्टाचारमा सम्मिलित भएको र भू-माफिया तथा घुस्याहा कर्मचारीलाई संरक्षण दिएको आरोप लगाउँदै नेकपा संयुक्त मार्क्सवादी र मालेमा केन्द्रले उनी मन्त्री भएको केही महिनामा नै सरकारमा फिर्ता बोलाउनुपर्ने धारणा सार्वजनिक गरेर छानबिन समिति समेत गठन गरेको थियो । यद्यपि, चौधरी नै पार्टी र गठबन्धनको अध्यक्ष रहेकाले निर्णय कार्यान्वयन हुन सकेन ।

वाममोर्चाका प्रतिनिधि बनेर सरकारमा सम्मिलित बनेका मन्त्रीको क्रियाकलापबारे वाम नेता मानन्धर भन्छन्, 'पत्रपत्रिकामा भूमिसुधार मन्त्रालयको क्रियाकलापबारे जति लेखियो त्यति अरू मन्त्रालयबारे नलेखिनु र पार्टीले नै छानबिन गर्नुपर्ने अवस्था आउनुले कस्तो काम भएछ भन्ने आफैं अनुमान लाउन सकिन्छ ।'

आर्थिक विषय मात्र होइन, पार्टी र गठबन्धनको निर्णय कार्यान्वयन गराउनेतर्फ समेत उनले चासो देखाउने नगरेको आरोप छ । मन्त्री भएलगत्तै राजनीतिक रूपले प्रतिगामी र आर्थिक हिसाबले भ्रष्ट कर्मचारी वासुदेव रायलाई पिए नियुक्त गर्दादेखि सुरु भएको विवाद विभिन्न प्रशासनिक निर्णयका क्रममा चर्कँदै गयो । 'पिएमार्फत आर्थिक लेनदेनको सञ्जाल निर्माण गरेको र मन्त्रालय वा अन्तर्गत सरुवा नियुक्तिमा इमानदारमाथि दागा धर्ने र भ्रष्टाचारको डाम लागेकाहरूलाई पुरस्कृत गर्ने गरेको गुनासो व्यापक मात्रामा आयो', मैनाली भन्छन्, 'ती आरोपलाई प्रमाणित गर्ने दर्जनौं उदाहरण हामीसँग छन् ।'

माघ १९ को राजाको कदमपछिका गृहमन्त्रीका पिए बनेका रायलाई नै जनआन्दोलनको सफलतापश्चात् गठित लोकतान्त्रिक सरकारका मन्त्री चौधरीले निजी सहायक मात्र हैन, मन्त्रालयको हर्ताकर्ता बनाएका छन् । चौतर्फी विरोध भए पनि उनले रायलाई थप शक्तिशाली बनाउँदै लगिरहेका छन् ।

रायको रोजाइबाट रोपिएको मन्त्रीविरुद्ध पार्टी र वाममोर्चाको विवाद चर्केर चुलीमा पुग्नुको पछिल्लो कारण भने गुठी संस्थानको अध्यक्ष र प्रशासक नियुक्ति भएको छ । गुठी संस्थान अध्यक्षमा मालेमा निकट विष्णुदास स्याउला र प्रशासकमा संयुक्त मार्क्सवादीकै कल्पना लामालाई नियुक्त गर्न वाममोर्चा र पार्टीले गरेको सिफारिसलाई लत्याएर चौधरीले भ्रष्ट छविका सेमन्त चापागाईलाई नियुक्त गरेका छन् ।

चापागाई जिल्लावासी डा. गंगाधर लम्साल भूमिसुधारमन्त्री हुँदा सात वर्षअघि पनि गुठी प्रशासकमा नियुक्त भएका थिए । त्यति बेला उनको क्रियाकलाप आर्थिक रूपले अत्यधिक विवादास्पद बनेको सम्बन्धित क्षेत्रकाले अहिले पनि स्मरण गर्छन् । प्रशासकमा नियुक्त हुनुअघि मालपोत र गुठीमा लेखापढीको काम गर्ने हुँदा पनि चापागाई चारखाल क्षेत्रमा बढी परिचित छन् ।

जनआन्दोलनको अगुवाइ गरेको सात दलमध्येको घटक वाममोर्चाबाट वर्तमान सरकारमा मन्त्री भएका चौधरीको कार्यसम्पादन अपेक्षाभन्दा निकै कमजोर रहेको निष्कर्ष वाममोर्चाको मात्र हैन, प्रधानमन्त्रीको पनि रहेको बालुवाटार स्रोतको दाबी छ ।

कृषि मजदुरको उत्थान, भूमिसुधार, जग्गाको समान वितरण, भूमिहीन, सुकुमवासीको मुद्दा उछालेर झन्डै ५ दशक कम्युनिष्ट राजनीतिमा होमिएका चौधरी यिनै क्षेत्र हेर्ने मन्त्री बन्दा स्वभाविक रुपमा सकारात्मक परिवर्तन र सुधारको अपेक्षा गरिएको थियो । तर, अवसरवादी कर्मचारी र भू-माफियाको गोलोमा मिसिएर निहित स्वार्थ सिद्ध गर्न लिप्त वर्षौं खर्चेर कमाएको साख खरानी हुने सम्भावना बढिरहेको छ ।

मालपोत, भूमिसुधार र नापीको कमाउ अड्डामा सरुवा, नियुक्ति, पदस्थापन गर्दा अपनाइने स्थापित मान्यता-परम्परालाई तहस नहस गर्ने र सुशासनको पक्षमा काम गर्ने केही उच्च अधिकारीमाथि जाइलाग्ने काममा मात्र उनी तल्लीन रहे । तमाम क्रियाकलापबारे प्रतिक्रिया लिन पटक पटक कोसिस गर्दा पनि चौधरी सम्पर्कमा आउन चाहेनन् । उनको कर्तुतहरूका फेहरिस्त मोर्चा, पार्टी र कर्मचारीतन्त्रमा चर्चामा छ ।

नापी अधिकृतमा बढुवा भएका कर्मचारीको पहिलो पोस्टिङ नै सिनियरलाई मात्र खटाउने गरिएको नापी शाखा डिल्लीबजारमा गरेर सबैलाई चकित तुल्याएको, अवधि नपुगेका र बदनाम कर्मचारीसँग साँठगाँठ गरी काठमाडौंका डिल्लीबजार, कलंकी, चावहिल जस्ता मालपोत कार्यालयमा ल्याएको, जिल्ला खटाउनुपर्नेलाई उपत्यकाकै कार्यालयमा सरुवा गरेको लगायतका आरोप उनीमाथि छ । पर्सा जिल्लाको प्रमुख जिल्ला अधिकारी रहँदा डेढ वर्षअघि आर्थिक र चरित्रगत विवादमा फसेर कारबाहीमा परेका सहसचिव धरणिधर खतिवडालाई मालपोत महानिर्देशक जस्तो महत्त्वपूर्ण ओहदामा ल्याएर मन्त्री चौधरी झनै विवादमा मुछिएका छन् ।

प्राविधिक सहसचिव बाबुराम आचार्य, प्रशासनका सहसचिव नेत्रबहादुर कार्की, कमैया शाखाका प्रमुख मानकुमार श्रेष्ठ जस्ता मन्त्रालयका औंलामा गन्न सकिने इमानदार र सक्षम कर्मचारीलाई डाँडो कटाएकाले उनी झनै आलोच्य बनेका छन् । सर्वहारा वर्गको नाममा कम्युनिष्ट आन्दोलनको लामो र कष्टकर यात्रा तय गरेका चौधरी सत्ता दुरुपयोग दलदलबाट उम्किएर सच्चिने मौकाबाट अझै पूर्णरूपमा वञ्चित भने भइसकेका छैनन् । ■





तेजबहादुर बस्नेत

# प्रभुनारायणलाई मात्र म दोष दिन्नँ

■ विष्णुबहादुर मानन्धर
पूर्व महासचिव नेकपा (संयुक्त मार्क्सवादी)

**प्रजापरिषद्‌बाट राजनीति सुरु गरेर २००९ सालदेखि कम्युनिष्ट पार्टीमा निरन्तर रहेका २००७ सालअघिका स्नातक विष्णुबहादुर मानन्धरको सक्रिय राजनीतिक जीवन गत सातादेखि समाप्त भएको छ, नेपाल कम्युनिष्ट पार्टी (संयुक्त मार्क्सवादी)को महासचिवबाट राजीनामा दिएपछि। त्यो पार्टीको सदस्य मात्र रहने तथा राजनीतिक अध्ययन र चिन्तनमा बाँकी जीवन लगाउने निर्णय गरेका छन्, ७७ वर्षीय पुराना कम्युनिष्ट नेता मानन्धरले। सादा जीवन र स्वच्छ चरित्रमा नाम कमाएका मानन्धरले पूर्व प्रधानमन्त्री तथा एमाले अध्यक्ष मनमोहन अधिकारीको निधनपछि एमालेबाट आएको पार्टी अध्यक्ष पदको प्रस्ताव अस्वीकार गरेर त्यसबेला धेरैलाई आश्चर्यमा पारेका थिए। पार्टीका अध्यक्ष तथा भूमिसुधारमन्त्री प्रभुनारायण चौधरीका गतिविधिसँग असन्तुष्ट भएर पार्टी महासचिव तथा सक्रिय राजनीति त्याग्ने निर्णयमा पुगेका मानन्धरले *समय*का सुवास देवकोटासँगको वार्तामा भने पार्टीको प्रमुख पद त्याग्ने आफ्नो निर्णयमा मन्त्री चौधरीको गतिविधि तत्कालीन कारण मात्र भएको बताए। प्रस्तुत छ, वार्ताको सारसंक्षेप**

**आफैंले जन्माएको, हुर्काएको र लामो समय महासचिव रहेको पार्टीबाट किन राजीनामा दिनुभयो ?**

लामो समय एकै व्यक्ति महासचिव जस्तो महत्त्वपूर्ण पदमा बस्नु हुँदैन भन्ने मेरो मान्यता हो। तर, मेरो विवेकले स्वीकार नगरेको काम मैले गरेँ र लामो समय महासचिव रहेँ। कहिले डा. केशरजंग रायमाझीसँगको विवादका कारण, कहिले तीन पार्टीबीच एकताका कारण त कहिले दुई पार्टीको एकताका कारण म कम्युनिष्ट पार्टीको सबैभन्दा शक्तिशाली महासचिव नै रहिरहेँ। लामो समयदेखि महासचिव पदबाट हटौं भन्ने लागिरहेको थियो, तर अनुकूल वातावरण बनिरहेको थिएन। यसैबीच हाम्रो पार्टीमा असहज स्थिति देखापर्‍यो। राजनीतिक र नैतिकरुपमा आफूलाई मान्य हुन नसक्ने असहज स्थिति पार्टीमा आएपछि तथा सत्तामा पार्टी सहभागिताका कारण विकृति देखापरेपछि मैले राजीनामा दिने निर्णय गरेको हुँ।

**यो त असहज स्थितिसँग भागेको भएन र ?**




पार्टी नै त्यागेको भए त्यसो भन्न मिल्थ्यो। मैले पदहरू मात्र त्यागेको हुँ, पार्टी नै त्यागेको होइनँ। अहिले नेपालको समस्या पदप्रति विरक्ति होइन, कुनै पनि स्थितिमा पद नत्याग्नुचाहिँ हो। कम्युनिष्ट पार्टीमा मात्र होइन, अन्य पार्टीमा पनि नयाँ पुस्तालाई जिम्मेवारी नदिएर उनीहरूको विकासको सम्भावना समाप्त पारिएको छ, जुन नेपाली राजनीतिक क्षेत्रको प्रमुख समस्या हो। अब मेरो अधिकांश समय राजनीतिक चिन्तनमा खर्च हुनेछ। पार्टी, कम्युनिष्ट आन्दोलन र लोकतान्त्रिक गणतान्त्रिक आन्दोलनलाई मेरो सहयोग निरन्तर रहनेछ।

**तपाईंको पद त्यागले तपाईंको पार्टीमा विकृतिविरुद्धको लडाइँ कमजोर हुँदैन र ?**

यसमा दुवै सम्भावना छ। मैले महासचिव नत्याग्दा मैले उठाएको विषयलाई महासचिवले अर्कै उद्देश्यका लागि उठाएको भनेर गलत प्रचार गर्ने सम्भावना रहन्थ्यो। पद त्यागेपछि मलाई त्यस्तो आरोप लगाउने सम्भावना रहेन। अब पार्टीले मैले उठाएको विषयलाई निष्पक्षरुपमा केलाउन सक्नेछ। त्यसैले महासचिवबाट मैले राजीनामा दिनाले विकृतिविरुद्धको लडाइँ कमजोर नै हुन्छ भन्ने छैन, बलियो पनि हुनसक्छ।

**तपाईंले गलत उद्देश्यले विवाद निकाल्नुभएको कुरा पार्टीमा प्रकटरुपमै आयो र ?**

हो आयो, पार्टीमा मैले त्यस्तो वातावरण देखें। त्यसैले म महासचिव र पदहरूमा रहिरहनु पार्टी सुधारका निम्ति बाधक बन्ने स्थिति देखेको हुँ। म अहिले कसले त्यस्तो प्रयास गरे भनेर भन्न चाहन्नँ। पार्टीबाट मन्त्री बनेका प्रभुनारायण चौधरीबारे पनि म अहिले केही भन्नु उचित ठान्दिनँ। पार्टी र सरकारको सम्बन्धबारे छानबिन गर्न पार्टीले आयोग बनायो, त्यो आयोगले केही गरेन र त्यसबारे पार्टी केन्द्रीय समिति तथा पोलिटब्युरोले पनि केही गर्न आवश्यक ठानेन भने कसलाई दोष दिने ?

**मन्त्री प्रभुनारायण चौधरीलाई पार्टी अध्यक्षबाट राजीनामा दिन बाध्य पार्न तपाईंले राजीनामा दिनुभएको भनिन्छ नि ?**

मेरो राजीनामाबाट कसमाथि के प्रभाव पर्ने हो त्यो त म कसरी भन्न सक्छु र ? तर मेरो त्यो मनसाय थिएन र मैले चौधरीलाई दबाब दिन राजीनामा दिएको होइन। तैपनि, लामो इतिहास भएको मानिसले कुनै कदम उठाउँदा केही न केही असर त परिहाल्छ।

**तपाईंहरूको पार्टीमा देखिएको असहज स्थितिले पार्टी विखण्डन हुने वा तपाईंको नेतृत्वमा नयाँ पार्टी बन्ने सम्भावना छ ?**

मेरो राजीनामापश्चात् पार्टीमा असाधारण स्थिति देखापरेको छ, तर स्थिति कसरी अघि बढ्छ अहिले नै भन्न सकिन्नँ। पार्टीमा देखिएका विकृति हटे मलाई सन्तुष्टि हुने थियो। एउटा कुराचाहिँ के निश्चित छ भने म पार्टी फुटाएर नयाँ पार्टी खोल्दिनँ। मेरो दृढ प्रतिज्ञा छ, अब नयाँ पार्टी खोल्नु हुँदैन। यही पार्टी सप्रिए यसैलाई मेरो सहयोग रहनेछ, नसप्रिए मेरो सहयोग कम हुने मात्रै हो।

**नेपाली राजनीति तथा कम्युनिष्ट राजनीतिमा अब तपाईंको कस्तो भूमिका रहनेछ त ?**

नेपाली राजनीतिमा विडम्बना छ कि, कुन व्यक्तिप्रति के धारणा बनाउने भन्ने शक्तिका आधारमा तय गरिन्छ। त्यसकारण यो अवस्थामा मेरो भोलि के भूमिका हुने भन्ने कुरा आँकलन गर्नु त्यति सजिलो छैन, तर मलाई त्यसबारे चिन्ता पनि छैन।

**कुनै ठूलो पार्टीमा तपाईं जाने सम्भावना छ ?**

छैन, अर्को पार्टीमा जानु नै थियो भने म गइसक्थेँ। म एमाले र माओवादीभन्दा फरकपन सहित यो पार्टी हुर्कियोस् भन्ने चाहन्छु, तर कठिन छ भन्ने पनि मैले बुझेको छु।

**एमाले प्रवेशको सम्भावनाचाहिँ कति छ ?**

छैन, मैले पहिले नै भनेको थिएँ, एमालेको अध्यक्ष बन्नुभन्दा यो पार्टीको साधारण सदस्य रहनुमा म गौरव गर्छु। त्यसबेला मलाई एमालेको अध्यक्षका निम्ति प्रस्ताव पनि आएको थियो। एमालेमा जुन विकृति देखियो, त्यसैकारण मैले त्यसो भनेको हुँ। गलत पक्षसहितको माओवादी बढ्नुमा पनि एमालेको विकृति नै जिम्मेवार छ। एमाले ठिक भएको भए माओवादीलाई हामी नै ठिक कम्युनिष्ट पार्टी हौं भन्न गाह्रो हुन्थ्यो। जस्तो, पश्चिम बंगालमा मार्क्सवादी बलियो भएकाले नक्सलवादी आन्दोलन खत्तम भयो।

**अध्यक्ष बनेर एमालेलाई सुधार्न सकिन्न र ?**

त्यो महत्वाकांक्षा राख्न मिल्दैन। मनमोहन अधिकारीको दुर्दशा सबैले देखेकै हो। टंकप्रसाद आचार्यको स्मृतिमा भएको सभामा मनमोहनलाई इंगित गर्दै मैले भनेको थिएँ, कुनै ज्यूँदो नेताबाट प्रेरणा लिने स्थिति मैले देखेको छैन। उहाँले त्यसैबेला मञ्चबाटै भन्नुभयो, 'के गर्ने मैले भनेको सुन्न कोही तयार छैनन्।' उहाँ नेपालको पहिलो कम्युनिष्ट प्रधानमन्त्री बन्नुभयो, तर पार्टीमा उहाँको त्यो स्थिति थियो भन्न मात्र मैले यो प्रसंग राखेको हुँ।

**कुनै महत्त्वपूर्ण जिम्मेवारी लिएर मुलुकका लागि केही गरौं भन्ने आकांक्षा तपाईंलाई छैन ?**

कुनै पनि लाभको पद नस्विकार्ने मेरो अठोट थियो, जुन पूरा हुने स्थिति बन्दै छ। म मन्त्री, सांसद वा अन्य कुनै लाभको पद लिन चाहन्नँ। २०४८ सालमा पनि प्रतिनिधिसभामा उठ्ने मेरो विचार थिएन, पार्टीका साथीहरूको दबाबका कारण मात्रै म उठेको हुँ। भारतीय कम्युनिष्ट पार्टीका केही नेताहरूबाट प्रभावित भएर मैले यो विचार बनाएको हुँ। मेरो विचारमा हरेक पार्टीमा केही मानिस लाभको पद नलिने खालका हुनुपर्छ भन्ने लाग्छ।

**सत्तामा जाँदा वा लाभको पद लिँदा विकृतिबाट जोगिन सकिन्न भन्ने डरका कारण यस्तो निष्कर्षमा पुग्नुभएको त होइन ?**

त्यस्तो डर कारण होइन। पद नै सबै होइन भन्ने धार विकास गर्नुपर्छ भनेर नै मैले यस्तो सोच बनाएको हुँ। पदमा गएपछि आफूलाई जोगाउन सक्दिनँ भन्ने मलाई लागेको छैन।

**अहिलेसम्म तपाईंले कुनै सरकारबाट कुनै प्रकारको लाभ लिनुभएको छैन ?**

अहँ छैन, एक पैसा लिएको छैन। प्रधानमन्त्रीले चियापानमा बोलाउँदा चियासम्म खाएँ होला, त्यसबाहेक सरकारबाट केही लिएको छैन। उपचारका लागि सरकारबाट रकम लिने कुराको पनि म विरोधी हुँ। मलाई नै त्यस्तो अवस्था आए, सके सम्पत्ति बेचेर उपचार गरौंला। नभए अरू आम मानिस जस्तै मरौंला भन्ने लागेको छ।

**पञ्चायती व्यवस्थाको अन्त्यपछि 'राजनीतिक पीडित'लाई बाँडिएको सहयोग पनि लिनुभएन त ?**

किन लिने ? त्यही रुपैयाँ लिन मैले राजनीति गरेको हुँ र ? मलाई त त्यो काम नै आपत्तिजनक लागेको थियो। अझ पाउनु पर्नेले नपाउनु र नपाउनुपर्नेले पाउनु त झनै गलत भयो। त्यसबेला हाम्रै पार्टीका साथीहरूबाट दबाब परेको थियो, भूमिगत र प्रवास बसेको सिफारिस बनाउन, तर मैले गरिनँ। हाम्रो पार्टीबाट मुलुकभरि जम्मा एकजनाले मात्र तीन हजार रुपैयाँ राहत लिएका छन्। ■


To major cities of the country. Daily.

Nepalgunj Bhairhawa
Pokhara Biratnagar Bhadrapur







For more information please contact
Yeti Airlines, Corporate Office, Tilganga, Kathmandu
For reservation 01 4464878
Sales and Marketing 01 4465888 Ext. 205

Yeti Airlines
www.yetiairlines.com
a great flying experience

# गम्भीर संकट

**ब्रिटिस गोर्खाहरूका** लागि बेलायत सरकारले घोषणा गरेका दुईवटा कार्यक्रम आइएलई र आइएलआरले एकातिर सन् १९९७ अघि र त्यसपछि अवकाशप्राप्त गोर्खाहरूबीच विवाद जन्माएको छ भने अर्कोतिर त्यसले तत्काल आँखा नलाग्ने गरी नेपालको अर्थतन्त्रमा दीर्घकालीन तर गम्भीर खालको संकट निम्त्याउन लागेको देखिन्छ।

सन् १९९७ पछि ब्रिटिस सेनाबाट अवकाशप्राप्त गोर्खाहरूका लागि बेलायत सरकारले त्यहाँ प्रवेश गर्न र बसोवास गरी नागरिकता समेत हासिल गर्न पाउने व्यवस्था गरेको छ। प्राप्त सूचनाअनुसार त्यस श्रेणीमा पर्ने गोर्खा र तिनका परिवारहरूको घुँइचो लाग्न थालेको छ, काठमाडौंस्थित बेलायती दूतावासमा भिसाका लागि। अहिलेसम्म पाँच सयभन्दा बढी व्यक्तिलाई भिसा उपलब्ध भइसकेको छ। उक्त श्रेणीमा भिसा आवेदनको अन्तिम म्याद अक्टोबर २५, २००६ तोकिएकाले अनुमानित थप एक हजार गोर्खा तथा उनका परिवार सदस्यहरूको पात्रता रहेको अनुमान छ।

उता सन् १९९७ पूर्व अवकाशप्राप्त गोर्खाहरू यो सुविधाबाट वञ्चित हुँदा उनीहरू बेलायत सरकारविरुद्ध मुद्दा हाल्ने तयारीमा पनि जुटेका छन्। यो श्रेणीमा पर्ने गोर्खा परिवारका लागि ब्रिटिस सरकारले अलग कानुन नबनाए पनि तजबिजी आधारमा बेलायत प्रवेश गर्ने र त्यहाँ बसोवास गर्न दिने नीति अवलम्बन गरेको छ, तर त्यसले सन् १९९७ पूर्व अवकाशप्राप्त गोर्खा सैनिकहरूलाई सन्तुष्ट गर्न सकेको छैन।



भिसाबाट वञ्चित भएका सन् १९९७ पूर्व अवकाशप्राप्त गोर्खाहरू बेलायती राजदूतावासअगाडि प्रदर्शन गर्दै।

तेजबहादुर बस्नेत

नेपाल सरकारले आधिकारिकरुपमा ब्रिटिस सेनाबाट अवकाशप्राप्त गोर्खाहरूबाट हासिल हुने वैदेशिक मुद्रा तथा आर्थिक गतिविधिमा त्यो लगानीबाट हुने असरको उचित लेखाजोखा नगरे पनि त्यसले मुलुकको अर्थतन्त्रमा पार्ने नकारात्मक असरबारे ऊ अनभिज्ञ छैन।

जमिन बिक्री वितरण, निजी यातायात, डिपार्टमेन्टल स्टोरको संस्थागत स्थापना र फैलाव र यता आएर शिक्षण तथा निर्माणसम्बन्धी ठेक्कापट्टामा ब्रिटिस गोर्खाहरूको लगानीले सिर्जना गरेको रोजगारीलाई पनि ब्रिटिस नीतिले प्रभावित पार्ने अड्कलबाजी अर्थविद्हरूको छ। त्यसका साथै मुलुकमा बर्सेनि भित्रिने 'पेन्सन'बाट पनि नेपाल अब वञ्चित रहनेछ। ■






भारतबाट घर फर्कने क्रममा दंग परेका नेपालीहरू कि त रक्सी बियरले टुन्न भएर लुटिन्छन् भने कि त नेपाली दाजुभाइ भेटिएको खुसी मनाउँदा लुटिन्छन् । यो क्रम दिनदिनै बढ्दै गएको छ र वर्षभरि कमाएको सम्पत्ति एकै क्षणको मोजमजाको क्रममा गुमाउँदै छन् ।

# आँसु झार्दै घरतिर

■ विश्वमणि पोखरेल, दीपक ज्ञवाली/गोरखपुर, भारत (तस्विरहरू : दीपक ज्ञवाली)



लुटिएका बाबुराम खड्का, जिल्ला प्रहरी कार्यालय रुपन्देहीमा

आमा रुँदै गाउँ बेसी मेलैमा
छोरो रुँदै गोरखपुर रेलैमा...

**घर व्यवहार** धान्न कलिलै उमेरमा विदेशिने छोरोको वेदनामा रुने पश्चिम नेपालका आमाहरूको आँसुलाई टपक्कै टिपेका थिए, लोककवि अलि मियाले र लोकबहादुर क्षेत्रीको स्वरमा घन्किएको यो गीतमार्फत । तर, यतिबेला ती कलिला 'लाहुरे' छोराहरू गोरखपुर रेल चढ्दा मात्रै आँसु झार्दैनन्, आफ्नै घर आइपुगे कि भन्ने झ-झल्को दिने गोरखपुर ओर्लिंदा पनि त्यसै गरी आँसु झार्न विवश छन्, वर्षभरि पसिनासँग साटेर कमाएको दुईचार हजार रुपैयाँ पनि लुटाउनु पर्दा । साहुको ऋण तिर्न खाई नखाई जोगाएको 'लाहुर'को कमाइ र परिवारमा खुसी भर्न हालिएका नाना-चाचा समेत लुटिएर नेपाल पुग्नै लागेको सीमामा बेखर्ची हुनु पर्दा उनीहरूको मुटु कति कुँडिएला, त्यो त व्यहोर्नेलाई मात्रै थाहा हुन्छ । असोज २९ गते नेपाल-भारतको गोरखपुर सुनौलीबीचमा लुटिएका बाबुराम खड्काले आफ्नो सबै पीर मनभित्रै लुकाएर *समय*सँग भन्दै थिए, 'केही चाहिँदैन मलाई, ज्यूँदै घर पुग्न पाए हुन्थ्यो ।' गुल्मी पीपलडाँडाका बाबुराम दिल्लीबाट घर फर्किंदै थिए, तिहारमा बहिनीका हातको टीका थाप्न र परिवारमा खुसी भर्न । तर, गोरखपुर काटेर सुनौली लागेको बसमा उनी कहाँनिर लुटिए, पत्तै भएन । एकैचोटि जिल्ला प्रहरी कार्यालय भैरहवामा पाएका थिए आफूलाई, होसमा आउँदा । बाबुराम भन्छन्, 'बसमा हिँडिरहेकै बेला मलाई लुटियो । होसमा आउँदा मसँग भएको भारतीय दस हजार रुपैयाँ थिएन ।'

छोरो आउने बाटो कुरेर बसेका बाबु, आमा, अपांग भाइ र प्यारी बहिनीलाई उपहार र पोल्टाभरि पैसा बोकेर आएका बाबुराम अर्धचेतन अवस्थामा नेपाल आउनु पर्‍यो । अनुहारभरि पीडा र यातना बोकेर उनी भन्दै थिए, 'जीउ भारी भै'राखेको छ, भोक छैन, तागत नभए जस्तो छ, डर लाग्छ ।'

अघिल्लो दिन एकाबिहानै भारतको सुनौली बजारका प्रहरी र स्थानीय बासिन्दाले सिमानाको बेल्हिया इलाका प्रहरी कार्यलयमा अर्धचेत खड्कालाई बुझाएका थिए । बेल्हिया इलाका प्रहरीले तत्काल उनलाई जिल्ला प्रहरी कार्यालय पठाइदिए । करिब ४८ घन्टापछि उनको होस प्रहरी कार्यालयमै खुल्यो र प्रहरीले जानकारी दिएपछि मात्र थाहा पाए, आफू लुटिएको ।

दिल्लीबाट सुनौली चल्ने रात्रि बसमा घर फर्कने क्रममा थिए, उनी । तर कहाँ आएपछि लुटिए, कसरी लुटिए उनलाई पत्तो छैन । उनी भन्छन्, 'गोरखपुरसम्म आएको थाहा छ, त्यसपछि मलाई केही थाहा छैन । सुनौली आउने बेलामा लुटिएको हुनसक्छ ।' बाबुरामले आफूसँग भएको १० हजार भारतीय रुपैयाँ लुटिएको बताए । उनी भन्छन्, 'पाइन्टको भित्री गोजीमा पैसा राखेको थिएँ, त्यो पैसा पनि छैन, पछाडिको खल्तीमा राखेको पर्स पनि छैन ।' गोरखपुरबाट नेपालतर्फ करिब १०० किलोमिटरको दूरीमा दिनदिनै जसो भारतका विभिन्न सहरमा काम गर्न जाने र घर फर्कने सोझासाझा नेपाली लुटिन्छन्, ठगिन्छन् । बाबुरामलाई विषालु पदार्थ ख्वाएर लठ्याएर

सिरिखुरी पारियो । तर, उनी जस्ता हजारौं नेपाली दिनदिने ठगिन्छन् ।

कसले लुट्यो बाबुरामलाई ? यो प्रश्नको सोझो उत्तर कतैबाट पाइँदैन । तर, स्थानीय बासिन्दा र भुक्तभोगीहरू गोरखपुरदेखि सुनौलीसम्मको राजमार्गमा नशालु पदार्थ ख्वाएर लुट्ने काममा भारतीय, नेपाली आपराधिक मानिसहरू, बसका कर्मचारी, रिक्सावाल र होटलवालाको संगठित गिरोह छ । उनीहरूको संरक्षणमा बर्दीधारी प्रहरी नै हुन्छन् । जानकारहरू प्रहरीले मासिक शुल्क बुझेर उनीहरूको संरक्षण गर्ने गर्छन् । अधिकांश लुटमा नेपालीभाषी देखिन्छन् । बाबुरामले पनि आफूसँगै दिल्लीबाट आएका पाल्पा घर बताउने नेपालीले लुटेको जानकारी दिए । भुक्तभोगीहरू नेपालीभाषा बोल्न जान्नेहरू प्रयोग हुने गरेको बताउँछन् । सुनौली नाकाको नेपाली बजारका एक व्यवसायी आपराधिक गिरोहलाई भारतीय प्रहरीले संरक्षण दिएको दाबी गर्छन् । असुरक्षाका कारण परिचय खुलाउन नचाहने ती व्यवसायीले भने, 'गोरखपुर रेल्वे स्टेसनदेखि सुनौली नाकासम्म लुट्ने गिरोहको जालो छ । त्यो जालोमा जो कोही पनि पर्न सक्छ ।'

बाबुराम भन्छन्, 'मसँगै दिल्लीबाट आएको थियो, पाल्पा घर बताउँथ्यो, बाटामा बिस्कुट खाएका थियौं ।' नेपाली सीमा बेल्हियामा व्यवसायीहरू लुटिएर अर्धचेतन अवस्थामा छोडिएको दृश्य सामान्य भइसकेको अनुभव सुनाउँछन् । गत जेठमा एकै दिन बिहान तीनजना नेपाली अर्धचेतन अवस्थामा नेपाली सीमा क्षेत्रमा लडिरहेका थिए । ती व्यवसायी भारतमा नशालु पदार्थ खुवाएर पैसा र सामान लुट्ने अनि बेहोस नेपालीलाई नेपाली सीमा कटाउने काममा भारतीय प्रहरी समेतले आँखा चिम्लिएको जानकारी दिन्छन् । उनी भन्छन्, 'भारतमा लुटेर जीउमात्र नेपालभित्र पठाउने काममा ट्याक्सीचालक र रिक्साचालकको समेत प्रयोग हुन्छ ।'

कति सोझासाझा नेपाली लुटिन्छन् ? यसको कुनै तथ्यांक छैन । नशालु पदार्थ ख्वाएर बेहोस बनाइएकाहरू प्रहरीको रिपोर्टमा आए पनि थुप्रै लुटका घटना प्रहरीको जानकारीमा आउँदैनन् । बेल्हिया सीमा प्रहरी कार्यालयमा एक अधिकारी भन्छन्, 'बेहोस भएर बेवारिस अवस्थामा ल्याइएकाहरू मात्र हाम्रो जानकारीमा आउँछन् ।' ती अधिकारीले दसैं अघिमात्र तीनजना नेपाली बेहोस अवस्थामा नेपाल भित्रिएको जानकारी दिए ।

नेपाली सीमा आइपुग्ने बेलामा नशालु पदार्थ ख्वाएर पैसा लुटिएको पैसा र सामान लुट्ने घातक आपराधिक प्रवृत्ति एकातिर छ भने अर्कोतर्फ बसवाला, रिक्सावाल, होटलवाला र रेलका टिटीले समेत सोझा नेपाली, देहाती भारतीयलाई ठग्ने कुरा सामान्य मान्दछन्, भुक्तभोगीहरू । असोज २८ गते सुनौलीबाट गोरखपुरको यात्राका क्रममा *समय* संवाददाता चढेको बसका अधिकांश यात्रु नेपाली देखिन्थे । तर, उनीहरू अनुहारमा भय व्याप्त छ । तोकिएकोभन्दा बढी भाडा लिने, पोकापतौराको नाममा भाडा असुल्ने काम सामान्य देखिन्छ । भारतीय सेनाका हवल्दार धनबहादुर थापा, नेपालको कावासोतीबाट आफ्नो जागिरमा दिल्ली फर्कने क्रममा आफ्ना झिटीगुन्टामाथि तिखा आँखा गाडेर बसेका भेटिन्छन् । थापा भन्छन्,

## नठगिने उपायहरू

- एक्लै नहिँड्ने
- यात्रा गर्नुअघि जानकार तर विश्वासिलो व्यक्तिसँग जानकारी लिने
- शरीरको पछाडि भागमा रुपैयाँ नराख्ने
- बाटाखर्च बेग्लै खल्तीमा राख्ने
- धेरै रकम ल्याउने भए ड्राफ्ट बनाउने र पैसा नेपालमा साट्ने
- गर-गहनाहरू लगाएर नहिँड्ने
- अपरिचितले दिएको कुनै कुरा नखाने, रक्सी बियर नखाने
- सकभर रातिको यात्रा नगर्ने
- राति फिल्म हेर्न नजाने
- सधैं शंकालु र सचेत भएर हिँड्ने
- सम्भव भएसम्म चिनेको विश्वासिलो ठाउँमा मात्र बस्ने



गोरखपुर नेपाली लजका मालिक भक्तबहादुर हिराचन

'हामी आर्मीका मानिसलाई त ठग्छन्, सामान्य मानिसको कुरै नगरौं ।' उनले रेल्वेका टिटीहरूले समेत नेपालीहरूबाट सामानको नाममा पैसा असुल्ने गरेको अनुभव सुनाए । थापा भन्छन्, 'हाम्रा दाजुभाइले हिन्दी भाषा जानेका हुँदैनन्, बोल्न सक्तैनन्, जनरलको टिकट काटेर भीडभाडमा चढ्छन्, त्यहाँ पटेकमारले पकेट मार्छन्, टिटीले सिट दिलाउने आश्वासन दिएर सक्दो लुट्छन् ।'

थापाले आफ्नै कमजोरीका कारण लुटिने ठगिने समस्या आइलाग्ने बताए । यकिन जानकारी नलिईकन यात्रा गर्दा लुटिने, ठगिने र यात्राका क्रमा खानपिन गर्ने, अपरिचित मानिसले नेपाली भाषामा बोलिचाली गर्नेबित्तिकै नजिकको ठान्ने कमजोरीको फाइदा लुटेराहरूले उठाउने थापाको अनुभव छ । मूलप्रवाह अखिल भारत नेपाली समाजका अध्यक्ष गिरिधारीलाल न्यौपाने लुटपाट गर्ने गिरोह नै कार्यरत रहेको बताउँछन् । न्यौपाने भन्छन्, 'सुनौलीको भारतीय प्रहरीले महिनैपिच्छे माथिल्लो निकायमा पैसा बुझाउने गर्छन्, त्यो पैसा उनीहरूले अपराधीबाटै संकलन गर्ने हो ।'

गोरखपुरको नेपाली लजका मालिक भक्तलाल हिराचन आफ्नो कमजोरीका कारण लुटिने, ठगिने अनुभव सुनाउँछन् । ३१ वर्षदेखि गोरखपुरमा होटल व्यवसाय गर्दै आएका हिराचनले होटलको सूचनापाटीमा लेखेका छन्, 'राति सिनेमा हेर्न नजानु होला ।' हिराचन स्पष्ट गर्छन्, 'राति सिनेमा हेर्न गएका थुप्रै दाजुभाइ लुटिएको-ठगिएको पाएपछि सूचना राखेको हुँ ।' उनको होटल राति १० बजेदेखि बन्द हुने गरेको छ । नेपालीहरूको समस्या र गुनासो सुन्दा सुन्दा पाका भएका हिराचन लुटपाट गर्ने काममा भारतीय, नेपाली अपराधी मिलेको र दुवै देशका प्रहरीहरूबाट संरक्षण भएको बताउँछन् । उनी दाबा गर्छन्, 'प्रहरीले चाहने हो भने लुटपाट र ठगी गर्ने काम नियन्त्रण हुन बेर लाग्दैन ।'

नेपालीहरू ठाँटिएर यात्रा गर्ने, यात्रामा मादक पदार्थ सेवन गर्ने काम छोड्न सुझाव दिन्छन् । उनको अनुभव छ, 'एक दशक अघिसम्म लाहुरेहरू बढी लुटिन्थे, त्यो क्रम कम भएको छ । तर सानातिना काममा मजदुरी गर्न गएकाहरू बढी पीडित बनेका छन् ।'

दिल्ली जाने यात्रुलाई इलाहाबादको बसमा जबरजस्ती हालेर हैराने पार्ने, महिलाहरूमाथि दुर्व्यवहार गरेर पुरुषहरूलाई उत्तेजित बनाउने, कुटपिट र लुटपाट गर्ने शैली अपराधीहरूले अपनाउने गरेको न्यौपाने दाबी गर्छन् । न्यौपाने भन्छन्, 'रेल्वेका सुरक्षाकर्मी बर्दीमै लुटपाट गर्छन् भने रेल्वेका टिटीले टिकटमा उल्लेख भएअनुसारको नाम, उमेरका प्रमाण देखाउनुपर्ने बहानामा पैसा असुल्छन् ।'

सुनौली भारतमा रोजगारीका लागि आवत जावत गर्ने सबैभन्दा व्यस्त नाका हो । पश्चिम नेपालमा पाल्पा, गुल्मी, अर्घाखाँची, पर्वत, स्याङ्जा, कास्की, म्याग्दी, लमजुङ, गोरखा, तनहुँ, रुपन्देही लगायतका जिल्लाका हजारौं नेपाली यही नाका भएर भारतका विभिन्न सहरमा जाने गरेका छन् । कति नेपाली आवत जावत गर्छन् भन्ने यकिन तथ्यांक कसैसँग छैन । न्यौपानेले भारतका विभिन्न सहरमा ६० लाख नेपाली कार्यरत रहेको जानकारी दिए ।

रुपन्देही जिल्ला प्रहरी कार्यालयका एसपी जगत विष्ट भारतीय सुरक्षा अधिकारीसँग लुटपाटका घटनाका बारेमा पटक पटक कुराकानी भएको बताउँदै केही वर्षदेखि घटनामा कमी आएको दाबी पनि गर्छन् । विष्टले दसैंअघि गैरसरकारी संस्था परिचालन गरेर नेपाल-भारत दुवैतर्फ अभियान संचालन गरेको बताए ।

मजदुरी गरेर जोहो गरेको पैसा लुट्ने सोझा, नेपालीहरूमा विषालु पदार्थ खुवाएर लुट्ने र ठग्ने आपराधिक काममा प्रहरीले आँखा चिम्लिएको आम गुनासो छ । भारतमा मात्र होइन, नेपालमा प्रवेश गरिसकेपछि पनि नेपालीहरू निर्धक्क बन्न सक्ने अवस्था छैन । दुवै देशका भन्सार नाकाका प्रहरी कार्यालयहरूले माथिल्ला निकायमा मासिक दस्तुर बुझाउनु पर्ने परम्पराका कारण सीमा क्षेत्रमा हुने अपराधीकरणले मलजल पाएको देखिन्छ । सरकारी निकाय आफैं आपराधिक प्रवृत्तिलाई उत्प्रेरित गर्ने काममा लागुन्जेल सोझा नेपाली ठगिने-लुटिने काम नियन्त्रण हुन सम्भव छैन । ■

■ **मनीष गौतम/काठमाडौं**
तस्वीरहरू : तेजबहादुर बस्नेत

# तानातानको स्थिति

**विकाससँग फोहर साट्ने स्थानीय बासिन्दाको सपना राजनीतिक तानातानीका कारण चकनाचुर भएको छ भने फोहर व्यवस्थापनमा दीर्घकालीन सोचको अभावको सजाय भोग्दै छन्, राजधानीका जनता ।**

**काठमाडौंमा थुप्रिएको** फोहर ओखरपौवाको सिसडोल ल्यान्डसाइटमा फाल्ने सहमति भएअनुरुप समस्या तत्कालका लागि टरे पनि फोहरको पूर्णकालीन व्यवस्था भने हुन सक्ने छाँट छैन । स्थानीय बासिन्दाले ल्यान्डफिल साइट क्षेत्र वरपरका गाविसको विकास निर्माण लगायतका अन्य सहमति दुई साताभित्र पूरा नभए फेरि पनि फोहर फाल्न नदिने चेतावनी दिएका छन् । विगत ३ महिनादेखि सरकारले उक्त ल्यान्डफिलमा फोहर थुपार्न पाएको थिएन ।


सिसडोल ल्यान्डफिल साइटमा फोहर थुपार्न थालेपछि त्यहीको फेदीबाट बग्ने कोल्पुखोलाको पानी प्रदुषित हुन जाँदा यसबाट वातावरणीय तथा स्वास्थ्य समस्या उत्पन्न भएको स्थानीय बासिन्दाको गुनासो छ । त्यसैगरी उचित व्यवस्थापन नगरेर खुला र अलपत्र फ्याँकिएको फोहरको असर चौपायामा पनि देखा परेको स्थानीय बासिन्दा बताउँछन् । 'फोहरको दुर्गन्ध घरसम्मै आइपुगेर बसिनसक्नु हुन्छ । दिनरात खान मन पनि लाग्दैन', छत्रे देउरालीकी लक्ष्मी श्रेष्ठ भन्छिन्, 'फोहरका कारण बालबच्चाहरू पनि धेरै विरामी भएका छन् ।'

काठमाडौं सहरको फोहरलाई भित्र्याएर गाउँको विकास हुने सपना साचेका स्थानीय बासिन्दाले सम्झौताअनुरुपको विकास निर्माण नहुने भएपछि फोहर फाल्न अवरोध खडा गर्दै आएका छन् । 'हामीलाई फोहर लिएर गाउँको विकास खोजेका हौं', स्थानीय शिक्षक श्रीप्रसाद घिमिरे भन्छन्, 'तर फोहर व्यवस्थापन गरी कम्पोस्ट मल बनाउने, बाटो निर्माण तथा स्वास्थ्य सेवा उपलब्ध गराउने कुरामा आँखा चिम्लिएपछि हामी पनि फोहरको दुर्गन्ध सुँघेर कति मात्रै बस्ने ?'

सरकारले उक्त क्षेत्रमा ३० शय्याको अस्पताल बनाइदिने, मोटरबाटो बनाउने, रोजगारीमा स्थानीय व्यक्तिलाई प्राथमिकता दिने र त्यहाँका आठवटा गाविसलाई नगरोन्मुख सुविधा प्रदान गरी १० वर्षभित्र नगरपालिका घोषणा गर्ने जस्ता आश्वासन दिए पनि कुनै पनि सहमति कार्यान्वयन नभएको स्थानीय बासिन्दाको गुनासो छ ।

ओखरपौवा, जितपुर, छत्रे, कुमारीजस्ता गाविस ल्यान्डफिलमा फ्याँकिएको फोहरबाट अति प्रभावित मानिन्छन् । यी अति प्रभावित क्षेत्र लगायत वरपरका अन्य गाउँहरूमा समेत विकास गर्ने उद्देश्यले बनाइएका विभिन्न समिति बदलिँदो राजनीतिक परिवर्तनपछि विवादित बन्न पुगेका छन् र यसले राजनीतिको रूप धारण समेत गरेको छ । 'यो फोहरको राजनीति हो', फोहर मैला प्रबन्ध तथा स्रोत परिचालन केन्द्रका महाप्रबन्धक गुणराज घिमिरे भन्छन्, 'स्थानीय तहमा स्थापना भएको पुरानो समिति खारेज हुनु पर्ने माग राख्दै उत्पन्न भएको विवादले फोहर फ्याँक्न व्यवधान खडा गरेको हो ।'

फोहर व्यवस्थापन तथा विकास निर्माणका लागि सरकारले उपलब्ध गराउने वार्षिक ८० लाख रुपैयाँ पुरानो समितिले हिनामिना गरेको स्थानीय



टेकुमा थुपारिएको फोहरले वातावरण दुर्गन्धित भएको छ



▲ मूल सडकमै फालिएको फोहरको डुंगुर अगाडि नाक छोप्दै हिडेका बटुवाहरू

तहमा सक्रिय विभिन्न दलका राजनीतिक कार्यकर्ताले लगाएका छन् । माओवादी अति प्रभावित मानिने यस क्षेत्रमा विगतमा बनेको समिति माओवादी पक्षधर रहेको एक पक्षको दाबी छ ।

सरकार परिवर्तन भएपछि सिसडोल फोहर व्यवस्थापन समिति पनि परिवर्तन हुने गरेको छ । सिसडोलका स्थानीय बासिन्दा राजकुमार कुमाल भन्छन्, 'विकास र फोहरसँगै आउने ठाउँमा विकास फस्टाउन सकेको छैन । सधैं खुट्टा तानातानको प्रवृत्तिले प्राथमिकता पाएको छ ।'

पुरानो समिति भंग भएपछि स्थानीय विकासमन्त्री राजेन्द्र पाण्डेले प्रभावित गाविसहरूको प्रतिनिधित्व हुने गरी समिति नबनाई 'कोठे' समिति बनाएको आरोप पनि छ । 'प्रभावित सबै गाविसको प्रतिनिधित्व हुने गरी बन्ने समिति र सहमतिअनुसार अस्पताल तथा बाटाको निर्माण भए फोहर रोक्दैनौं', ओखरपौवा स्यानिटरी साइट मुख्य समन्वय समितिका पूर्व सचिव गणेश रेग्मी बताउँछन् ।

गत साउन १४ गतेदेखि सिसडोल ल्यान्डफिल साइटमा फोहर लान प्रतिबन्ध लागेपछि त्यति बेला एक सातासम्म काडमाडौंका सडक, गल्ली तथा चोकमा असरल्ल फ्याँकिएका फोहरले सहर पूरै दुर्गन्धित बनेको थियो । त्यसपछि सरकारले बागमती नदीको किनारमा अहिलेसम्म फोहर थुपार्दै आएको थियो । ती ठाउँबाट पनि स्थानीय बासिन्दाले फोहर नथुपार्नका लागि प्रतिकार गरेपछि फोहर तह लगाउन सरकार र ओखरपौवाका स्थानीय बासिन्दाबीच सहमतिका लागि विभिन्न प्रयास भएका हुन् ।

फोहर मैला व्यवस्थापनका लागि स्थानीय बासिन्दाले विकास निर्माण सहितका २८ सूत्रीय माग अघि सारेका छन् । अन्य मागहरूमा फोहरको लिचड रोक्नु पर्ने, फोहरको दुर्गन्ध रोक्ने औषधी छर्कनु पर्ने, अस्पताल र बाटो निर्माण गर्नु पर्ने र ल्यान्डफिल साइट वैज्ञानिक तरिकाले निर्माण गर्नु पर्ने लगायत माग राखेका छन् । फोहरबाट अति प्रभावित सबै गाविसको प्रतिनिधित्व हुने गरी असोज ३१ गते स्थानीय विकास मन्त्रालयले १९ सदस्यीय नयाँ समिति गठन गरेको छ । सहमतिअनुसार काम नगरेको आरोपमा पहिलेको 'ओखरपौवा स्यानिटरी साइट मुख्य समन्वय समिति' अहिले भंग भएको छ ।

## नसुल्झिने समस्या

काठमाडौं र ललितपुर जिल्लाबाट उत्पन्न हुने फोहर तह लगाउन सरकारले १६ महिनाअघि ओखरपौवास्थित सिसडोल ल्यान्डफिल साइट प्रयोग गर्दै आएको थियो । गत वर्ष विश्व वातावरण दिवसको अवसर पारी सरकारले काठमाडौं तथा ललितपुर सहरको फोहर सिसडोल ल्यान्डफिल साइटमा थुपार्दै आएको थियो । यसबीचमा पटक पटक सरकार स्थानीय बासिन्दाबीच असहमति भएको थियो । सिसडोल ल्यान्डफिल साइटले १.२ हेक्टर क्षेत्रफल ओगटेको छ, जुन तीन वर्षका लागि प्रयोग गर्न सरकारले स्थानीय तहसँग सहमति गरेको थियो । साइट कार्यान्वयनमा आएको केही महिनामै विवादमा आएपछि उपत्यकाको फोहरबाट सरकारले पार पाउने देखिँदैन ।

राजधानीको फोहरमैला सिसडोलमा व्यवस्थापन गर्ने सहमति सरकारले स्थानीय समितिसँग गरे पनि उक्त सम्झौता बीच बीचमा तोडिँदै आएको छ । तीन महिनादेखि उक्त साइटमा फोहर पुगेको छैन । अव्यवस्थित तवरले राजधानीमै थुप्रिएर रहेको फोहरले यहाँको पनि वातावरणीय तथा स्वास्थ्य समस्याको खतरा निम्त्याएको छ । यी सहरबाट दैनिक ३ सय टन फोहर उत्पन्न हुने गरेको छ ।

उत्पन्न हुने फोहरलाई वर्गीकरण गरी त्यसबाट कम्पोस्ट मल बनाउने, रिसाइकलिङ गर्ने र यसबाट उत्पादन हुने मल तथा वस्तु उत्पादन गरी पुनः प्रयोग गर्दा फोहरको मात्रा पनि घट्ने र यसको सदुपयोग हुने वातावरणविद्हरू बताउँछन् । 'यो फोहर व्यवस्थापनको वैकल्पिक उपाय हुन सक्छ', फोहर मैला प्रबन्ध तथा स्रोत परिचालन केन्द्रका इन्जिनियर अशोक शाही भन्छन्, 'यसबारे छलफल र अध्ययन भए पनि कार्यान्वयनमा नआएकाले समस्या आएको हो ।'

विशेषज्ञहरूका अनुसार ललितपुर र काठमाडौंबाट उत्पादन हुने फोहरलाई यदि 'रिसाइक्लिङ' गर्ने हो भने झन्डै ७५ प्रतिशत फोहर तह लाग्नेछ । यसका लागि 'अर्गानिक फर्टिलाइजिङ प्लान्ट' स्थापना गर्नु पर्ने हुन्छ । यसका लागि नेपाल-भारत संयुक्त परियोजना छनोट गरिए पनि कार्यान्वयनमा आएको छैन ।

उक्त प्लान्ट स्थापना हुने हो भने उपत्यकाको फोहर मैलाको समस्याको दीर्घकालीन समाधान तथा फोहर व्यवस्थापनको लागत स्वतः कम हुन्छ । राजधानीको फोहर तह लगाउन टेकुको फोहर ट्रान्सफर्मरबाट ओखरपौवाको सिसडोलसम्म दुवैतर्फी गरी झन्डै ६० किलोमिटरको यात्रा तय गर्नु पर्छ । यसले फोहरको ढुवानीलाई महँगो पनि बनाएको छ । स्मरणीय रहोस्, काठमाडौंको फोहर व्यवस्थापनका लागि महानगरपालिकाले मात्रै बर्सेनि झन्डै ४० करोड रुपैयाँ खर्चने गरेको छ । फोहरका पछाडि रहेको करोडौं रुपैयाँको चलखेल नै राजनीतिक दाउपेचको अर्को माध्यम बनेको छ, जसले गर्दा समस्या ज्यूँका त्यूँ छ ।

**विष्णु तारुके/ओखरपौवाको सहयोगमा**







तस्बीरहरू : तेजबहादुर बस्नेत

▲बालुवाटारमा भएको शिखरवार्ताका क्रममा धर्ना दिँदै नागरिक समाजका अगुवाहरू

# कठिन तयारी

**संविधानसभाको निर्वाचन आगामी जेठ महिनाभित्रै गर्ने कठिन कामका लागि सात दल र माओवादी पूर्वाधारको तयारीमा जुटेका छन् ।**

■ **सुवास देवकोटा/काठमाडौं**

**आगामी वैशाखजेठमा** संविधानसभाको निर्वाचन गर्ने सहमतिमा पुगेका सत्तारुढ सात दल र माओवादीबीच हतियार व्यवस्थापन र अन्तरिम विधान लगायत राजनीतिक विषयमा सहमतिका लागि अत्यावश्यक शीर्ष वार्ताको मिति अझै टुंगो लागेको छैन ।

सहमतिअनुसारको मितिमै निर्वाचन गर्न विवादास्पद विषयहरूमा तत्काल सहमति आवश्यक भए पनि सरकार र माओवादीका फरक अडानका कारण शीर्ष वार्ताको मिति तोक्न समेत उनीहरूले सकिरहेका छैनन् । यद्यपि, अनौपचारिक वार्ता र छलफलमा संलग्न सरकार र माओवादी प्रतिनिधिहरू शान्ति वार्ता प्रक्रिया अनुमान गरिएजस्तो निराशाजनक अवस्थामा नपुगेको भन्न भने छाड्दैनन् ।

सरकारी वार्ताटोली सदस्य तथा पर्यटनमन्त्री प्रदीप ज्ञवालीका अनुसार सरकार र माओवादी वार्ताकारहरू तिहारअघि नै निर्णायक शीर्ष वार्ताको चाँजोपाजो मिलाउन अहिले भगीरथ प्रयत्न गरिरहेका छन् । यसैबीच माओवादी प्रवक्ता कृष्णबहादुर महराले कात्तिक १ गते चितवनको एउटा कार्यक्रममा छिटै नै सरकारसँग आफ्नो पार्टीको ऐतिहासिक समझदारी हुनलागेको उल्लेख गरेर शान्ति वार्ता सकारात्मक दिशामा अघि बढिरहेको संकेत गरेका छन् । असोज २९ गते प्रधानमन्त्री निवास बालुवाटारमा भएको सात दल र माओवादीका शीर्ष नेताहरूको बैठक अर्को बैठकको मितिमा अझ प्रभावकारी समाधानका लागि गृहकार्य गर्ने सहमतिसाथ टुंगिएको छ । तर, यसबीच सत्तारुढ सात दल र माओवादीबीच हतियार व्यवस्थापन र अन्तरिम विधानमा राजतन्त्रको स्थान तथा राजतन्त्रबारे अन्तिम टुंगो जनमत संग्रह वा संविधानसभामध्ये केबाट लगाउने भन्नेबारे विवाद अहिले पनि कायम छ ।

'हतियार व्यवस्थापन' नभई माओवादीलाई अन्तरिम सरकारमा लान नसकिने सरकारको अडान फेरिएको छैन भने आफ्नो हतियार र सेनालाई अलग राख्नु परे नेपाल सेनाको पनि निश्चित प्रतिशतलाई हतियारबाट अलग गर्नुपर्ने अडान माओवादीले छाडेको छैन । तर, प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले नेपाली सेनालाई हतियारबाट अलग गर्ने माओवादी प्रस्ताव स्विकार्न नसकिने बताइसकेका छन् ।

माओवादी प्रस्तावमध्ये प्रधानमन्त्री कोइरालाले स्वर्गीय राजा वीरेन्द्रको सम्पत्ति राष्ट्रियकरण गर्नेमा मात्र सहमति जनाएका छन् । वीरेन्द्रको सम्पत्ति प्रतिष्ठानमार्फत राष्ट्रिय काममा खर्च गर्ने सहमति सात दल र माओवादीबीच भएको स्रोतको दाबी छ । तर, राजा ज्ञानेन्द्रको सम्पत्तिबारे भने सात दल र माओवादीबीच अझै सहमति भएको छैन । यद्यपि, त्यसबारे पनि सहमति कायम गर्ने भन्नेमा भने उनीहरूबीच सहमति भएको स्रोत बताउँछ ।

प्रधानमन्त्री कोइरालाले तत्काल गणतन्त्र घोषणा गर्ने वा सात दल र माओवादीको गणतान्त्रिक मोर्चा बनाउने माओवादी प्रस्ताव स्वीकार गर्न नसक्ने पनि बताइसकेका छन् । यसैगरी संविधानसभा निर्वाचनसँगै जनमत संग्रहमार्फत राजतन्त्रबारे फैसला गर्ने एमालेको प्रस्ताव पनि मान्न नसक्ने प्रधानमन्त्री कोइरालाले



▲ गिरिजाप्रसाद कोइराला



▲ प्रचण्ड



▲ माधवकुमार नेपाल

शेरबहादुर देउवा ▲

बताएका छन् । जनमत संग्रहबाट राजतन्त्रबारे निर्णय गर्ने एमालेको प्रस्तावमा माओवादी र सात दलमध्ये गैरकांग्रेस दलहरूको पनि सहमति छ । नेपाली कांग्रेसले भने राजतन्त्रको भविष्यबारे जनमत संग्रह गर्दा शक्तिहीन बनिसकेको राजतन्त्रले पुनर्जीवन पाउनसक्ने आशंका गरेको छ ।


राजतन्त्रबारे कुनै मोह नरहेको नेपाली कांग्रेसका नेताहरूले बारम्बार उल्लेख गरेका छन् ।

यसैबीच वार्ता प्रक्रियामा नेपाली कांग्रेसको उपस्थिति अझ प्रभावकारी बनाउनका लागि गृहमन्त्री कृष्णप्रसाद सिटौला र नेपाली कांग्रेसका केन्द्रीय सदस्य डा. शेखर कोइरालाका साथमा अर्जुननरसिंह केसी, चक्रप्रसाद बास्तोला, आमोदप्रसाद उपाध्याय र महेश आचार्यलाई पनि असोज २२ देखिको शान्ति वार्तामा समावेश गरिएको छ । शान्ति वार्ताको सबैभन्दा ठूलो समस्याका रुपमा जनआन्दोलन सामन्तवादको अन्त्यका निम्ति थियो वा निरंकुश राजतन्त्रविरुद्ध थियो भन्ने प्रश्न पनि खडा भएको छ । यथार्थमा यो जनआन्दोलन राजा ज्ञानेन्द्रको निरंकुशता र सामन्तवादका विरुद्ध थियो, तर कालान्तरमा माओवादीले जनआन्दोलनको उपलब्धि आफूले 'सामन्ती र निरंकुश' भनेकाहरू विरुद्ध पनि संचालित भएको बताएको छ ।

यसबीच सामन्तवादविरुद्ध जनआन्दोलन भएको माओवादी निष्कर्षलाई समर्थन गर्दा आफू पनि माओवादी आक्रमणको तारो बन्न सक्ने विश्लेषणका आधारमा नेपाली कांग्रेसले त्यस्तो मान्यता अघि सारेको कांग्रेसनजिकका विश्लेषकहरू बताउँछन् ।

सरकार, सात दल र माओवादीबीच हतियार व्यवस्थापन र राजनीतिक मुद्दाहरूमा असहमति कायम रहेका बेला इयान मार्टिनको संयुक्त राष्ट्रसंघीय टोलीले भेटघाटको क्रम तीव्र पारेको छ । मार्टिन टोली प्रधानमन्त्री कोइराला र माओवादी अध्यक्ष प्रचण्डसँगको भेटपछि असोज ३० गते भारतको राजधानी नयाँ दिल्ली गएका थिए । त्यहाँ उनले भारतका रक्षामन्त्री प्रणव मुखर्जी र नयाँ विदेशसचिव शिवशंकर मेननलाई भेटे । 'नेपालको शान्ति प्रक्रियाबारे भारतको चासो बुझ्न दिल्ली गएको असोज ३१ गते नेपाल फर्किएपछि मार्टिनले बताए । भारत शान्ति वार्ताप्रति नकारात्मक नभए पनि हतियारसहितको माओवादीलाई सरकारमा ल्याउन नहुने मान्यतामा प्रखर हुनथालेको देखिएको छ । इयान मार्टिनको टोलीले कात्तिक १ गते पनि माओवादी अध्यक्ष र वरिष्ठ नेता डा. बाबुराम भट्टराईलाई भेटेको छ । भेटमा हतियार व्यवस्थापनसम्बन्धी विश्व प्रचलनमा रहेका विभिन्न तरिकाबारे छलफल भएको माओवादी स्रोत बताउँछ ।

वार्ता प्रक्रिया समस्या रहेका बेला माओवादी उग्रता भने बढ्दै गएको छ । असोज २९ गते प्रधानमन्त्री निवास बालुवाटारमा सात दल-माओवादीको शीर्ष वार्ता चलिरहेका बेला माओवादी छापामारहरूले देखाएको व्यवहार सर्वत्र आलोचनाको विषय बनेको थियो । त्यस दिन माओवादी छापामारहरूले पत्रकारहरूलाई समेत दुर्व्यवहार गरेका थिए । यसैगरी असोज ३० गते माओवादी मजदुर कार्यकर्ताहरूले एमाले मजदुर संगठन 'जिफन्ट'का पन्ध्रजना कार्यकर्तालाई आक्रमण गरी घाइते बनाएका छन् । सुन्धारास्थित टेम्पो पार्कमा आफ्ना संगठित सदस्यहरूसँग सदस्यता शुल्क उठाइरहेका जिफन्टका कार्यकर्ताहरूसँग विवाद गर्दै माओवादी मजदुर संगठनका कार्यकर्ताले आक्रमण गरेका थिए । यसैबीच हतियारसहितका ५० भन्दा धेरै माओवादी छापामार कात्तिक १ गते ललितपुर ढोलाहिटी, ढोकाचोकमा आएर केही घरमा खाना बनाउन भनेपछि स्थानीय बासिन्दाले युद्धविराम अनुगमन समितिलाई बोलाएका थिए । समितिसँग माओवादी छापामारहरूले भोलिपल्टै उक्त स्थान छाड्ने बाचा गरेका थिए । ■





# जेठभित्र मुस्किल

**संविधानसभासम्मको यात्रा**

- अन्तरिम सरकार
- अन्तरिम विधायिका
- अन्तरिम विधान
- निर्वाचन पद्धति
- मतदाताको उमेर
- निर्वाचन क्षेत्र निर्धारण
- संविधानसभा निर्वाचन ऐन/नियम
- मतदाता नामावली संकलन ऐन/नियम
- निर्देशिका

■ **किरण भण्डारी/काठमाडौं** (तस्वीरः तेजबहादुर बस्नेत)

**सात दल र माओवादीबीच** सम्पन्न सहमतिअनुसार निर्वाचन आयोगका पदाधिकारीहरूको नियुक्ति प्रक्रियाले गति लिए पनि वार्तामा उत्पन्न अवरोधले सोही दिनको समझदारीअनुसार जेठभित्रै गरिने भनिएको संविधानसभाको निर्वाचन असम्भवप्रायः देखिएको छ। आधारभूत गृहकार्य समेत नथालिएको र वार्तामा बादल मडारिरहेकाले अबको ८ महिनामा निर्वाचन हुन्छ भन्नेमा जानकारहरूले आशंका व्यक्त गरेका छन्।

वार्तामा देखिएको विलम्ब, त्यसले अन्तरिम संविधान जारी गर्न हुने ढिलाइ र निर्वाचनसम्बन्धी ऐन/नियम/निर्देशिकाको तर्जुमा जस्ता समयका दृष्टिले खर्चिलो प्रक्रिया अझ सुरु हुन नसकेकाले जेठभित्रै संविधानसभा हुन नसक्ने देखिएको हो।

कात्तिक अन्तिमसम्म अन्तरिम सरकार, मंसिर मसान्तभित्र अन्तरिम विधान हुँदै वैशाखजेठभित्र संविधानसभा गर्ने सहमति सार्वजनिक भएको थियो।

तर हतियार व्यवस्थापन, राजाको स्थान, अन्तरिम विधान, विधायिका लगायत विषयमा निरन्तर चलेको वार्ताले कुनै निचोड निकाल्न नसकेकाले पूर्वघोषित कार्यतालिका प्रभावित हुन लागेको छ।

साविकमा प्रतिनिधिसभाको निर्वाचन गराउन ६ महिनाको तयारी अवधि लाग्ने गरेकोमा अहिले त्यो समय पनि उपलब्ध नहुने भएको छ। मंसिरभित्र अन्तरिम विधान नल्याउने हो भने ६ महिनाको तयारी अवधि पनि उपलब्ध हुनेछैन। अझ विज्ञहरू त मंसिरभित्रै विधान आए पनि सम्पूर्ण तयारी सकेर जेठमै निर्वाचन गराउन सम्भव नहुने दाबी गर्छन्।

'प्रतिनिधिसभाको निर्वाचनभन्दा संविधानसभालाई निकै बढी समय लाग्छ', पूर्व प्रमुख निर्वाचन आयुक्त सूर्यप्रसाद श्रेष्ठले *समय*सित भने, 'वर्षात सुरु भएपछि चुनाव गर्न नसकिने हुँदा अर्को हिउँदसम्म कुर्नुपर्ने हुनसक्छ।'

अन्तरिम संविधानको मर्मअनुसार संविधानसभासम्बन्धी आधारभूत कानुनहरू तर्जुमा गरेर मात्र निर्वाचन प्रक्रियालाई अघि बढाउन सकिने हुँदा प्रतिनिधिसभाको निर्वाचन गरेजस्तो सरल नहुने तर्क जोडदार रुपमा आइरहेको छ।


भोट दिन पाउने उमेरको निर्क्योल नभएकाले निर्वाचन सम्पन्न गराउन सर्वाधिक महत्त्वपूर्ण मतदाता सूचीसमेत तयार हुन सकेको छैन। जबकि प्रतिनिधिसभा निर्वाचनको ६ महिने अवधिअगावै मतदाता नामावली तयार भइसकेको हुन्थ्यो।

'निर्वाचन पद्धति, मतदाताको उमेर, क्षेत्र निर्धारण, अन्य आवश्यक ऐन/नियम/निर्देशिका तयार गर्न पनि प्रशस्त समय लाग्ने हुँदा जेठमै सक्न धेरै कठिन देखिन्छ', श्रेष्ठले भने।

आयोगका एक अनुभवी अधिकारीका अनुसार मंसिरसम्म सबै विषय टुंग्याएर मतदाता नामावली संकलनको काम थाले मात्र जेठ अन्तिमसम्म संविधानसभाको निर्वाचन सम्भव हुन्छ। ती अधिकारीका अनुसार नियमित ढंगले काम गर्दा ९ महिना लाग्ने मतदाता नामावली दिलो ज्यानले



सूर्यप्रसाद श्रेष्ठ



भोजराज पोखरेल

लाग्दा पनि ४ महिना नभई तयार गर्न सकिन्न। त्यसमाथि २ महिनाको अवधि त निर्वाचनको कार्यक्रमका लागि मात्र छुट्याउनु पर्छ।

जनआन्दोलनको सफलतापश्चात् प्रतिनिधिसभा घोषणा र बजेट भाषणमा व्यक्त प्रतिबद्धताअनुसार नागरिकता समस्या समाधान गरेर मात्र संविधानसभा गर्ने हो भने अर्को सालसम्मको लागि कुर्नै पर्ने हुन्छ। मधेस र मधेसीको राजनीति गर्नेहरूले संविधानसभाको पूर्वसर्त नागरिकतालाई बनाएकाले निर्वाचन झनै माखे साङ्लोमा जेलिएको छ। नागरिकता विधेयक ऐन बन्न कम्तीमा १ महिना लाग्ने भएकाले पनि तोकिएको समयमा निर्वाचन गराउन नभ्याइने निश्चितप्रायः छ।

संविधानसभा गराउन सर्वप्रथम संक्रमणकालीन व्यवस्थापनका लागि मूल कानुन जरुरी छ। पूर्व प्रमुख आयुक्त श्रेष्ठ पदाधिकारी नियुक्त गरेर पूर्णता दिन लागिएको आयोगलाई निर्वाचनको लक्ष्यमा पुग्नको लागि कुन संविधानबाट निर्देशित हुने हो भन्ने जानकारी पनि दिइनुपर्ने बताउँछन्। त्यसपछि क्रमशः संविधानसभा निर्वाचनसम्बन्धी ऐन, नियम, निर्देशिका लगायत तर्जुमा गरेर कार्यान्वयनमा ल्याउन जरुरी छ। 'कुन निर्वाचन पद्धति अपनाउने भन्ने विषयमा झन् गम्भीर बहस हुन जरुरी छ', उनी भन्छन्, 'भावी सरकार, विधायिका मात्र हैन मुलुकको सामाजिक र आर्थिक स्वरुप कस्तो बनाउने भन्ने प्रतिविम्बित पद्धतिले गर्छ।'

संसारभरका प्रजातान्त्रिक मुलुकमा प्रचलनमा रहेका बहुमतीय, एकल संक्रमणीय वा मिश्रितमध्ये कुन प्रणाली अपनाउने भन्ने विषयमा राजनीतिकर्मी र राजनीतिशास्त्रीहरूबीच बहस चलिरहेको छ। यो मात्र हैन, मतदाताको उमेर, निर्वाचन क्षेत्र जस्ता अन्योन्याश्रित विषय टुंगो लगाउन पनि अन्तरिम विधान जारी हुनु जरुरी छ।

मतदाताको उमेर १६ बाट १८ मा झार्ने बहसले पनि निर्वाचन प्रक्रियालाई अझ लम्ब्याइदिने निश्चित छ। माओवादीहरू मतदानको उमेरलाई १६ कायम गर्नुपर्नेमा लागिपरेका छन्। कानुनी हिसाबले १८ वर्ष पुगेपछि मात्र मतदान गर्न पाइने व्यवस्था भए पनि व्यवहारमा अहिले नै १४-१५ वर्ष उमेरका अधिकांशको नाम मतदाता सूचीमा छ।

१८ वर्षलाई आधार मानेर तयार गरिएको मतदाता सूची तथ्यांक विभागले प्रकाशित गरेको १६ वर्ष नाघ्नेको जनसंख्याभन्दा अधिक हुनुले कलिला बालबालिकाहरू पनि मतदाता भइसकेको पुष्टि गर्छ।

नेपालको जनसंख्यालाई २ करोड ५० लाख र १६ वर्षमाथिको जनसंख्या १ करोड ५० लाख मानिएको छ। जब कि मतदाता सूचीमा १८ वर्ष नाघेकाहरूको संख्या नै १ करोड ५३ लाख छ। यी तमाम प्राविधिक कारण मात्र हैन, सात दलभित्रका घटकहरूबीच जेठमै संविधानसभा गराइछाड्ने वा तयारीको लागि स्वभाविक अवधि खर्चिने विषयमा विरोधाभासहरू छन्।

तिथिको विषयमा वाम र प्रजातान्त्रिक शक्तिहरूको धारणा पृथक् देखिएको छ। वामपन्थीहरू जेठभित्र निर्वाचन गर्ने सहमति अक्षरसः पालना हुनुपर्नेमा अडिग छन् भने कांग्रेसले तिथिलाई संविधानसभाप्रतिको प्रतिबद्धताको रुपमा मात्र बुझ्नुपर्ने व्याख्या गरेको छ।

जनता जतिसक्दो चाँडो संविधानसभाको निर्वाचन सम्पन्न गरी शान्ति स्थापना र ज्वलन्त राजनीतिक/सामाजिक/आर्थिक समस्याबाट मुक्ति



निर्वाचन आयोग

पाउन आतुर भएकाले विलम्ब गर्न नहुने धारणा सात दलभित्रका वाम शक्तिहरूको छ।

यसबारेमा वाममोर्चाका अध्यक्ष सिपी मैनाली भन्छन्, 'समयसीमाभित्र निर्वाचन गर्नुपर्छ भन्ने जनताको चाहना सरकार र माओवादीले परिपूर्ति गर्नुपर्छ।' वार्ता अनावश्यक रुपमा नलम्बियोस् र संविधानसभाको निर्वाचन विलम्ब नहोस् भनी अग्रगामी परिवर्तनका लागि जेठभित्रको सीमा तोकिएको तथ्य स्मरण गर्नुपर्ने मैनालीको कथन छ।

जेठभित्रै संविधानसभा गर्न प्राविधिक अड्चन र राजनीतिक समस्याहरू भए पनि त्यसलाई समाधान गर्दै तोकिएको मितिमा निर्वाचन सम्पन्न गर्नुपर्ने धारणा एमालेले पनि व्यक्त गरेको छ। यथाशक्य चाँडो संविधानसभा नगरे 'रात रहे अगराख पलाउँछ' भन्ने मानसिकतामा एमालेसहितका वामहरू एक देखिएका छन्।

'राजनीतिक मतभेद र समस्याहरूलाई यथाशीघ्र हल गरेर जेठभित्रै संविधानसभा निर्वाचन गरिसक्नुपर्छ', एमाले मन्त्री एवं वार्ताटोली सदस्य प्रदीप ज्ञवालीले भने, 'ढिलाइले झनै समस्या उब्जाउँछ।'

जेठभित्र संविधानसभा हुने सहमतिलाई 'ढुंगाको अक्षर' बनाउन नहुने धारणा दुवै कांग्रेसभित्र छ। प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई वार्तामा सघाउ पुऱ्याउन अर्जुननरसिंह केसी, चक्रप्रसाद वास्तोला, महेश आचार्य, आमोदप्रसाद उपाध्याय लगायतको समूह सक्रिय भएपछि चुनावी वातावरण अनुकूलताका लागि आवश्यक गृहकार्यलाई महत्त्व दिनुपर्ने धारणा भारी हुँदै गएको छ।

वाम शक्तिहरूले कांग्रेस संविधानसभा निर्वाचन गराउन तत्पर छैन भन्ने सन्देश फैलाउन कोसिस गरेपछि प्रतिबद्धता जाहेर गर्न मात्र मितिसहितको सहमति भएको बताउने कांग्रेस नेताहरूको जेठभित्र भन्ने शब्दलाई प्रतीक मान्नुपर्ने बताउँछन्।

हतियार व्यवस्थापनको मुद्दा टुंग्याएर चुनावी वातावरण बनाउन सकिएन भने निर्वाचनको घोषित तिथि सर्न पनि सक्ने धारणा कांग्रेस केन्द्रीय सदस्य चक्रप्रसाद वास्तोलाले व्यक्त गरेका छन्।

'एमाले र माओवादी मिलेर कांग्रेसलाई किनारा लाउन खोजेपछि संविधानसभाप्रति प्रतिबद्धता दर्शाउन तिथि तोकिएको हो', उनले भने, 'पूर्व तयारी सकिँदैन, हतियार व्यवस्थापनको मुद्दा टुंगिँदैन, आयोगले निर्वाचन गराउन भ्याउँदैन भने तिथिमिति सर्नु कुनै ठूलो कुरो होइन।'

नागरिकतासम्बन्धी प्रतिबद्धता पूरा नगरी संविधानसभा हुन नसक्ने सद्भावना र तराईमूलका नेताहरूको धारणा छ।

'नागरिकता समस्या समाधान नगरी संविधानसभा हुनुहुँदैन भन्ने धारणामा हामी अडिग छौं', सद्भावना आनन्दीदेवीका उपाध्यक्ष भरतविमल यादव भन्छन्, 'हामी कुनै हालतमा सम्झौता गर्दैनौं।'

विभिन्न बहानामा संविधानसभा सम्पन्न हुन नसकेमा २००७-१५ को अवस्था त आउँदैन भन्ने भय पनि एउटा कोणबाट व्यक्त भइरहेको छ, तर आजको दुनियाँमा जनचाहनालाई टार्न सहजै सम्भव भने छैन। ■

# धमाधम नियुक्ति

**मुलुकको इतिहासमा** पहिलोपटक हुन गइरहेको संविधानसभा निर्वाचन गराउने जिम्मेवारी पूर्व प्रशासक भोजराज पोखरेलको काँधमा जाने भएको छ। संवैधानिक परिषद्ले पोखरेललाई आयोगको प्रमुख आयुक्त र आयुक्तहरूमा कम्प्युटरविज्ञ नीलकण्ठ उप्रेती र पूर्व सिडिओ उषा नेपालको सिफारिस गरेको छ।

'संसदीय सुनुवाइ विशेष समिति'ले जाँचबुझ गरेपछि मन्त्रिपरिषद्ले उनीहरूलाई नियुक्त गर्नेछ। समितिका अध्यक्ष अष्टलक्ष्मी शाक्य विदेश भ्रमणमा रहेकाले भरतमोहन अधिकारीको संयोजकत्वमा सुनुवाइको काम भइरहेको छ।

मुलुकको इतिहासमा पहिलो पटक भइरहेको सुनुवाइका लागि समितिले सिफारिसबारे ३ दिने सूचना, सम्बन्धित व्यक्ति नियुक्तिका लागि उपयुक्त भए-नभएकोबारे सार्वजनिक जानकारी माग, उम्मेदवारसँग छलफल, नियुक्तिपछिको कार्ययोजनाबारे सोधपुछ लगायत छलफल गर्ने कार्यविधि तय गरेको छ। यो विधिलाई १० दिनभित्रै टुङ्याउनुपर्ने प्रतिनिधि सभा नियमावलीमा छ।

सिफारिस भएका उम्मेदवारहरू तिहारको बिदा सकिएपछि नियुक्त हुने बताइएको छ। वार्ता सफलतापछि माओवादीको सिफारिसमा आयुक्त नियुक्त गरी आयोगलाई पूर्णता दिने सहमति भएको स्रोतहरूको दाबी छ।

वरिष्ठ अधिवक्ता सुशीला कार्की आयुक्तमा नियुक्त हुने चर्चा माओवादी र प्रजातान्त्रिक कांग्रेस वृत्तमा छ। कार्की अन्तरिम संविधान मस्यौदा समिति सदस्य पनि हुन्।

पोखरेल र नेपालको नाम तीन वर्षअघि पनि आयोगकै प्रमुख आयुक्त र आयुक्त पदको लागि सिफारिस भए पनि राजाले असन्तुष्टि व्यक्त गरेर नियुक्ति दिएका थिएनन्। निजामती प्रशासन र विभिन्न गैरसरकारी संस्थाहरूको कार्य अनुभवले खारिएर सक्षम पहिचान बनाएका पोखरेलको सिफारिस फेर्न लगाएर राजाले अर्का ध्रुवका केशवराज राजभण्डारीले प्रमुख आयुक्त पद सुम्पेका थिए।

निर्वाचन आयोगमा नियुक्तिसँगै राष्ट्रिय मानवअधिकार आयोग, अख्तियार दुरुपयोग अनुसन्धान आयोग र ६ महिनादेखि रिक्त राजदूत पदहरूको नियुक्ति प्रक्रियाको पनि गृहकार्य थालिएको छ।

मानवअधिकार आयोगको अध्यक्षमा सर्वोच्चका पूर्व न्यायाधीश नियुक्त हुनुपर्ने व्यवस्था छ। उक्त पदका लागि पूर्व प्रधान न्यायाधीश केदारनाथ उपाध्याय, न्यायाधीशद्वय लक्ष्मणप्रसाद अर्याल र कृष्णजंग रायमाझी चर्चामा छन्।

आयोगको सदस्यसंख्या साविकको ५ बाट १० पुऱ्याउने कसरत भइरहेको बुझिएको छ। नियुक्ति हत्याउन सत्ता साझेदार दल निकट मानवअधिकारकर्मी, कानुनव्यवसायी तथा केही पूर्व प्रशासकहरू लागिपरेका छन्।

प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला राजाको तीनवर्षे शासनकालमा अन्यायको सिकार भएका र प्रजातन्त्र/लोकतन्त्र/मानवअधिकार/प्रेस स्वतन्त्रताका पक्षपातिलाई नियुक्ति दिनुपर्छ भन्ने मान्यतामा रहेको बालुवाटार स्रोतको दाबी छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त सूर्यनाथ उपाध्याय र आयुक्त वासुदेवप्रसाद लामिछानेले कात्तिक १६ गते अवकाश पाउने हुँदा ती पदपूर्तिको कसरतमा संवैधानिक परिषद् जुटेको छ।

प्रधानमन्त्रीको अध्यक्षतामा रहेको परिषद्का सदस्यद्वय सभामुख सुवास नेम्वाङ र प्रधान न्यायाधीश दिलीपकुमार पौडेल विदेश भ्रमणबाट कात्तिक दोस्रो साता फर्कनेबित्तिकै यससम्बन्धी निर्णय हुनेछ।

अख्तियारको प्रमुख आयुक्तमा पूर्व गृहसचिव श्रीकान्त रेग्मीको नाम अग्रस्थानमा भएको परिषद् स्रोतले बताएको छ। सदस्य पदका लागि भने पूर्व सचिव शशिकान्त मैनाली र रामकाजी वान्तवा चर्चामा छन्।

पोखरेलसँगै रेग्मी पनि तीन वर्षअघि अख्तियारको आयुक्तमा सिफारिस भएका थिए। उनीसँगै सिफारिस भएका अन्य तीनको नियुक्ति भए पनि रेग्मीको नाम दरवारले काटेको थियो। संवैधानिक राजाले परिषद्को सिफारिसलाई अनुमोदन गरेर औपचारिकता दिने भूमिका मात्रै पाएकोमा प्रजातन्त्रवादी भएको आरोपमा दरवारले रेग्मीलाई कोपभाजनमा पारेको थियो।

आयुक्तमा चर्चामा रहेका मैनालीलाई निर्वाचन आयोगमै ल्याउनुपर्छ भन्ने अडानमा प्रधानमन्त्री भए पनि लैंगिक र पेसागत सन्तुलन कायम गर्न उनको नाम थाती राखिएको थियो। राजाको माघ १९ को कदमपछि १४ महिना अतिरिक्त समूहमा खेदिएका मैनाली हक्की, निडर स्वभाव र इमानदार छविका भएकाले पनि अख्तियार आयुक्तमा अघि सारिएको परिषद् सचिवालयको दाबी छ।

६ महिनादेखि रिक्त राजदूत नियुक्ति प्रक्रिया पनि अघि बढाइएको भनिएपनि त्यसले अझै गति लिन सकेको छैन। २४ मध्ये १५ देशका राजदूतहरू रिक्त हुँदा पनि किन पूर्ति गरिएन त ? परराष्ट्र मन्त्रालयका एक अधिकारी भन्छन्, 'भागबन्डाको जोडघटाउ नमिलेकैले यो दुर्गति भएको हो।' ■



# नागरिकता वितरणमा बियाँलो

**जनआन्दोलन–२** को सफलतापश्चात् सरकार, सात दल र माओवादीले संविधानसभाअघि नागरिकता समस्यालाई सल्टाइसक्ने प्रतिबद्धता व्यक्त गरे पनि कार्यान्वयन पक्ष फितलो भइरहेको छ।

विशेष गरी तराईको लाखौं जनसंख्याको सद्भाव र समर्थनको लोभमा सबै राजनीतिक शक्तिले नागरिकता बाँडिसकेर मात्र संविधानसभाको निर्वाचन गर्ने भने पनि यसले अहिलेसम्म अपेक्षित गति लिन सकेको छैन।

नागरिकता ऐनमा संशोधन गरेर प्रावधानहरूलाई सरलीकृत गरिए पनि सोसम्बन्धी विधेयक संसद् अधिवेशन सुरु भएको ६ महिना बितिसक्दासम्म पारित भएको छैन। विधेयक मस्यौदा ढिला गर्नुमा प्रतिनिधिसभा नै दोषी छ। सात दलको सरकारले पेस गरेको विधेयक संसद्मा पेस भएको एक महिना नाघिसक्दा पनि अघि नबढेको मात्र होइन, कम्तीमा अझ एक महिनासम्म पारित हुने छाँट देखिएको छैन।

गृह मन्त्रालयले सहसचिव हरिप्रसाद नेपालको संयोजकत्वमा नागरिकता केन्द्रीय अनुगमन एकाइ गठन गरेर औपचारिक निर्वाह गरेको भए पनि ऐन पारित नभएकाले त्यो खासै सक्रिय हुन पाएको छैन। एकाइमा विभिन्न मन्त्रालयका १४ उच्च अधिकृतहरू सदस्य छन्।

देशभर टोली परिचालन गरेर अभूतपूर्व गतिमा काम अघि बढाए पनि नागरिकता वितरण अभियान सक्न ४ महिनाभन्दा बढी अवधि लाग्ने गृह मन्त्रालयका अधिकारीहरू नाम उल्लेख नगर्ने सर्तमा बताउँछन्।

'कात्तिक महिनाभरि पनि ऐन पास हुने छाँट देखिएको छैन', ती अधिकारी भन्छन्, 'नियम, निर्देशिका लगायतका नीतिगत काम सकेर टोली फिल्डमा खटिएपछि पनि नागरिकता बाँड्न कम्तीमा ४ महिना लाग्छ।'

नेपाल संयोजक रहेको एकाइले नियमावली, निर्देशिका र अन्य आवश्यक नीतिहरूको मस्यौदा तयारी अवस्थामा राखेको जानकारी स्रोतले दिएको छ। जनगणनालाई आधार मानेर मन्त्रालयले गरेको आँकलनअनुसार उमेर पुगेका २० देखि २३ लाख जनसंख्याले नागरिकता प्राप्त गरेका छैनन्। त्यसमा तराईका शोषित, पीडित, उत्पीडित, पिछडिएको वर्ग र दलितको संख्या अधिक छ।

वंशज तथा नेपालमा कम्तीमा १५ वर्ष बसोवास गरेको, उद्यम गरेको कागजी प्रमाण र औचित्यका आधारमा अंगीकृत नागरिकता दिने प्रावधान रहेकोमा विधेयकले त्यसलाई खुकुलो बनाएको छ। जन्म र वंशजको आधारमा नागरिकता प्राप्त गर्न कागजी प्रमाण जुटाउन नसक्नेहरूका लागि पनि विधेयक निकै उदार भएर प्रस्तुत भएको छ।

कुनै व्यक्तिले कागजी प्रमाण जुटाउन नसकेको अवस्थामा तोकिएका अधिकारीले स्थलगत सरजमिन, निवेदकलाई चिन्ने सोही ठाउँमा बसोवास गर्ने कम्तीमा तीनजना नेपाली नागरिकले गरेको सनाखत र यो ऐन प्रारम्भ हुनुभन्दा अगाडि भएका कुनै राष्ट्रिय जनगणना वा निर्वाचनको प्रयोजनका लागि निर्वाचन आयोगबाट संकलन गरिएको कुनै मतदाता नामावलीमा निवेदक वा निजको बाबु वा आमा वा दिदीबहिनी वा दाजुभाइको नाम रहेको प्रमाण समेतका आधारमा नागरिकताको दिन सक्ने प्रावधान राखिएको छ।

प्रावधानप्रति सरोकारवालाहरूको समर्थन भए पनि विधेयक पारित गर्न भएको ढिलाइले सशंकित तुल्याएको छ। नागरिकता विधेयकमाथि दलका प्रतिनिधिहरूबीच बाहिर नै एकमत कायम गरेर प्रतिनिधिसभाबाट पारित गराउने सहमति भएकोमा त्यसको उल्लंघन गर्दै ढिलाइ गर्ने मनशायले लामो प्रक्रियामा प्रवेश गराइएको आरोप मधेसका नेताहरूको छ।

'नागरिकताका विषय र विधेयकबारे सात दल र माओवादीमध्ये कसैले आफ्नो स्ट्यान्ड फेर्छ भने उसले नै मूल्य चुकाउनुपर्छ', विलम्बप्रति रोष प्रकट गर्दै सद्भावना आनन्दीदेवीका उपाध्यक्ष भरतविमल यादवले भने।

नागरिकता पनि मतदाता सूचीलाई प्रभावित पार्ने विषय भएको र सरकारको प्रतिबद्धता भएकाले निर्वाचनअघि पूरा गर्नुपर्ने मधिसे नेताहरूको माग छ। मतदाता नामावली तयार गर्दा नागरिकता जाँच नहुने भए पनि व्यवहारमा तराईका जिल्लामा सूचीमा नाम चढाउन कुनै न कुनै प्रमाणपत्र माग्ने गरिएकाले पनि अहिले नागरिकताको महिमा बढेको छ। ■







तिहारको बेला मागअनुसार फूलको आपूर्ति गर्न हम्मे नै पर्छ

तस्वीरहरू : तेजबहादुर बस्नेत

# बढ्यो रमझम

**द्वन्द्वको खतरा नभएकाले तिहार मनाउनेहरूको मुहारमा उत्साह छ, प्रतिबन्ध नै लागेको भए पनि सहरहरूमा पटका पड्काउने र आतिसबाजी गर्नेहरूको संख्या निकै बढेको छ, दोकानहरू फूलमालाले भरिएका छन्, बजारमा भीड छिचलिनसक्नु भएको छ, यो दशकमा सबैभन्दा रमाइलो तिहार यही भएको छ।**

■ **गोविन्द परियार/काठमाडौं**

**दाजुभाइ र दिदीबहिनीबीच** सद्भाव साट्ने चाड तिहार दस वर्ष लामो सशस्त्र द्वन्द्व रोकिएका कारण यसपटक नेपालीहरूले निर्धक्कसाथ मनाउन पाउने भएका छन्। सरकार र माओवादीबीच शान्ति वार्ता चलिरहेकाले मानिसहरूलाई गाउँघर जान अहिले सजिलो छ र तिहारमा पनि दसैंको जस्तै टीका लगाउन र थाप्न जानेहरूको लर्को विगत वर्षभन्दा यस वर्ष लामो हुनेछ।

संस्कृतिविद् सत्यमोहन जोशी भन्छन्, 'अहिले द्वन्द्वको खतरा नभएकाले तिहार मनाउनेहरूको संख्या बढ्नेछ।' सशस्त्र द्वन्द्वका बेला द्वन्द्वग्रस्त क्षेत्र मात्रै नभएर मुलुकभर नै असुरक्षा महसुस हुन्थ्यो र निर्धक्क चाड मनाउने सम्भावना रहँदैनथ्यो।

निर्धक्क तिहार मनाउन पाएका बेला नेपालीहरूले तिहारको स्वरुप निकै फेरिएको महसुस गर्न थालेका छन्। समाज आधुनिक बन्ने क्रमसँगै तिहारको रुप परिवर्तन हुनथालेको विगत केही वर्षदेखि प्रस्ट देखिएको छ। संस्कृतिविद् जोशी यो परिवर्तनलाई समयअनुसारको परिवर्तन मान्दै भन्छन्, 'तिहारको स्वरुपमा कयौं परिवर्तन आए पनि अझै परम्परागत मान्यता परिवर्तन भएको छैन।'

तिहारको स्वरुपमा आएको परिवर्तन परिकारहरूमा देख्न सकिन्छ। तिहारका परम्परागत परिकारको ठाउँ अहिले आयातित परिकारले लिन


तिहारमा झिलिमिलीको दृश्य


मिठाइका परिकार

भास्वर ओझा

थालेका छन् । काठमाडौं लगायतका सहरी क्षेत्रमा भारतीय मिठाईको प्रभुत्व बढ्दै गएको छ । नेपालीहरूको मौलिक पर्व तिहारलाई भारतीय सीमा क्षेत्र र केही सहरी क्षेत्रमा दीपावलीको नाममा मनाउने चलन प्रत्येक वर्ष बढ्दो छ । संस्कृतिविद् हरिराम जोशी भन्छन्, 'तिहारको मर्म र परम्परागत शैली लोप हुँदै गएको छ ।' तिहारमा खेलिने देउसी-भैलीमा मौलिकता हराउँदै गएकोमा पनि जोशी चिन्ता व्यक्त गर्छन् ।

### प्रतिबन्धित पटका बजारमा

तिहारमा प्रयोग हुने पटकाको बिक्री वितरणमा सरकारले रोक लगाए पनि बजारमा बिक्री रोकिएको छैन । छिमेकी मुलुक भारतको सीमा क्षेत्रमा उत्पादन हुने विस्फोटक पदार्थ भन्सार छलेर सजिलै नेपाल भित्रिने गरेका छन् । भारतसँगको खुला सिमानाको फाइदा उठाउँदै यस्ता व्यापारीले भन्सार छलेर प्रतिबन्धित वस्तु नेपाल भित्र्याउने गरेका छन् । गृह मन्त्रालयले विस्फोटक पदार्थ ऐनअन्तर्गत पटकाहरू पनि पर्ने भएकोले बिक्री वितरण र ओसार पसारमा रोक लगाएको छ । तर, गैरकानुनीरुपमा भित्रिएका पटकाहरूको बजारलाई सरकारी प्रतिबन्धले नियन्त्रण गर्न सकेको छैन । बजारमा पटका सहजै पाउन सक्ने स्थिति भए पनि सरकार भने आफूले प्रतिबन्ध लगाएको रट दोहोऱ्याउन छाड्दैन । गृह मन्त्रालयका प्रवक्ता वामनप्रसाद न्यौपाने भन्छन्, 'हामीले स्थानीय प्रशासनलाई खरिद बिक्री र प्रयोगमा प्रतिबन्ध






तिहारको किनमेल

## नेपाल संवत् अझै उपेक्षित

**संविधानसभामार्फत** हुने राज्यको पुनर्संरचनामा नेपाल संवत्लाई राष्ट्रिय संवत्को रुपमा मान्यता दिनुपर्ने माग बढ्न थालेको छ। राष्ट्रको आफ्नै संवत् मानिएको नेपाल संवत्लाई राष्ट्रिय मान्यता दिलाउन कुनै राजनीतिक दलहरू नलागेको नेपाल संवत् पक्षधरहरू बताउँछन्। २००७ सालदेखि नेपाल संवत्लाई राष्ट्रिय मान्यता दिनुपर्ने आवाज २०३६ सालमा नेपाल भाषा मंका खल:को स्थापनापछि मात्र बलियो बनेको हो। त्यसपछिको आन्दोलनले नै सरकारी र केही निजी संचारमाध्यममा नेपाल संवत्ले स्थान पाउने सफलता प्राप्त गरेको हो। नेपाल भाषा मंका खल:का सचिव नरेशवीर शाक्य भन्छन्, 'नेपाल संवत् नेपालको मौलिक संवत् भएकाले यसलाई राष्ट्रिय संवत्को रूपमा प्रयोगमा ल्याउनुपर्छ।'

नेपाल संवत्को पक्षमा लामो समयसम्म चलेको आन्दोलनकै कारण सरकारले २०५१ सालमा नेपाल संवत्का सस्थापक शंखधर साख्वालाई राष्ट्रिय विभूति घोषणा गर्न बाध्य बनेको थियो।

माओवादी द्वन्द्वका कारण त्यसपछि आन्दोलन सशक्त हुन नसकेको बताउँदै शाक्य भन्छन्, 'माओवादीहरूले राज्य पुनर्संरचना गरी नेवारहरूको राज्य काठमाडौंमा नेपाल संवत् लागू गर्ने बताए पनि यो नेवारको संवत् मात्रै नभएकाले नेपालभरि लागू गर्नु पर्छ।' नेपाल संवत्को नयाँ वर्ष तिहार बिदामै पर्छ। शाक्य भन्छन्, 'सरकारले विक्रम संवत्लाई निरन्तरता दिनुपर्ने औचित्य के हो ? तत्काल सार्वजनिक गर्नु पर्छ।'

लगाउन र दोषीलाई कारबाही गर्न निर्देशन दिएका छौं।'


तिहारमा देखिने चिनीको संकट यस वर्ष नहुने सकारले बताएको छ। विगतमा तिहारमा व्यापारीहरूले चिनीको कृत्रिम संकट देखाएर तोकिएको मूल्यभन्दा बढी रकममा चिनी बिक्री गर्ने गरेका थिए। तिहारको मुखमा चिनीको चर्को मूल्य तिर्न बाध्य उपभोक्ताले यस पटक पुरानै नियति व्यहोर्नु नपर्ने वाणिज्य विभागको दाबी छ। नेसनल ट्रेडिङ लिमिटेडले पनि यस वर्ष चिनीको अभाव नहुने जनाएको छ।

### फूलको व्यापार

केही वर्षसम्म भारतमा निर्भर रहेको फूलको व्यापार केही वर्षदेखि नेपाली फूलले आधाभन्दा बढी माग थामेको छ। विशेष गरेर तिहारमा फूलको व्यापार अत्यधिक बढ्छ। नेपालका अधिकांश क्षेत्रमा फूलको








राम्रो उत्पादन हुने भए पनि व्यवसायिकरुपमा विकास हुन नसकेका कारण सहरी क्षेत्रमा फूलको माग आपूर्ति गर्न छिमेकी मुलुकको भर पर्नु पर्थ्यो । फूल व्यापारीहरू नेपाली किसानहरूमा आएको व्यवसायिक सचेतताले गर्दा गाउँ गाउँका फूलहरूले व्यवसायिकता पाउन थालेको बताउँछन् । नेपाल फ्लोरी कल्चर एसोसिएसनका लोकनाथ गैरे भन्छन्, 'केही वर्ष अघिसम्म फूलको उत्पादन भए पनि व्यक्तिगत प्रयोजनमा मात्र प्रयोग गरिन्थ्यो, तर अहिले किसानहरूमा व्यवसायिक सोच विकास भएको छ ।' तर विगतका वर्षहरूभन्दा यस वर्ष नेपाली फूलको खपत घटेको व्यापारीहरू बताउँछन् ।

नेपाल फ्लोरी कल्चर संघका अध्यक्ष श्रीधर कार्की भन्छन्, 'नेपाली फूलमा यस वर्ष पात डढ्ने रोग लागेको कारण फूल उत्पादनमा कमी आएको छ ।' केही वर्ष अघिसम्म ८० प्रतिशत फूलको बजार भारतीय फूलको थियो, तर विगत केही वर्षदेखि भारतीय फूलको बजार ५० प्रतिशतले घटेको भन्सार विभागले बताएको छ । यस वर्ष फूलमा रोग लागेकाले उत्पादन नभएको कारण तिहारको लागि आवश्यक फूल भारतीय बजारबाट आएको कार्कीले बताए । विशेष गरेर तिहारमा नेपालमो फूलको प्रयोग अत्यधिक बढ्ने गरेको छ । व्यापारीहरू तिहारको तीन दिन मागअनुसारको फूल उपलब्ध गराउन नसकेको बताउँछन् । कार्की भन्छन्, 'तिहारका तीन दिन हामीसँग जति फूल भए पनि पुग्दैन । कुनै पनि वर्ष मागअनुसारको आपूर्ति गर्न सकिएको छैन ।' ■

खुला राजनीतिमा पदार्पण गर्नेतिरै माओवादीहरूको बल पनि छ। यो हिसाबले फेरि युद्धमा फर्कने वातावरण बन्यो भने उनीहरूलाई पहिलेको भन्दा असहज स्थिति पैदा हुन सक्छ र असाध्यै सानो र क्रिम टिमले पुनः छापामार युद्ध गर्नुपर्ने अवस्था सिर्जना हुन सक्छ। यसरी माओवादीका लागि अगाडि बढे पनि र पछाडि हटे पनि असाध्यै ठूला चुनौतीहरू छन्।



मुमाराम खनाल

# संगीन मोडमा माओवादीहरू

भर्खरै सम्पन्न असफल वार्ता वा भनौं नटुंगिएको वार्तापछि माओवादीका लागि बाँकी रहेका विकल्पहरूबारे जिज्ञासाहरू पैदा भएका छन्। राजतन्त्रको विषयलाई वार्ताको केन्द्रीय प्रश्न मानेर चल्नुपर्ने माओवादीको प्रस्ताव र हतियारलाई केन्द्रीय प्रश्न मानेर चल्नुपर्ने दलहरू अझ विशेषगरी कांग्रेस-एमालेको अडानबीच वार्ता टुंगिएको छ। राजतन्त्रलाई बचाइराख्ने राजनीतिक दलहरूको दबाब र राजतन्त्रलाई निलम्बनमा राख्नुपर्ने माओवादीहरूको दबाबमध्ये कुनमा जाने भन्ने गिरिजाप्रसाद कोइरालाको निष्कर्ष अनिर्णय नै छ, तर स्वयं गिरिजाप्रसाद कोइरालाको आफ्नै अडान र अन्य दबाबको कारणले गर्दा परिणाम अपेक्षित नै छ। अर्थात् यो वार्ताले राजतन्त्रलाई निलम्बन गर्नेछैन।

माओवादीहरूले जतिसुकै प्रशंसा गरेर इतिहासकै महानायक बनाए पनि गिरिजाप्रसाद कोइराला र सात दलको नेतृत्वमा राजतन्त्रलाई फ्याँक्न तयार हुने इच्छाशक्ति छैन। त्यतिमात्र होइन, अमेरिका, भारत तथा स्वयं दरवारकै दबाबलाई झेल्नसक्ने इच्छाशक्ति पनि उनीहरूसँग छैन। त्यसकारण राजतन्त्रको पूर्ण अन्त्यको लागि यो लडाइँ अपर्याप्त सावित भइसकेको छ। देश पुरानै संविधानको टेको लगाएर हिँडिरहेको छ र हिँड्दै छ। परिवर्तनको कुनै आभास छ भने त्यो युद्धविराममा मात्र सीमित छ। युद्धविराम हुनु कुनै परिवर्तन होइन।

जनआन्दोलन- २०६३ देखियता भएका वार्ताहरू र सरकारका क्रियाकलापहरू हेर्ने जो कसैले पनि सहजै अनुमान गर्न सक्छ, परिस्थिति क्रमशः माओवादीलाई घेर्ने रणनीतितर्फ बढ्दै छ। यो कुरा स्वयं माओवादीहरूले बुझेका छैनन् भन्ने कदापि होइन। तर, कहिलेकाहीँ बुझ्दा बुझ्दै पनि समाधानहरू सीमित भइदिन्छन्। त्यसकारण अहिले माओवादीहरूका अगाडि उपस्थित विकल्पहरू पनि सीमित हुँदै गइरहेको प्रतीत हुन्छ। यो मुलुकको लागि डरलाग्दो कुरा पनि बन्न सक्छ। झ्याल थुनेर बिरालो कुट्नु हुँदैन। सात दलका नेताहरूको बोलीमा देखिएको प्रतिगामी गन्ध कुनै नौलो कुरा होइन, तर त्यसको व्यवहारिक कार्यान्वयन नै बढो डरलाग्दो गरी अगाडि बढ्नु निश्चय नै ध्यानाकृष्ट हुने कुरा हो।

माओवादीका हतियारहरूलाई 'लक अप' गरेर 'ढुक्कसँग संविधानसभाको चुनाव' गर्न चाहेका दलहरू संविधानसभा विरोधी हुन् भन्दा आश्चर्य लाग्न सक्छ। तर, यथार्थमा दलहरूले संविधानसभालाई कहिल्यै पनि आत्मसात गरेका थिएनन्, अहिले पनि गरिरहेका छैनन्। माओवादीहरूको हतियार व्यवस्थापनको टुंगो लगाउनासाथ संविधानसभाको चुनाव कुनै पनि हालतमा हुनेछैन। संविधानसभाको चुनाव हुने भनेर मिति तोक्ने काम भनेको अहिले 'छोरा पाउनु कहाँ छ कहाँ छ कन्दनी बाँध्न हतार' भन्ने उखानको चरितार्थ मात्र सावित भएको छ। कुनै पनि राजनीतिक मुद्दामा सहमति नभई संविधानसभाको चुनावको तिथि तोक्नु सरकार-माओवादीले नेपाली जनताप्रति गरेको राजनीतिक व्यंग्य मात्र हो।

अहिले माओवादीहरूका अगाडि दुइटा विकल्पहरू मात्र रहेका छन्। ती दुइटा विकल्पहरूमध्ये 'सरकारमा जाने' वा 'लडाइँमा जाने' भन्ने नै हुन्। यी दुवै विकल्पहरू माओवादीहरूको लागि असाध्यै कष्टसाध्य र दुरुह छन्। हुनत माओवादीले वार्ता सफल नभए पनि आफूहरू जंगल नजाने बताएका छन्, तर वार्ता सफल नभए त्यस्तो सम्भव हुनेछैन। ढिलो वा चाँडो लडाइँको विकल्प रहनेछैन।

अन्तरिम सरकारमा जाँदा माओवादीले हतियार 'लक अप' गर्नुपर्ने दलहरूको प्रस्ताव छ। भलै माओवादीले त्यसलाई अहिलेसम्म आफ्नो तर्फबाट कुनै सहमति जनाएको छैन। तैपनि, सम्भावना त्यसै दिशातिर उन्मुख छ। हतियार र सेनालाई अलग अलग गरेर क्याम्पमा राख्ने सहमतिपश्चात् माओवादीको अवस्था गम्भीर बन्ने निश्चित छ। या त माओवादीले विचारलाई खोक्रो बनाएर संगठनलाई 'विशाल' बनाउनेछ। कुनै कारणवश गम्भीर प्रकारका षड्यन्त्रहरू भए भने माओवादी आन्दोलन 'पेरिस कम्युन'को अवस्थामा पनि पुग्न सक्नेछ। त्यसकारण माओवादीको लागि हतियार 'लक अप'को मुद्दा वार्तामा 'अगाडि बढेर सिद्धिने' मुद्दा बन्न सक्ने खतरा छ।

यसको विपरीत पाटो पनि छ। चारैतिरबाट यथास्थितिका पञ्जाहरूबाट माओवादीहरू जकडिएपछि संघर्षको माध्यमबाट पुनः क्रमशः युद्धतिर फर्कने अवस्था पनि विद्यमान छ। त्यसो भएमा पनि माओवादीहरू वार्ताबाट 'पछि हटेर सिद्धिने' सम्भावना रहन्छ। कारण, माओवादी पार्टी अब कुनै पनि बहानामा भूमिगत रहेन र रहने पनि छैन। संगठन खुला छ। अर्थात् पार्टी, सेना, हतियार सबै खुला छन्। मुख्यतया उनीहरूको मनस्थिति पनि खुला छ। खुला राजनीतिमा पदार्पण गर्नेतिरै उनीहरूको बल पनि छ। यो हिसाबले फेरि युद्धमा फर्कने वातावरण बन्यो भने उनीहरूलाई पहिलेको भन्दा असहज स्थिति पैदा हुन सक्छ र असाध्यै सानो र क्रिम टिमले पुनः छापामार युद्ध गर्नुपर्ने अवस्था सिर्जना हुन सक्छ। यसरी माओवादीका लागि अगाडि बढे पनि र पछाडि हटे पनि असाध्यै ठूला चुनौतीहरू छन्।

वास्तवमा क्रान्तिकारी पार्टीका लागि नै चारैतिर चुनौतीहरू त हुन्छन् नै। त्यसलाई सामना गरेर मात्र त्यसले आफ्नो अस्तित्व र पृथकताको पहिचान स्थापित हुने हो, तर माओवादीहरूको लागि अहिले दुवै विकल्पहरू ज्यादै संगीन छन्।

विचार' बचाउँदा संगठन सिद्धिने र संगठन बचाउँदा 'विचार' नै सिद्धिन्छ कि भनेर मनन गर्नुपर्ने बेला हो यो, माओवादीका लागि। आखिर यस्तै संकटको घडीमा नै आन्दोलनहरूले बाटो बिराउँछन्। माओवादी आन्दोलनले अहिले यो वा त्यो दबाबमा परेर बाटो बिरायो भने आगामी दसौं वर्षको लागि नेपाली कम्युनिष्ट आन्दोलनले धक्का खाने निश्चित छ। तर, यसो भन्दैमा सरकारका लागि कुनै समस्याहरू नै छैनन् भन्ने चाहिँ अवश्यै होइन। त्यहाँ पनि निकै चर्का समस्याहरू विद्यमान छन्। ■

# मधेसी होइनन् थारूहरू

■ महेश चौधरी

**समावेशी लोकतन्त्रको आधार भनेको राज्यको राजकीय तथा सार्वजनिक मामलामा हिस्सेदार बन्न नपाएका वा बन्न नसकेका सम्पूर्ण वर्ग, पेसा र तहका समुदायलाई नीति निर्माण र कार्यान्वयनमा सहभागिता र समानुपातिक प्रतिनिधित्वको माध्यमबाट समान रुपमा अंशियार बनाउनु हो ।**

**मधेसी शब्द** थारू भाषाको आफ्नो शब्दै होइन । त्यसैले यो शब्दसँग थारूहरूको मोह नै छैन । नेपालका सबै तराईवासीलाई मधेसी भनेर संज्ञा दिनु भनेको यहाँका थारूलगायत अन्य आदिवासीलाई जिस्काउनु बाहेक अरू केही होइन । यो क्षेत्रीय नारा दिनुको मुख्य उद्देश्य आदिम अवस्थादेखि तराईको घनघोर जंगलमा औलोलाई पचाएर हिंस्रक बाघ भालु, हात्ती, गोही, सर्प, बिच्छी र अनेक प्राकृतिक संकट सामना गर्दै आएका थारूलगायत अन्य आदिवासीको जातीय स्वशासन, अग्राधिकार अथवा आत्मनिर्णयको अधिकारलाई सधैंका लागि खोस्नु हो ।

सबैभन्दा सद्भावना पार्टीले उठाएको यो क्षेत्रीय र राजनीतिक नारामा कति प्रतिशत थारू तथा अन्य जनजाति यो पार्टीमा संलग्न छन् र कति प्रतिशत अन्य संसदीय पार्टीमा संलग्न छन्, छानबिन गर्न जरुरी छ । थारूहरू बसिआएका तराईको क्षेत्रलाई थरुवान वा थरुहट भन्ने चलन उहिलेदेखिकै हो । विभिन्न आदिवासी जनजातिले परम्परादेखि बसोवास गरिआएको ठाउँलाई खसान, मगरात, किराँत, लिम्बुवान भन्ने प्रचलन भएजस्तै थरुहट पनि थारूहरूको प्रदेश हो । थारू जातिलाई अनादिकालदेखि नै तराईका जंगलमा बसिआएका मानिस भनी स्वीकार नगरी धरै पाइँदैन । त्यसैले त उनीहरू आफ्नो माटोसँग छुट्टिन नसक्ने गरी गाँसिएका छन् । आजसम्म कुनै पनि थारूले न सीमापारिको भारतलाई नजिकको ठान्छ, न पहाड उक्लेर आफ्नो भाग्य अजमाउन नै खोजेको छ ।

भारत स्वतन्त्र हुँदा त्यहाँका थारूहरूलाई भारत सरकारले अनुसूचित जातिअन्तर्गतको सुविधा प्रदान गरे पनि नेपालका थारूहरू भारततर्फ रत्तिभर आकर्षित भएनन् । नेपाल राष्ट्रप्रति प्रगाढ प्रेम तथा भक्तिभाव भएका कारण यति ठूलो समूह भईकन पनि आफ्नो माटो पानी र वरिपरिको जंगलसँग नङ र मासुजत्तिकै गरी गाँसिएको जीवन अरू कुनै पनि यस क्षेत्रको बासिन्दाको छैन होला । त्यसैले थारूहरूलाई नेपालको आदिमकालदेखिका बासिन्दा मान्नु र थारू शब्दको पनि धेरै अर्थ नलगाई यही वर्गका मानिसँग गाँसिएको उत्तिकै पुरानो र सम्भवतः अनार्य भाषाबाट सुरु भएको शब्द मान्नु सबभन्दा उपयुक्त ठहर्ला ।

इतिहासशिरोमणि बाबुराम आचार्य 'थारूहरूको मूल घर' नेपालमै खोज्ने चेष्टा गर्छन् । हिन्दुस्तानमा मुगल साम्राज्यको आक्रमणपछि यहाँका थारूहरू भारतको राजस्थान, चित्तौरगढबाट विस्थापित भएर नेपालमा आएका होइनन् । थारूहरू यस भूमिमा रहँदै आएको हजारौं वर्षको इतिहास छ । हजारौं वर्षको इतिहास बोकेका थारू समुदायलाई आजभन्दा ६-७ सय वर्षअघिका सामन्ती हिन्दु राजाहरूसँग जोड्न खोज्नु, सामन्ती हिन्दु राजाहरूको स्वार्थसिद्धका लागि गर्न खोजिएको इतिहासको तोडमरोड बाहेक अरू केही होइन । कतिपय इतिहासकारले नेपाली समाजको ऐतिहासिक विकासक्रमबारे चर्चा गर्दा बाह्रौं र तेह्रौं शताब्दीमा दक्षिण पश्चिमबाट आर्यहरूको आगमन भएझैं अन्य समुदाय पनि कुनै उत्तरबाट र कुनै दक्षिणबाट आएको भनेर व्याख्या गरेको पाइन्छ । वास्तविक यथार्थ खोज्ने हो भने हजारौं वर्षको मानव वंशको इतिहास यही भूमिसँग जोडिएको देखिन्छ । नृवंशविद्हरू पुरातात्त्विक वस्तुहरूको अन्वेषणको क्रममा आजभन्दा १ करोड १० लाख वर्षपूर्वको नरवानरको बंगारा तिनाउ नदीको किनार भेटिनु, पाषाणकालीन युग अर्थात् २ लाखदेखि ५ लाख वर्षपूर्वका ढुंगे हतियारहरू असंख्य मात्रामा दाङ-देउखुरी, बर्दियाको दनावर ताल र नवलपरासीको कोड डाँगीमा भेटिनु प्राचीन थारू बस्ती भएको कुराको पुष्टि गर्छ । यहाँका थारूले भारतीय मूलका मानिसलाई घृणाको दृष्टिले 'बाजी', 'बज्या' भन्छन् । सम्भवतः यसको सम्बन्ध थरुहट क्षेत्रदेखि दक्षिणको राज्य 'बृज्जी गणराज्य'लाई बुझाउँछ, जससँग थारू राज्यको सदैव झै-झगडा भइरहन्थ्यो ।

विगत दिनहरूमा नेपालको तराईलाई गुल्जार गराउने प्रयासलाई ३ चरणमा विभाजन गर्न सकिन्छ । पहिलो पृथ्वीनारायण शाहको नेपाल एकीकरणपछि भएको प्रयास, दोस्रो सुगौली सन्धि ( सन् १८१६) पछि भएको प्रयास र तेस्रो २००७ सालपछिको प्रयास । 'तराई' शब्दले पहाडको फेदीको समतल भूमि जनाउँछ भने 'मधेस' शब्द मध्यदेशको अपभ्रंश हो । तीन दशकअघिसम्म देशको सीमान्त इलाका मानिने मधेस वा तराई प्रदेश अब सामाजिक राजनीतिक जम्काभेटको मूलथलो हुन गएकोमा यसमा बसाइँ सराइको प्रमुख भूमिका छ । १४ वर्षअघि तराईमा बसाइँ सर्नेहरूमध्ये ६० प्रतिशत भारतीय मूलका अनुमान गरिएको थियो भने आज झन्डै ८० प्रतिशत पहाडी मूलका छन् । (गुरुङ प्रतिवेदन २०४० : २०२) । मधेसी शब्दको अर्थ सामान्य अर्थमा तराई (मैदानी) भागमा बस्नेहरू अर्थ लागे पनि अनौपारिक बोलचालको भाषामा मधेसी भनेको घटिया दर्जाको आदरहीन विदेशी वा उत्तरी भारतका असभ्य आप्रवासीलाई बुझाउँछ । (नन्दराम श्रेष्ठ १९८४ : १६७) ।

अहिले हाम्रो देशमा राज्यको पुनर्संरचना गर्न आवश्यक छ भन्ने कुरा प्रायः सबै राजनीतिक दलले स्विकारेका छन् । नेकपा (एमाले)ले २०४७ को संविधान निर्माणका बेला नै लोकतान्त्रिक विकासका लागि २७ बुँदालाई आफ्नो आलोचनात्मक समर्थनका रुपमा अघि सारेको थियो । तर, संसद्को निर्माणपछि उसले ती विषयलाई वैधानिक प्रस्तावका रुपमा संसद्भित्रको विषय बनाउन चाहेन ।

समावेशी लोकतन्त्रको आधार भनेको राज्यको राजकीय तथा सार्वजनिक मामलामा हिस्सेदार बन्न नपाएका वा बन्न नसकेका सम्पूर्ण वर्ग, पेसा र तहका समुदायलाई नीति निर्माण र कार्यान्वयनमा सहभागिता र समानुपातिक प्रतिनिधित्वको माध्यमबाट समान रुपमा अंशियार बनाउनु हो । तर, हाम्रो देशका वर्गीय मुक्ति र जातीय शोषणबाट मुक्तिका लागि लडिरहेका कम्युनिष्ट पार्टीहरूले आफ्नो पार्टीको नीति निर्माण गर्ने थलो, सरकारमा गएका बेला सरकार सञ्चालन गर्ने र सरकारलाई नियन्त्रण गर्ने निकाय आफ्नो केन्द्रीय कमिटीमा कति जना आदिवासीलाई स्थान दिएका छन्, प्रतिनिधित्व गराएका छन् । त्यस आधारमा आगामी दिनमा राज्यको सबै क्षेत्रमा हाम्रो समावेशीकरण हुन्छ भनेर बुझ्न सकिन्छ ।

नेकपा (माओवादी)ले थरुवान प्रदेशलाई दाङ, बाँके, बर्दिया, कैलाली, कञ्चनपुर जिल्लासम्म मात्र सीमित राखी भूगोल खुम्च्याउने काम गरेका छ, जुन सीमांकन रेखा 'गोंचाली' प्रकाशन २०२८ ले आफ्नो प्रारम्भिक कार्य सञ्चालनार्थ मात्र निर्धारण गरेको थियो । आज त्यही मिठाई माओवादीले आफ्ना थरुवान नेताहरूलाई खुवाइदिएको छ, उनीहरू त्यसैमा मक्ख छन् । यसै थरुवान क्षेत्रभित्र पनि डोट्यालीले कैलाली, कञ्चनपुर हाम्रो हो भन्ने र अवधी भाषीहरूले दाङ, बाँके र बर्दिया आधा हाम्रो हो भन्न थालेका छन् । तर थरुवान मुक्ति क्षेत्रका नेताहरूले नेपालको सम्पूर्ण थरुहट क्षेत्रमा हाम्रो अग्राधिकार छ भनेर भन्न सक्तैनन् ।

२०५८ सालको जनगणनाअनुसार नेपालमा थारूको कुल जनसंख्या १५,३३,८७९ छ, जसको स्थान चौथो छ । संख्याका आधारमा प्रतिनिधि सभामा १ लाख बराबर १ प्रतिनिधि हुने भए थारूहरूका १५ प्रतिनिधि रहनेछन् । थारूहरूको शारीरिक बनावट मानव आकृति मंगोल मूलका भए पनि भाषागत रूपमा भारोपेली भाषा परिवार अन्तर्गत रहेका छन्, तैपनि अझसम्म थारू भाषा र मैथिली, भोजपुरी र अवधी भाषाबीच भिन्नता र समानता के छ वैज्ञानिक अध्ययन भएको छैन । तैपनि थारूलाई जातीय स्वायत्तता प्रदान गर्दा जहाँ थारूहरूको संख्या कम छ, त्यस ठाउँमा जस्तै बारा, पर्सा, रौतहट जिल्लामा थारू-भोजपुरी स्वायत्त प्रदेश, यस्तै थारू-मैथिली स्वायत्त प्रदेशका रुपमा अग्राधिकार प्रदान गर्न जरुरी छ । ■

*(लेखक थारू बुद्धिजीवी परिषद्का संयोजक तथा नेकपा एमालेका केन्द्रीय सल्लाहकार हुन् ।)*

# लोकतान्त्रिक नेपालका पूर्वाधारहरू

■ संजय पराजुली/सुरेन्द्रराज देवकोटा

**राजतन्त्र सँगैसँगै संविधानसभाको पनि जनमत संग्रह किन नगर्ने ? यसबाट जनमतको पूर्ण स्वीकृतिमा कुनै अन्योल हुने देखिँदैन ।**

**करिब ६ महिना** अगाडिसम्म तमाम नेपालीले सोचेका थिए कि नेपाली जनताले आगामी दिनमा फेरि पनि आन्दोलन गर्नु पर्नेछैन, त्यो नै नेपाल र नेपालीका निम्ति निर्णायक हुनेछ । आम जनता लोकतन्त्रको ढोका खोलियो भनेर आश्वस्त भएका देखिन्थे, तर त्यसो हुन सकेन । जनतका लोकतान्त्रिक परिकल्पनाहरूभित्र अहिले सडकमा दिनहुँजस्तै हुने अराजक मुठभेड, धम्की, लुटपाट, हड्तालजस्ता निन्दनीय क्रियाकलापहरू अवश्य पनि थिएनन् । आम नागरिकले सामान्य अर्थमा बुझेको लोकतन्त्रमा जनताको सहभागितामा जनताप्रति जिम्मेवार, बफादार एवं इमानदार कानुनी राज्यको प्रत्याभूति हुने राष्ट्रको परिकल्पना गरेका थिए । त्यसैको पृष्ठभूमिमा पुनःस्थापित प्रतिनिधिसभा र त्यसपछिको सरकारले जनताको मनोभावनालाई ध्यानमा राखेर प्रतिनिधिसभा घोषणा जारी गरे पनि, त्यसपछिका संसदीय घोषणाहरू र तिनका अन्योलग्रस्त कार्यान्वयन पक्षले स्थिति झन् अन्योलग्रस्त हुन पुग्यो । आज ६ महिनाको अवधिमा संसद्मा घोषणा थुप्रिँदै गएका छन्, सरकार निरीह लागिरहेको छ । प्रतिक्रियावादी शक्तिहरू सलबलाइरहेका छन् भने जनता किंकर्तव्यविमूढ देखिन्छन् । त्यसले मात्र नपुगेर माओवादीहरूको ढोंगी र उत्ताउलोपनले जनता झन् रुष्ट हुँदै गएको आभास पाइँदै छ ।

निश्चय नै देशको नियति कालान्तरसम्म यस्तै नरहला, तर धमिलो पानीमा माछा मार्ने बानी बसेकाहरूका अगाडि जनता सधैं यसरी नै चुप बस्लान् त । पक्कै बस्दैनन् किनकि 'जनता' भनेको केवल भोट मात्र हाल्ने प्राणी होइनन्, तिनीहरू त हरेक राजनीतिक दलका पुँजी हुन् र लोकतन्त्रमा तिनीहरूको सर्वोच्च स्थान हुन्छ, तर हाम्रा दलहरूले सही बाटो पकड्न नसक्दा उनीहरूमा नैराश्य तथा हीनताभास छाउने अवस्था आयो भने प्रतिक्रियावादीहरू पुनः सलबलाउँछन् । तसर्थ सरकार र दलहरूले जनताको सहभागितालाई प्रमुख स्थान दिनुपर्ने हुन्छ, खासगरी राष्ट्रिय सवालहरूमा । गत जनआन्दोलनमा मुख्यतया दुइटा सवाल जनताले उठाएका थिए- राजतन्त्रको भविष्य र राज्यव्यवस्थामा संरचनागत परिवर्तनमा समावेशीकरण गरी जनताको सर्वोच्चता कायम गर्ने ।

## राजतन्त्रको भविष्य

करिब साढे दुई सय वर्ष जतिको एकीकृत नेपालमा शाहवंशीय राज्यव्यवस्था चलिआएको छ । तर, यसको योगदानका बारेमा कुनै निष्पक्ष विश्लेषण हुन पाएनन्, बरु एकपछि अर्को स्तुति गानले भरिएका इतिहास लेख्नेहरूको भीड यतिसम्म बढ्यो कि राजा नरहे मुलुक नै स्वाहा हुन्छ भनेर सुगा रटाइसम्म हुने स्थिति आयो । राजा र राष्ट्र पर्यायवाचीको रुपमा स्थापित गर्न दिलोज्यान दिए । राजा नभए देश रहँदैन भन्ने भ्रमको खेती गर्न तल्लीन केही वर्गीय स्वार्थ भएकाहरूले इस्वी संवत्को बीसौं शताब्दीमा मात्र एक दर्जनभन्दा बढी देशहरूबाट राजतन्त्र पलायन भएपछि देशले झन् उन्नति गरेको यथार्थ आँखा चिम्लन चाहन्छन् । सबैभन्दा मननयोग्य पक्ष के छ भने इटाली र ग्रिसजस्ता ऐतिहासिक साम्राज्यहरू स्थापित राजतन्त्र साधारण जनमत संग्रहबाट हटाइएका थिए । तसर्थ जनताको शक्ति र सर्वोच्चतालाई कसैले पनि होच्याउने दुस्साहस गर्न सुहाउँदैन । त्यसैले नेपालको सन्दर्भमा पनि राजतन्त्रको भविष्य निर्धाण गर्ने जिम्मा जनताको हातमा छ र हुनुपर्दछ । बाँकी रह्यो- प्रक्रियागत व्यवस्था- संविधानसभा वा जनमत संग्रह ।

वर्तमान संसद्ले यसबारे बहस चलाएको भए पनि जनताले यसको आयुमा प्रश्नचिन्ह लगाउने थिएनन् होला । जे होस् संविधानसभामार्फत राजतन्त्रको टुंगो लगाउने प्रक्रिया कस्तो हुने हो ? कुनै गृहकार्य वा रुपरेखा कसैले पनि सार्वजनिक गरेका छैनन् । यदि संविधानसभाबाट पारित हुने दस्तावेजहरू शतप्रतिशत मतैक्य हुन सकेन भने कसरी त्यस्ता मुद्दाहरूको टुंगो लाग्न सक्छ ? कथं कदाचित् पुनः विवाद बढ्दै गयो र फेरि जनताको मत नै चाहिने स्थिति आयो भने जनमत संग्रह मात्रै अर्को विकल्प हुन सक्दछ । फेरि संविधानसभाको सारा ध्यान राजतन्त्रमा मात्र सीमित भयो भने अर्को अहं सवाल 'संरचनागत' परिवर्तन र जनताको सर्वोच्चता ओझेलमा पर्न सक्दछ । तसर्थ संविधानसभा सँगैसँगै राजतन्त्रको पनि जनमत संग्रह किन नगर्ने ? यसबाट जनमतको पूर्ण स्वीकृतिमा कुनै अन्योल हुने देखिँदैन । साथै जनताको सर्वोच्चता सारा देशको ध्यान केन्द्रित हुन पुग्नेछ ।

## संरचनागत परिवर्तन

राणाकालीन सामन्ती राज्यव्यवस्था, पञ्चायतरुपी वर्णसंकर र बहुदलीय बजारमुखी अर्थ व्यवस्थाबाट गुज्रिएको वर्तमान नेपालमा असन्तुलित विकास हुने र नहुनेबीचको भेद, सामाजिक अन्याय, राजनीतिक असहिष्णुता र द्वन्द्वका परिदृश्यहरू स्पष्ट देखिँदा देखिँदै पनि सीमित वर्गले असीमित स्रोत र संसाधनको प्रचुर दुरुपयोग गरे । तथ्यांक विभागको सबैभन्दा पछिल्लो सर्वेक्षणले नै देखाउँछ, काठमाडौंमा गरिबीको समस्या अत्यन्तै न्यून छ भने यसको पचास किलोमिटर टाढा मात्रै दुई तिहाइ जनसंख्या गरिबीबाट उत्पीडित छन् । काठमाडौंमा सीमित बहालवाला विकासे ठेकेदारहरू (स्वदेशी र विदेशी)ले न त दुर्गम भेगको भोकमरी बुझ्छन् न त नुनचिनी र पानीको अभावमा तड्पिएका बच्चा र तिनका परिवारको समस्या बुझ्न चाहन्छन् । यिनीहरू एउटै भाषा बुझ्छन्, कुन चाहिँ नीति एवं योजनाले वर्गीय आनन्द लिन सकिन्छ ।

त्यसैले लोकतान्त्रिक नेपालीको निर्माणमा सारगर्भित परिवर्तनको अपेक्षा गरिएको छ । त्यसका लागि संघीय व्यवस्थाको विकल्पहरूबारे बहस जरुरी छ । हुनत अन्तरिम संविधानमा संघीय संरचनाका बारेमा उल्लेख भएको छ, तर अत्यन्तै हचुवाको भरमा । विना कुनै विश्लेषण माओवादीहरूले क्षणिक राजनीतिक फाइदाका लागि उचालेको जातीय संरचना, नेपालीको लागि अभिशाप पनि हुन सक्छ । किनभने यसले दीर्घकालीन जातीय विद्वेषको वीउ रोप्न सक्छ । संरचनागत परिवर्तनको आधार स्रोत र साधनहरूको समानुपातिक विभाजनमा हुनु वाञ्छनीय देखिन्छ ।

नयाँ नेपालको नयाँ संघीय संरचनामा लागि वैज्ञानिक एवं भौगोलिक अवस्थाहरूलाई आधार मान्न सकिन्छ । त्यसका लागि तीनवटा, संघीय संरचना सप्तकोशी, सप्तगण्डकी र कर्णाली प्रदेश र काठमाडौं विशेष क्षेत्र गरी योजना, नीति र कार्यक्रमहरूको जिम्मा बाँड्नु जरुरी भएको छ । प्रश्न के पनि उठ्न सक्छ भने किन तीनवटा मात्रै संघीय संरचना ? खासगरी राजनीतिक क्षेत्रमा यसको संरचनात्मक महत्त्व बढी हुन्छ, तर यथार्थमा हरेक क्षेत्रलाई विकास गर्न आर्थिक स्रोत र साधनहरूको जरुरी छ । त्यसैले कसरी हुम्लादेखि बाँके-बर्दिया, मनाङदेखि चितवन, नाम्चे बजारदेखि चन्द्रगढीबीच आर्थिक एकीकरण गरेर समानुपातिक विकास गर्न सकिन्छ- यी पक्षहरू प्रादेशिक सरकारले बनाउने योजना र नीतिमा भर पर्ने हुनाले राजनीतिक सत्ताको लागि धेरै वटा संघीय संरचनाको जमर्को गर्नु वाञ्छनीय छैन ।

काठमाडौं उपत्यकालाई एउटा छुट्टै विशेष क्षेत्रको रुपमा स्थापित गरी अगाडि बढाउनु जरुरी छ । उपत्यकामा सम्पूर्ण नगर एवं ग्रामीण क्षेत्रलाई एकीकृत रुपमा समेटेर दिगो नगर विकासको परिकल्पनाअनुसार राजनीतिक एवं प्रशासनिक एकीकृत प्रणाली अवलम्बन गर्नु आवश्यक छ । ■

**जनस्वास्थ्य** पोलियो

# फर्कियो रोग



एक बालकलाई पोलियो थोपा खुवाइँदै

**पोलियोविहीन भइसकेको** नेपालमा फेरि यस रोगको संक्रमणको सुरु भएको छ। विशेष गरी बालबालिकालाई असर गर्ने यो रोगको संक्रमणले उनीहरू जीवनभर अपाङ्ग बन्नु पर्ने स्थिति हुन्छ। पोलियोमुक्त मुलुक बनाउने अभियानमा जुटेको नेपालमा विगत दुई वर्षदेखि पोलयो संक्रमणका विरामी देखिन थालेपछि यो रोग बढ्ने खतरा रहेको संकेत देखिएको छ।

भर्खरैमात्र पर्सास्थित अलो गाविसकी अठार महिने एक बालिका फूलमती चुडिहारमा पोलियो रोगको संक्रमण देखिएको वीरगन्जमा सञ्चालित पोलियो केन्द्रले सार्वजनिक गरेको छ। त्यसैगरी दुई वर्षयता सर्लाही, रौतहट, दैलेख र पर्साका गरी ६ जना बालबालिकामा पोलियोको संक्रमण भेटिएको छ।

नेपालले सन् १९९६ देखि पोलियो खोप अभियान सुरु गरेको थियो। बर्सेनि हुने उक्त खोप अभियानले सफलता प्राप्त गर्दै थियो। यही सफल अभियानका कारण सन् २००२ देखि २००४ सम्मको अवधिमा नेपालमा कुनै पनि बालबालिकामा पोलियो संक्रमण देखा परेन, तर पोलियो उन्मूलन अभियानमा विश्व समुदायबीच राम्रो पहिचान बनाउँदै गएको नेपालको त्यो छविमा अहिले दाग लागेको छ।

यसको मुख्य कारण भारतसँगको खुला सिमाना रहेका तराई क्षेत्रमा पोलियो रोगविरुद्धको खोपलाई व्यापक नबाउनु नै हो। छिमेकी मुलुक भारतसँगको खुला सिमानाका कारण हुने निर्बाध आवत-जावतका कारण नेपाल पोलियोको संक्रमणमा रहेको विशेषज्ञहरू बताउँछन्। 'पोलियो संक्रमणको केन्द्र विन्दु मानिएको भारतसँगको खुला सिमानाले नेपाललाई पोलियो संक्रमणको जोखिममा पारेको छ', बाल स्वास्थ्य महाशाखाका निर्देशक डा. यशोवर्द्धन प्रधान भन्छन्, 'त्यसैले संक्रमण नियन्त्रणका लागि तत्काल विशेष कार्यक्रम सञ्चालन गर्नु पर्ने देखिन्छ।'

विश्व स्वास्थ्य संगठनका अनुसार नेपालको तराई क्षेत्रमा पोलियोविरुद्ध खोपको पहुँच कम रहेको छ। प्रत्येक वर्ष हुने पोलियोविरुद्धको खोप अभियानले एक वर्षमुनिका झन्डै ७५ प्रतिशत बालबालिकालाई मात्र समेट्न सकेको तथ्यांकले देखाएका छन्। डा. प्रधान भन्छन्, 'तराई क्षेत्रमा विशेष खोप अभियान सञ्चालन गर्नु पर्ने देखिन्छ।'

पहाडी जिल्ला दैलेखको एक बालकमा देखा परेको पोलियो संक्रमणको कारण पनि भारतसँग नै जोडिएको छ। डा. प्रधान भन्छन्, 'हामीले संक्रमित बालकको पृष्ठभूमि केलाउँदा उनी सहित उनको परिवार भारतमा बसाइँसराइँ गरेको देखिएको छ।'

भारतको उत्तरप्रदेश पोलियो संक्रमणको केन्द्रविन्दु बनेको छ। विश्व स्वास्थ्य संगठनले बताएअनुसार भारतको उत्तरप्रदेश विश्वको एक मात्र यस्तो ठाउँ हो, जहाँबाट यसको 'भाइरस' पोलियो उन्मूलन भइसकेका मुलुक नेपाल, बंगलादेश तथा केही अफ्रिकी मुलुकमा पुगेको छ। त्यसैले संगठनले भारतलाई पोलियो अति प्रभावित मुलुकको सूचीमा राखेको छ। भारतभरि रहेका पोलियो रोगीमध्ये ७० प्रतिशतभन्दा बढी पोलियो संक्रमितको चाप उत्तरप्रदेश र विहारमा रहेको छ। नेपालको तराई भेग भारतका पोलियो अति प्रभावित यी दुई क्षेत्रसँग जोडिएको छ।

'पोलिमाइलेटिस' अर्थात् पोलियोको 'भाइरस'ले शरीरको स्नायु प्रणालीलाई असर पार्छ र संक्रमण भएको केही बेरमै पूर्णतया पक्षघात गराउन पनि सक्छ। जुनसुकै उमेरका व्यक्तिलाई पनि पोलियोले आक्रमण गर्न सक्ने सम्भावना रहे पनि यसबाट अधिकांश बालबालिका प्रभावित भएका छन्। विश्वमा पोलियो रोगको संक्रमणमा परेकामध्ये आधाजसो तीन वर्षमुनिका रहेका छन्। पोलियोविरुद्धको खोप पर्याप्त नहुनु नै यस संक्रमणको मुख्य कारण हो।

सरकारले यो वर्ष असोज, मंसिर र पुस महिनामा गरी तीन चरणको राष्ट्रिय खोप अभियान सञ्चालन गरेको छ। यस खोप अभियानबाट मुलुकभरका पाँच वर्षमुनिका करिब ४५ लाख बालबालिका लाभान्वित हुने बताइएको छ। महँगो सावित मानिएको यस खोप अभियानका लागि जनशक्तिको आवश्यकता पनि त्यत्तिकै रहेको छ। यस वर्षको खोप अभियानका लागि दातृ निकायको सहयोगमा सरकारले २८ करोडभन्दा बढी रकम र झन्डै ७९ हजार स्वयंसेवीलाई खटाएको छ। सन् २००३ मा जापान सरकारले २० करोड नेपाली रुपैयाँ बराबरको पोलयो खोप नेपाललाई उपलब्ध गराएको थियो।

■ **मनीष गौतम/काठमाडौं**







कन्याम चिया उद्योग बन्द भएपछि इलाम बगानमा हाते पत्ती बनाउँदै मजदुरहरू । यहाँ उत्पादित हरियो चियापत्ती कन्याममा प्रशोधन हुने गर्दथ्यो ।

# बेसहारा मजदुर

■ **रोशन साँवा/इलाम** (तस्बिर पनि)

**नेपाल चिया विकास निगमले बन्द गराएको बगान तीन सातासम्म पनि नखुल्दा मजदुरहरूको रोजीरोटी प्रभावित भएको छ ।**

**असोज ७ गते** प्रबन्धकसहित आठ कर्मचारीलाई ५३ घन्टा थुन्नु नै कन्याम बगानका मजदुरहरूको अभिशाप बनेको छ अहिले । चिया मजदुर युनियनहरू र नेपाल चिया उत्पादक संघबीच भदौ ११ गते भएको सम्झौताअनुसारको व्यवस्थापन पक्षले दसैं खर्च र ज्याला दिनुपर्ने माग गर्दै मजदुरहरूले कर्मचारीहरूलाई कार्यकक्षमा थुनेका थिए । त्यही निहुँ बनाएर नेपाल चिया विकास निगमले बन्द गराएको बगान तीन सातासम्मपनि नखुल्दा मजदुरहरूको रोजीरोटी प्रभावित भएको छ ।

निगमले आफ्नो मातहतमा रहेका बगानमा कार्यरत मजदुरहरूलाई एक हजार रुपैयाँ दसैं खर्च र आठ दिनको मात्र ज्याला दिने बताएपछि आक्रोशित बनेका कन्यामका मजदुरहरूले साउन ७ गतेदेखि कर्मचारीहरूलाई ५३ घन्टासम्म कार्यकक्षमा थुनेका थिए । साउन १८ गतेदेखि तीन सातासम्म चलेको मजदुरहरूको आमहड्तालपछि भदौ ११ गते सरकारी निकायका प्रतिनिधिहरूको उपस्थितिमा मजदुर युनियनहरू र नेपाल चिया उत्पादक संघबीच दैनिक ज्यालादर ७५ रुपैयाँबाट बढाएर ९५ रुपैयाँ पुर्‍याउने र २६ दिनको ज्यालाबराबरको दसैं खर्च दिने सम्झौता भएको थियो । यसैगरी मजदुरहरूले दसैंअघि ३२ दिन काम गरेका थिए, तर आठ दिनको ज्यालामात्र दसैंअघि दिइने व्यवस्थापन पक्षले जनाएको थियो ।

स्थानीय राजनीतिकर्मी र मानवअधिकारकर्मीको पहलमा कर्मचारीहरू थुनामुक्त हुनासाथ निगमले मजदुरबाट कर्मचारीहरूमाथि अमानवीय व्यवहार भएको कारण जनाउँदै अनिश्चितकालका लागि बगान बन्द गरिएको सूचना साउन १० गते टाँसेको थियो । दसैं खर्च र ज्याला नै नबाँडी कर्मचारीहरू कार्यालय बन्द गरेर हिँडेपछि मजदुरहरूले बिर्तामोडस्थित निगमको मुख्य कार्यालयमा साउन १२ गते धर्ना दिएर दुई हजार रुपैयाँका दरले पेस्की लिएर फर्किए । त्यसपछि बिर्तामोडको उक्त कार्यालय पनि निगमले बन्द गरेको छ । 'मजदुरहरूले जहाँ जहाँ अप्ठेरो पार्छन्, त्यहाँ त्यहाँ बन्द गर्नुको विकल्प हामीसँग छैन', निगमका कार्यवाहक अध्यक्ष सुवास संघाईले *समय*सँग बताए ।

बगान अचानक बन्द भएपछि व्यवस्थापन पक्षका व्यक्तिहरूलाई सम्पर्क गर्न खोज्दा पनि नसकिएको मजदुरहरूले गुनासो गरेका छन् । उनीहरूले प्रमुख जिल्ला अधिकारी र प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाएर बगान खुलाउनका लागि पहल गरिदिन अनुरोध गरेका छन्, तर अहिलेसम्म कुनै पहल नभएको उनीहरूको भनाइ छ ।

अर्थोडक्स चिया उत्पादन हुने नेपालकै सबभन्दा ठूलो बगान हो कन्याम । यहाँ २ सय ८२ जना मजदुरहरू कार्यरत छन् जसमध्ये बगानले बनाइदिएको धुरामै परिवारसहित बस्नेको संख्या ६५ छ । २०२८ सालमा स्थापित यस बगानमा सुरुदेखि धुरामा बसेर काम गर्नेहरू पनि छन् ।

आफूले काम गर्ने बगान नै अचानक बन्द हुनाले यो वर्ष दसैंतिहार पनि नरमाइलो भएको मजदुरहरूले बताए । 'साउनदेखिकै ज्याला पाएका छैनौं । काम पनि बन्द हुँदा त भोकभोकै बस्नुपर्ने अवस्था भएको छ', अखिल नेपाल चिया मजदुर युनियनका एकाइ अध्यक्ष विष्णु भट्टराईले बताए ।

उता नेपाल चिया विकास निगमका कार्यवाहक अध्यक्ष संघाईले निगम ६ वर्षदेखि घाटामा रहेकोले मजदुर युनियनहरू र चिया उत्पादकबीच भएको सम्झौताअनुसार मजदुरहरूलाई सेवा सुविधा दिन नसकिने बताए । 'सम्झौता हुनेबित्तिकै नै हामीले त कार्यान्वयन गर्न सक्दैनौं भनेका थियौं', उनले भने । श्रमिकको ज्याला सम्झौताअनुसार वृद्धि गर्दा निगमलाई वार्षिक १ करोड ४० लाख रुपैयाँ थप भार पर्छ । सरकारले निजीकरणका बेलामा गरेको सम्झौताअनुसार जग्गा र रकम उपलब्ध नगराएका कारण निगम टाट पल्टेको जनाउँदै उनले समस्याका अन्त्य गर्ने हात सरकारकै भएको बताए ।

लामो समयसम्म काम गर्न नपाएपछि मजदुरहरूले पुरानै ज्यालामा भए पनि अहिले आफूहरू काम गर्न तयार रहेको बताउन थालेका छन् । 'सेवासुविधाका बारेमा छलफल विस्तारै गर्दै गरे पनि हुन्छ, तर तत्काल हामीले काम गर्न पाउनुपर्छ । हाम्रो हातमुख जोडिनै गाह्रो हुन थाल्यो', सूर्यभक्त ढुंगेलले बताए । 'यो कुरा उनीहरूले श्रम मन्त्रालयमा राख्नुपर्‍यो अनि मन्त्रालयले नै प्रक्रिया अघि बढाउनुपर्छ । हामी केही गर्नसक्ने अवस्थामा छैनौं', निगमका कार्यवाहक अध्यक्ष संघाईले बताए ।

निगमले बगान बन्द गरे पनि कन्याम बगानको स्वामित्वमा रहेको अलैंची छोडाउने र सुकाउने काम मजदुरहरूले आफैं गरेका छन् । 'बगानको अलैंची खेर नजाओस् भनेर उनीहरूले छोडाउने र सुकाउने काम गरेका हुन् । अहिले चौकीदार र नाइकेले अलैंची भण्डारको रेखदेख गरिरहेका छन्', मजदुरहरूको समस्या समाधानका लागि सक्रियतापूर्वक लागेका स्थानीय डम्बर कटुवालले भने । कटुवालका अनुसार मजदुरहरूले ३४ बोरा अलैंची भण्डारण गरेका छन् ।

## हाते प्रशोधन

इलाम चिया बगानमा उत्पादित हरियो चियापत्ती प्रशोधन गर्ने कन्याम चिया उद्योग बन्द भएपछि इलाम बगानमा हाते पत्ती उत्पादन सुरु भएको छ ।

कन्याम चिया उद्योग बन्द भएपनि हरियो चियापत्ती नष्ट नहोस् भनेर श्रमिकहरूकै पहलमा हातले माडेर चियापत्ती तयार गर्न थालिएको नेपाल चिया बगान श्रमिक संघका इलाम एकाइ अध्यक्ष अमर मगरातीले बताए । 'कन्यामको भर पर्दा यहाँ पनि काम बन्द हुन्छ । कामलाई जारी राख्न हातेपत्ती बनाउन थालेका हौं', उनले भने ।

इलाम बगानमा रहेको नेपालकै सबभन्दा पुरानो प्रशोधन उद्योग निगम निजीकरण भएलगत्तै २०५७ सालमा बन्द भएको थियो । वि.सं. १९३५ सालमा निर्माण भएको उक्त उद्योगका सामानहरू मितव्ययिताका नाममा कन्याम, चिलिङकोटमा सारिएको थियो । 'इलाम बगानमा ऐतिहासिक महत्त्वको प्रशोधन मेसिन थियो । त्यस्तो मेसिन नेपालमा अहिले कतै छैन । त्यो मेसिन निजीकरणपछि छिन्नभिन्न भयो', चिया उत्पादक संघका सदस्य गोविन्द ढकालले बताए ।

हातेपत्ती तयार गर्नका लागि चियापत्ती माड्ने, सुकाउने र चाल्ने काममा दैनिक १२ जना मजदुरहरू खटिरहेका छन् । उक्त बगानमा अहिले दैनिक करिब दुई सय किलोग्राम हरियो चियापत्ती उत्पादन हुने गर्दछ । हातले माडेर मजदुरहरूले अहिले गुणस्तरका आधारमा एक, दुई र तीन नम्बरका तयारी पत्ती उत्पादन गरिरहेका छन् ।

## धराशायी निगम

नेपाल चिया विकास निगमले २०५७ सालमा निजीकरण भएपछि बर्सेनि घाटा व्यहोर्नुपरेको छ । २०५७ असार १६ गते सरकार र संघाई समूहबीच भएको सम्झौताअनुसारको सर्त सरकारले पूरा नगर्नाले निगम घाटामा गएको निगमका कार्यवाहक अध्यक्ष संघाईको भनाइ छ ।

निगमका अनुसार आर्थिक वर्ष २०५७/०५८ मा ७ करोड ६ लाख ३२ हजार ९ सय २५ रुपैयाँ, ०५८/०५९ मा ५ करोड ८१ लाख ६९ हजार ९ सय ४० रुपैयाँ, ०५९/०६० मा ३ करोड १६ लाख ५७ हजार ५ सय ८० रुपैयाँ, ०६०/०६१ मा १७ लाख ३३ हजार ९ सय २९ रुपैयाँ घाटा व्यहोर्नुपरेको छ । आर्थिक वर्ष ०६१/०६२ मा ९२ लाख ३१ हजार ६ सय ७६ रुपैयाँ नाफा भए पनि ०६२/०६३ मा ६४ लाख घाटा व्यहार्नुपरेको निगमले जनाएको छ । निगमका अनुसार सात बगानमा कार्यरत १ हजार ६ सय स्थायी र दुई हजार मौसमी मजदुरलाई सम्झौताअनुसारको ज्याला दिँदा निगमलाई थप १ करोड लाख ४० लाख आर्थिक भार थपिन्छ ।

संघाई समूहले ५० वर्षसम्म प्रयोग गरेबापत निगमको मेसिनहरूमा ६५ प्रतिशत स्वामित्व रहने गरी २६ करोड ७१ लाख रुपैयाँ धरौटीको रुपमा र वार्षिक ३२ करोड ८२ लाख रुपैयाँ भाडाबापत सरकारलाई बुझाउने सम्झौता भएको थियो । निगमको मातहतमा इलामका कन्याम, सोक्तिम, चिलिङकोट र इलाम बगान तथा झापाका टोकला, बर्ने र बाह्रदशी बगान छन् ।

सम्झौतामा उल्लेख भएमध्ये ४० प्रतिशत जग्गा नदिएको र चालू पुँजी तीन करोड ७८ लाख दिने भनिए पनि नदिइएको निगमका कार्यवाहक अध्यक्ष सुवास संघाईले बताए । १३ लाख केजी हरियोपत्ती वार्षिक उत्पादन हुने भनिए पनि पाँच लाख केजीमात्र उत्पादन हुने गरेको, मेसिन र भौतिक पूर्वाधार अधिकांश बिग्रिएकाले निगम घाटामा गएको उनले बताए । नोक्सान पूर्ति गर्न निजी सम्पत्ति धितो राखेर ऋण निकाल्नुपरेको र ब्याज पनि ऋण गरेर तिरिरहनुपरेको उनले बताए । अहिले पुँजीगत लगानी नोक्सानीको भर्पाई र चालू पुँजीका लागि करिब २७ करोड ऋणको भार निगमलाई परेको बताइएको छ ।

'यो सबैको सम्पत्ति हो । टाट पल्टन लागेको अवस्थाबाट सबै मिलेर यसलाई बचाउनुपर्छ । हामी एक्लैले केही गर्न सक्दैनौं', संघाई भन्छन् । सरकारले सम्झौताअनुसारको सबै जग्गा उपलब्ध गराएमा, लिज भाडा हटाएमा, नयाँ रोपन र थप मेसिनमा अनुदान दिएमा मात्र निगम टाट पल्टनबाट बच्ने उनको भनाइ छ । उनले थोरै समयका लागि ब्याजमुक्त ऋण उपलब्ध गराउनुपर्ने, ज्याला वृद्धिलाई पुनर्विचार गरिनुपर्ने पनि बताएका छन् । 'तर, सरकारलाई अनुरोध गर्दा हामी थाकिसक्यौं । सरकारले हाम्रो कुरा कहिल्यै सुनेन', संघाईले गुनासो गरे ।

हरियो पत्ती उत्पादनको जिम्मा पनि मजदुरले आफैं लिनुपर्ने उनको धारणा छ । 'मजदुरहरूले आफैं उत्पादन गरेर कारखानालाई बजार भाउमा पत्ती बिक्री गरेमा हामीलाई सहज हुन्छ । पत्तीको बजार भाउ १३ देखि १८ रुपैयाँ प्रतिकेजी छ । तर, हाम्रो उत्पादन लागत अहिले ४९ रुपैयाँ प्रतिकेजी परिरहेको छ', संघाईले भने ।

तर, अर्कोतिर संघाई समूहले सरकारबाट भाडा मिनाहा गराउने यी सब बहानामात्र बनाएको हुनसक्ने आशंका पनि एकथरिले गरिरहेका छन् ।

## सेवा सुविधा कटौती

निजीकरणपछि सेवा सुविधामा कटौती गर्दै लगेको मजदुरहरूको गुनासो छ । निजीकरणका बेला खाइपाइ आएको सेवा सुविधा संघाई समूहले प्रमुख जिल्ला अधिकारीको उपस्थितिमा मजदुरहरूसँग प्रतिबद्धता गरे पनि धमाधम कटौती गरिरहेको उनीहरूको गुनासो छ ।

कन्यामका मजदुरहरूले गत साता एक विज्ञप्ति जारी गरी निजीकरणलगत्तै कन्याम बगानबाट ४३ जना मजदुरलाई अवकाश दिइएको बताएका छन् । निजीकरण हुँदा त्यहाँ चार सय ७३ मजदुर कार्यरत भएकोमा अहिले दुई सय ८२ जनामात्र मजदुर कार्यरत छन् । '५५ वर्षमा अवकाश पाउनुपर्नेमा कोहीलाई तीन वर्षअघि नै अवकाश दिए । खराब आचरण भएको भन्दै एकपटक १८ जनालाई अवकाश दिए', कृष्ण रिजालले बताए ।

एक महिनाको ज्याला बराबरको दसैं खर्च पाउँदै आएकोमा २०५९ सालदेखि करिब १५ दिनको मात्र दिन थालेको र २० दिन पाउने वार्षिक बिदा पनि कटौती गरिएको उनीहरूको गुनासो छ । 'मागेको समयमा बिदा पनि दिँदैनन्, काम सकिएको बेला बिदा दिएर त्यस बेलाको तलबै दिँदैनन्,' शरण बस्नेतले गुनासो पोखे । 'अन्य निजी क्षेत्रमा जस्तै बगान पनि निजीकरण भएपछि सेवासुविधा पनि थपिने हामीलाई आशा थियो, तर उल्टै खोसियो', उनले भने । ■



नेपालकै सबैभन्दा पुरानो इलाम चिया उद्योग रहेको भवन । निजीकरणलगत्तै मितव्ययिताका नाममा मेसिनहरू अन्यत्र गाभिएपछि ऐतिहासिक भवन पनि जीर्ण बनेको छ ।




भास्वर ओझा

▲ काठमाडौंमा सम्पन्न साउथ एसिया एमडिजी फोरमका सहभागीहरू

# उल्टो दिशातिर

**दक्षिण एसियाका अधिकांश मुलुकका एक तिहाइ विकास सूचकांकहरू सहस्राब्दी विकास लक्ष्यको प्रगतिको उल्टो दिशातिर कुदिरहेका छन् ।**

■ **मधुसूदन पौडेल/काठमाडौं**

**चरम गरिबीमा** बाँचेको दक्षिण एसियामा गरिबको संख्या घटाउन सहस्राब्दी विकास लक्ष्य कार्यान्वयनमा थप सक्रियताको आवश्यकता औंल्याउँदै 'साउथ एसिया एमडिजी फोरम' सम्पन्न भएको छ । सहस्राब्दी विकासका केही लक्ष्यहरूमा तुलनात्मक प्रगति भए पनि महत्त्वपूर्ण लक्ष्यहरूको प्रगतिमा सुधार ल्याउन तत्काल कार्ययोजना तय गर्नु जरुरी भएकोमा पनि फोरमले उत्तिकै चासो देखाएको छ ।

काठमाडौं फोरम लगत्तै सार्वजनिक भएको एक प्रतिवेदनले एसिया तथा प्रशान्त क्षेत्रका मुलुकहरूमा सहस्राब्दी विकासका केही महत्त्वपूर्ण पक्षहरूको प्रगति सन्तोषजनक नभएको निष्कर्ष दिएको छ । यसै साता सार्वजनिक गरिएको 'मिलेनियम डिभलपमेन्ट गोल्स : प्रोग्रेस इन एसिया एन्ड दि प्यासिफिक- २००६' का अनुसार गरिबी निवारण, प्राथमिक शिक्षामा पहुँच र लैंगिक विभेदजस्ता केही लक्ष्य ठिकै रहे पनि अन्य सामाजिक तथा आर्थिक लक्ष्यहरूको प्रगति भने राम्रो नरहेको उल्लेख गरिएको छ । दक्षिण एसियाको चरम गरिबी न्यूनीकरण गर्ने रणनीति तय गर्न काठमाडौंमा सम्पन्न फोरमको एक साताभित्रै सार्वजनिक गरिएको उक्त प्रतिवेदनले दक्षिण एसियाली मुलुकहरूमा सहस्राब्दी विकास लक्ष्य पूरा गर्न अरू धेरै काम बाँकी रहेको औंल्याएको छ ।

प्रतिवेदनका अनुसार नेपालको प्रगति सुस्त गतिमा छ । यस क्षेत्रको औसत प्रगतिभन्दा नेपाल, अफगानिस्तान र भारत पनि पछाडि परेका छन् । बच्चा र आमाको स्वास्थ्यमा सुधार आउन नसकेको, एचआइभी/एड्स संक्रमितहरूको संख्या बढ्दै गएको र स्वच्छ खानेपानी तथा सरसफाइको स्थितिमा सुधार आउन नसकेको भन्दै प्रतिवेदनले जसका कारण सहस्राब्दी विकास लक्ष्यहरू पछाडि परेको जनाएको छ ।

काठमाडौं फोरमको मुख्य उद्देश्य पनि यस क्षेत्रको चरम गरिबीविरुद्ध लड्ने कार्ययोजना तय गर्नु थियो । दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क) र अफगानिस्तान समेत गरी आठ मुलुकका एक सय विकास विज्ञहरू सहभागी दुईदिने उक्त फोरमले विद्यमान गरिबी घटाउँदै जान सहस्राब्दी विकास लक्ष्य प्राप्तिको गति तीव्र बनाउनु पर्ने कुरामा मुख्य गरी जोड दिएको छ । जसका लागि एकापसको सहयोग बढाउँदै जाने तथा विकसित मुलुकले अल्प विकसित मुलुकप्रति आर्थिक सहयोगको दायरा वृद्धि गर्नु पर्ने आवश्यकता पनि औंल्याएको छ । संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडिपी), एसिया तथा प्रशान्त क्षेत्रका लागि संयुक्त राष्ट्रसंघीय आर्थिक तथा सामाजिक आयोग (युनेसक्याप) र एसियाली विकास बैंक (एडिबी)ले उक्त सम्मेलनको आयोजना गरेका थिए ।

दोस्रो एमडिजी प्रतिवेदनले दक्षिण एसियामा गरिबी न्यूनीकरणको लक्ष्य आशातीत रुपमा सफल हुन नसकेको निष्कर्ष दिएपछि यस क्षेत्रको गरिबी निवारणका लागि ठोस कार्यक्रमहरू गर्नु पर्ने आवश्यकता महसुस गर्दै यो फोरम आयोजना गरिएको थियो । गत वर्ष मलेसियाको राजधानी क्वालालम्पुरमा एसिया तथा प्रशान्त क्षेत्रको दोस्रो एमडिजी प्रतिवेदन सार्वजनिक गरिएको थियो । त्यति बेलै दक्षिण एसियाको सुस्त प्रगतिमा सुधार ल्याउन काठमाडौं फोरम बोलाउने निर्णय भएको थियो । दोस्रो प्रतिवेदनमा यस क्षेत्रका राष्ट्रहरूले लक्ष्यअनुसारका प्रगतिबाट आफूहरूलाई टाढा राखेका थिए । सन् २००० मा न्युयोर्कमा सम्पन्न संयुक्त राष्ट्रसंघको सहस्राब्दी सम्मेलनले पारित गरेका आठ विकास लक्ष्यमध्ये सन् २०१५ सम्म विश्वबाट गरिबीको संख्या आधामा झार्नु नै यसको पहिलो लक्ष्य हो । 'दक्षिण एसियाले लाखौं गरिबहरूको व्यवस्थापन गरिसकेको छ, तैपनि विकासका अन्य प्रगतिहरू भने सुस्त गतिमा छन्', फोरम उद्घाटनको क्रममा संयुक्त राष्ट्रसंघका

उपमहासचिव किम हाक सूले यस क्षेत्रको कमजोर विकासलाई औंल्याएका छन् । उनले स्पष्ट रुपमा भने, 'दक्षिण एसियाका अधिकांश मुलुकका एक तिहाइ विकास सूचकांकहरू एमडिजी प्रगतिको 'अफ ट्र्याक'मा छन् ।' सन् २०१५ सम्म दक्षिण एसियामा गरिबीको संख्या २० प्रतिशतमा झार्ने लक्ष्य राखिएको छ, तर अहिले यस क्षेत्रका ३१ प्रतिशतभन्दा बढी मानिस गरिबीको रेखामुनि रहेका छन् ।

सन् १९९० लाई आधार मानेर २०१५ सम्म हासिल गर्ने उद्देश्य राखिएका सहस्राब्दी विकास लक्ष्यहरूमा विश्वव्यापी रुपमा प्राथमिक शिक्षामा अनिवार्य पहुँच, लैंगिक समानता र महिला सशक्तिकरण, बाल मृत्युदरमा दुई तिहाइ कमी र मातृ मृत्युदरमा तिन चौथाइ कमी ल्याउनु रहेका छन् । एचआइभी/एड्स, मलेरिया लगायतका संक्रमित रोगहरूको रोकथाम, वातावरणीय दिगोपन र विकासका लागि विश्वव्यापी साझेदारी पनि यसका लक्ष्य हुन् । यी अधिकांश लक्ष्यहरूमा दक्षिण एसियाली मुलुकहरूले सन्तोषजनक उपलब्धि हासिल गर्न सकेका छैनन् । सहभागी विज्ञहरूले लैंगिक समानता, मातृ मृत्युदरमा कमी र बाल मृत्युदरमा कमी ल्याउन यस क्षेत्रका मुलुकहरू धेरै सचेत रहनु पर्ने आवश्यकता औंल्याएका छन् । 'दक्षिण एसिया विश्वमै उच्च मातृ मृत्युदर भएको क्षेत्रका रुपमा विद्यमान छ, जसको अन्त्यका लागि अहिले नै कदम चाल्नु जरुरी छ', नेपालका लागि युएनडिपीका आवासीय प्रतिनिधि माथ्यु कहाने भन्छन् ।

विकास लक्ष्यमा कमजोर प्रगति हासिल हुनुमा नेपालका अर्थमन्त्री डा. रामशरण महतले भने द्वन्द्वलाई कारण देखाएर अन्तर्राष्ट्रिय समुदायको सहानुभूति बटुलेका छन्, यसपालि । एमडिजी फोरममा उनले भने, 'एक दशक लामो द्वन्द्वका कारण लक्षित कार्यक्रम पूरा हुन सकेका छैनन् ।' गरिबी घटाउन दक्षिण एसियाली मुलुकमा पर्याप्त चुनौती रहे पनि एमडिजीले आशाको किरण फैलाएको तर्क उनको छ । गरिबी घटाउन आवश्यक पर्ने आर्थिक र सामाजिक विकासको पाटोमा नेपालको प्रगति सन्तोषजनक छैन । मुख्य लक्ष्यहरूमा नेपालको प्रगति पछाडि रहँदै आएका छन् ।

तर दक्षिण एसियामा सरकार र दाताहरूको कार्यशैलीमा परिवर्तन आएमा एमडिजी लक्ष्य प्राप्त गर्न गाह्रो नभएको बताउँछन्, एसियाली विकास बैंक (एडिबी)का उपाध्यक्ष लिक्विन जिन । उनले निजी क्षेत्र र नागरिक समाजसँगको दह्रो समन्वयनमा विकासका कार्यक्रम अगाडि बढाउन सके यस क्षेत्रका सबै राष्ट्रले गरिबी निवारणको लक्ष्य हात पार्न सक्ने विश्वास व्यक्त गरेका छन् ।

एमडिजी कार्यान्वयनको महत्त्वपूर्ण पाटो विकसित मुलुकहरूले गरिब मुलुकलाई पर्याप्त आर्थिक सहयोग वृद्धि गर्ने प्रतिबद्धता हो । जुन सहयोग गरिब मुलुकहरूले पाउन सकेका छैनन् । विकसित मुलुकहरू आफ्नो मुलुकको कुल गार्हस्थ उत्पादन (जिडिपी)को शून्य दशमलव ७ प्रतिशत रकम गरिब मुलुकको विकासका लागि सहयोग गर्न राजी भएका थिए, सहस्राब्दी सम्मेलनमा । तर, उनीहरूको प्रतिबद्धता पूर्णरूपमा कार्यान्वयनमा आउन सकेको छैन । जसका कारण गरिब मुलुकहरूले एमडिजीको मापदण्डअनुसारको लक्ष्य हासिल गर्न सक्षम बनिरहेका छैनन् । राष्ट्रसंघका उपमहासचिव सूले केही विकसित मुलुकबाट प्रतिबद्धताअनुरूपको आर्थिक सहयोग प्रवाह हुन नसकेको बताएका छन् । यसको नकारात्मक असर दक्षिण एसियाका अल्प विकसित मुलुकहरूमा पनि परेको छ ।

नेपालले विकासको गति अगाडि बढाएमा रकमको अभाव नहुने आश्वासन दाताहरूले दिँदै आएका छन् । ३१ असोजमा 'एमडिजी निड्स एससमेन्ट रिपोर्ट' सार्वजनिक कार्यक्रममा राष्ट्रसंघका आवासीय प्रतिनिधि कहानेले भने, 'गरिबी घटाउन र शिक्षा क्षेत्रको विकासका लागि आगामी दशकमा दाताहरूले सहयोगको राशिमा दोब्बर वृद्धि गर्न तयार छन् ।' त्यसका लागि नेपालले व्यवस्थित योजना, खर्चको व्यवस्थापन र अनुगमन गर्नु पर्ने तर्क पनि उनले अगाडि सारेका छन् । रिपोर्टका अनुसार नेपालले सहस्राब्दी लक्ष्य प्राप्तिका लागि ८ अर्ब अमेरिकी डलर विकास कार्यमा खर्च गर्नु आवश्यक छ । त्यसका लागि नेपाल मुख्य रुपमा दाताहरूमै निर्भर रहनेछ । ■




# स्वदेशमा सफलता

■ **नवीन अर्याल/काठमाडौं**

**स्वदेशी भूमिमा** प्रायः विजयलाई अँगाल्दै आइरहेको नेपाली क्रिकेटले यो साता अर्को एउटा सफलता अँगाल्न पुग्यो । असोज २७ देखि २९ गतेसम्म कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको अन्तर्राष्ट्रिय मैदानमा भएको एसिसी प्रिमियर लिग क्रिकेट प्रतियोगिताको पहिलो खेलमै हङकङलाई विशाल १ सय ६५ रनले पराजित गर्दै नेपालले यसै वर्षदेखि एसियाली क्रिकेट महासंघ (एसिसी)ले अस्तित्वमा ल्याएको यो प्रतियोगिता जित्ने बलियो सम्भावना देखाएको छ ।

एसियाका पाँच उदीयमान क्रिकेट राष्ट्र हङकङ, मलेसिया, सिंगापुर, संयुक्त अरब इमिरेट्स र नेपालको क्रिकेटस्तर उकास्न एसिसीले यसै वर्षदेखि एसिसी प्रिमियर लिग प्रतियोगिताको शुभारम्भ गरेको हो । प्रतियोगिताअन्तर्गत मलेसिया, सिंगापुर र संयुक्त अरब इमिरेट्सले दुई खेल खेलिसकेको पृष्ठभूमीमा नेपालले हङकङसितको पहिलो खेलमै विजय पाएको हो । 'सफलताले आत्मविश्वास बढाएको छ, तर सबै राष्ट्रको स्तर समान रहेकाले उपाधिमै ठोकुवा गर्न गाह्रो छ', तिहारलगत्तै यही प्रतियोगिताअन्तर्गत संयुक्त अरब इमिरेट्ससँग खेल्न दुबई जाने तयारीमा रहेको नेपाली राष्ट्रिय टोलीका प्रशिक्षक रोय लुक डायसले *समय*सँग भने ।

दुई वर्षअघि हङकङसँग हङकङमा भएको त्रि-दिवसीय खेलमा दुई दिनसम्म खेललाई आफ्नो नियन्त्रणमा राखेर पनि गुमाउन पुगेको नेपालको त्रि-दिवसीय प्रतियोगितामा हङकङविरुद्ध यो पहिलो जित थियो । गत वर्ष एसिसी फास्ट ट्र्याकअन्तर्गत वर्षाले खेल प्रभावित बन्न पुग्दा हङकङविरुद्धको खेल बराबरीमा चित्त बुझाउनु परेको थियो नेपालले । 'त्रि-दिवसीय क्रिकेटमा उनीहरूविरुद्ध वास्तवमै यो ऐतिहासिक जित थियो', हङकङविरुद्ध चार विकेट लिँदै त्रि-दिवसीय प्रतियोगितामा ५० विकेट लिने इतिहास रचेका कप्तान विनोद दासले भने ।

नेपाली क्रिकेटलाई 'छक्का' उडाउँदै आइरहेका हङकङका प्रमुख खेलाडी राहुल शर्मा र नियमित कप्तान टिम स्मार्टको अनुपस्थितिमा नयाँ र युवा खेलाडी बोकेर काठमाडौं उत्रिएको भारतका पूर्व अलराउन्डर प्रशिक्षक रोबिन सिंहको हङकङ टोली सुरुदेखि नै दबाबमा देखिएको थियो, जब टस हारेर ब्याटिङ गर्ने निम्तो पाएको नेपालले राम्रो सुरुवात गर्‍यो । नेपालले पहिलो दिनको खेलमै आठ विकेटको क्षतिमा २ सय १७ रन बनाउँदै इनिङ समाप्तिको घोषणा गरेको थियो । पहिलो इनिङमा महबुब आलमले ६१ र शरद भेषवाकरले ७९ रन बनाउँदै नेपालको कुल स्कोरलाई बलियो बनाएका थिए । जवाफमा पहिलो दिन नै इनिङ सुरुवात गर्ने निम्तो पाएको हङकङ ७१ रनमा महत्त्वपूर्ण सात ब्याट्सम्यान गुमाउँदै १ सय ४३ रनले पछाडि पर्न पुगेको थियो ।

दोस्रो दिन नजिब अमारको सर्वाधिक ३७ रनको सहयोगले थप ६५ रन थप्न सफल भए पनि हङकङ १ सय ३६ रनमा सबै विकेट गुमाउँदै दबाबमा आएको थियो । पहिलो इनिङमा नेपालले ८१ रनको अग्रता लिएको थियो । यद्यपि, नेपालले दोस्रो दिनै दोस्रो इनिङको सुरुवात गर्ने क्रममा ६ विकेटको क्षतिमा १ सय ८८ रन जोड्दै हङकङविरुद्ध २ सय ६९ रनको अग्रता राखेको थियो । हङकङविरुद्ध उक्त रन जित्नका लागि काफी भए पनि प्रशिक्षक डायसले दोस्रो दिन नै इनिङ समाप्तिको घोषणा गरेर खतरा लिन चाहेनन् । 'म खतरा लिने सोचमा छइनँ', दुई वर्षअघि हङकङसँग अप्रत्यासितरुपले हारेको घटनाको स्मरण गर्दै डायसले तत्कालै पत्रकारहरूलाई भनेका थिए ।

तेस्रो दिन नेपालले पहिलो सत्रमा २ विकेट मात्र गुमायो भने थप १ सय ५ रन जोड्दै आठ विकेटको क्षतिमा कुल २ सय २३ रन बनाएर दोस्रो इनिङ घोषणा पनि गर्‍यो । नेपालले अन्तिम इनिङमा तीन सय रनको चुनौती राखेको थियो, हङकङविरुद्ध । तर, हङकङ १ सय ३९ रन जोड्ने क्रममा दस विकेट गुमाउन पुगेपछि पराजित भयो । दोस्रो इनिङमा नेपालका पारस खड्काले ८७ रन र कप्तान दासले ३० रन बनाए । प्रतियोगिताको म्यान अफ द म्याच महबुब आलमलाई घोषित गरिएको थियो । ■



समय

विजयपछि उत्साहित देखिएका नेपाली खेलाडीहरू

# युथ टोलीलाई उपाधि

**दुई महिनाअघि** सिंगापुरबाट युथ-१७ एसियाकप खेलेर फर्किएको नेपाली युथ-१७ राष्ट्रिय टोलीले भारतको राजधानी नयाँ दिल्लीमा आयोजना भएको सुब्रतो मुखर्जीकपको उपाधि रक्षा गरेको छ । गत वर्ष उक्त प्रतियोगिताको उपाधि जितेको नेपाली युथ टोलीले असोज २७ गते दिल्लीको डा. अम्बेडकर रंगशालामा भएको फाइनल खेलमा त्रिपुरालाई ५-० ले पराजित गर्दै उपाधि रक्षा गरेको हो । नेपालको युथ-१४ राष्ट्रिय टोलीले पनि उपाधिमा कब्जा जमायो । युथ-१४ टोलीले फाइनलमा मोडेल उच्च मावि चण्डीगढलाई १-० ले पराजित गर्‍यो । नेपाली युथ-१४ टोलीका प्रशिक्षक किशोर केसी तथा युथ-१७ टोलीका प्रशिक्षक डिकेन सुवाल यस प्रतियोगिताको उत्कृष्ट प्रशिक्षक घोषित भएका छन् । सुब्रतो मुखर्जीकप भारतको सबैभन्दा पुरानो स्कुलस्तरीय प्रतियोगिता मानिन्छ । यो प्रतियोगिता सन् १९६० देखि सञ्चालन हुँदै आइरहेको छ । ■



एन्टा अध्यक्ष प्रदीप जोशी 'टेकराज' खेलाडीहरूलाई पुरस्कृत गर्दै ।

# जुर्मुरायो एन्टा

■ **नवीन अर्याल/पदमपुर, चितवन**

**शाही शासनकालमा** प्रतिबन्धमा परेको अखिल नेपाल तेक्वान्दो संघ (एन्टा) लोकतन्त्र बहालीसँगै जुर्मुराएको छ । नेपाली खेलकुदको सर्वोच्च खेल निकाय राष्ट्रिय खेलकुद परिषद् (राखेप)मा आबद्ध नेपाल तेक्वान्दो संघमा व्याप्त आर्थिक अनियमितता, भ्रष्टाचार, गुरु दक्षिणाका नाममा तेक्वान्दोबाट उठ्ने गरेका करोडौं रुपैयाँको अपचलन र नक्कली डान सर्टिफिकेटको व्यापारजस्ता अनेकौं विकृतिको भन्डाफोर गर्दै २०५९ सालमा एन्टाको जन्म भएको थियो । तर, माघ १९ को घटनालगत्तै राखेपमा बढ्दो दरवारीकरणका कारण एन्टालाई देशको कुनै पनि स्थानमा प्रशिक्षणलगायत खेल गतिविधि सञ्चालन गर्न नपाउने गरी प्रतिबन्ध लगाइएको थियो ।

करिब एक वर्ष प्रतिबन्धित अवस्थामै लुकेर देशको विभिन्न स्थानमा आफ्नो गतिविधि सञ्चालन गरिरहेको एन्टाले यसै साता चितवनको पदमपुरमा पहिलोपल्ट सार्वजनिकरूपमै प्रतियोगिता सम्पन्न गऱ्यो । एन्टामा आबद्ध चितवन जिल्ला तेक्वान्दो संघ र पदमपुर तेक्वान्दो डोजाङको संयुक्त आयोजनामा सम्पन्न जिल्लाव्यापी तेक्वान्दो प्रतियोगितामा चितवनका करिब २ सय खेलाडीले भाग लिएका थिए । चितवनमा सक्रिय बाह्रमध्ये आठ डोजाङको सहभागिता रहेको यो प्रतियोगिता असोज २७ र २८ गरी दुई दिन सञ्चालन भएको थियो । प्रतियोगितामा आयोजक पदमपुर डोजाङलगायत कठार, न्यु चितवन, नमुना, मिर्मिरे, न्यु खैरिनी, नेपाल आदर्श र चैनपुर डोजाङको सहभागिता थियो, जसमा २६ महिला खेलाडी पनि सहभागी थिए । चितवनमा लामो समयपछि सम्पन्न यस प्रतियोगितामा भाग लिन प्रतियोगितास्थलदेखि निकै टाढा रहेका डोजाङका खेलाडीहरू ट्र्याक्टर चढेर खेलस्थल आउने र जाने गरेका थिए ।

प्रतियोगिताका लागि आवश्यक म्याटको अभावमा पदमपुर गाविसको श्री भीमोदय माध्यमिक विद्यालयको प्रांगणमा गुन्द्री ओछ्याएर खेल सम्पन्न भएको थियो । पहिलो दिनको खेल वर्षाले प्रभावित बनाउँदासमेत खेलाडीदेखि स्थानीयवासीले धैर्यपूर्वक खेलको आनन्द उठाए । पाकिस्तानमा दुई वर्षअगाडि सम्पन्न नवौं दक्षिण एसियाली खेलकुदमा नेपाली तेक्वान्दो टोलीलाई प्रशिक्षण दिएका दक्षिण कोरियाली गुरु मास्टर क्वानको उपस्थितिमा सम्पन्न प्रतियोगितामा काठमाडौं र स्थानीय खेलाडीहरूले आकर्षक 'डेमोस्ट्रेसन' प्रस्तुत गर्दै स्थानीय व्यक्तिहरूको प्रशंसा बटुलेका थिए । नेपालका अन्तर्राष्ट्रिय रेफ्री अनुयाज गौतमको रोहवरमा सम्पन्न प्रतियोगिता भव्यतासाथ सम्पन्न भएपछि एन्टाका अध्यक्ष प्रदीप जोशी 'टेकराज'ले खुसी जनाए । 'जातजाति, धर्म, उचनीचको आधारमा नेपाली नागरिकलाई कुनै पनि खेल खेल्नबाट प्रतिबन्ध लगाउन पाइँदैन भन्ने हाम्रो पुरानो माग अझै यथावत् छ । तर, प्रतिबन्धकालपछि पहिलोपल्ट सफलतासाथ प्रतियोगिता आयोजना भएकोमा म खुसी छु', अध्यक्ष जोशीले *समय*सँग भने ।



चितवन जिल्लाव्यापी तेक्वान्दो प्रतियोगितामा सहभागी कम उमेर समूहका खेलाडीहरू प्रतिस्पर्धा गर्दै ।

तस्वीरहरू : भास्वर ओझा

प्रतियोगितामा कठार तेक्वान्दो डोजाङ ६ स्वर्ण र चार रजत जित्दै पहिलो भयो भने न्यु चितवन ५ स्वर्ण जितेर दोस्रो र नमुना तेक्वान्दो डोजाङ २ स्वर्ण र ३ रजत जित्दै तेस्रो भयो । यसैगरी मिर्मिरे तेक्वान्दो डोजाङ चौथो, न्यु खैरिनी पाँचौं, नेपाल आदर्श छैटौं, चैनपुर सातौं र पदमपुर आठौं भएको थियो । प्रतियोगितामा राम्रो खेल प्रदर्शन गर्ने आफ्ना क्लबका नौ खेलाडीलाई आयोजक पदमपुर डोजाङ प्रमुख अमृत श्रेष्ठले नगद पुरस्कार प्रदान गरे । स्थानीय खेलाडी तथा प्रशिक्षकहरूको उत्साह देखेर अन्तर्राष्ट्रिय प्रशिक्षक गौतमले दस हजार रुपैयाँ पर्ने 'किड ब्याग' चितवन जिल्ला तेक्वान्दो संघका अध्यक्ष राजमान तामाङलाई प्रदान गर्नुको साथै आर्थिकरूपले कमजोर कठार डोजाङका खेलाडी अमृत लामालाई एकजोर तेक्वान्दो ड्रेस प्रदान गरेका थिए । यसैगरी एन्टा केन्द्रीय सदस्य अनिल श्रेष्ठले प्रतियोगितामा उत्कृष्ट ठहरिएका दुई बाल खेलाडी नेपाल आदर्श डोजाङकी मञ्जु विक र कठार डोजाङकी प्रकृति सेढाईलाई बालप्रतिभा पुरस्कारको रूपमा दुई जोर ट्र्याक-सुट प्रदान गरेका थिए । 'काठमाडौंबाहिरका खेलाडीहरूमा राम्रो सम्भावना देखें', प्रशिक्षक क्वानले स्थानीय खेलाडीहरूको खेलको तारिफ गर्दै *समय*सँग भने । एन्टाले निकट भविष्यमा आफ्नो गतिविधि विस्तार गर्दै लाने र पचहत्तरै जिल्लामा प्रतियोगिता आयोजना गर्ने जनाएको छ । ■

# मानवीय संवेदनाका स्वरहरू




कुनै पनि विषयवस्तुमा सम्प्रेष्य तवरले कथा उन्न सक्ने क्षमता बोकेका छन्, कथाकार राजुबाबु श्रेष्ठले। उनको पछिल्लो कथासंग्रह 'मारिनोसेलोको जून' भित्रका कथा पढ्दा लाग्छ- पात्र चयन, विषयवस्तु तथा प्रस्तुतिका दृष्टिले ती उत्कृष्ट छन्। उनका कथा पढ्दा पाठकमा तीव्र संवेदना जागृत हुन्छ। उनी समाजमा हेपिएका, थिचिएका, मिचिएका पात्रप्रति बडो संवेदनशील रहेको पाइन्छ। खासगरी यो किताबको शीर्षकबाटै प्रस्ट हुन्छ- यसमा आफ्नो थातथलोका मात्र नभएर विदेशी परिवेशमा सिर्जना गरिएका कथा पनि छन्।


किताबको पहिलो कथा 'मारिनोसेलोको जून' हो, जुन विदेशी परिवेशमा लेखिएको छ। हुनत मारिनोसेलो क्रोसियाको सुन्दर ताल हो, प्राकृतिक सौन्दर्यताभित्र युद्ध त्रासदीले निम्त्याउने संकटको यथार्थपरक चित्रण छ। युद्धका विभाजित मानिसहरूको मनोदशा र प्रेमप्रणयलाई नायक दारियो र नायिका नादाको माध्यमबाट प्रस्तुत गरिएको छ।

कथाकारले सामाजिक विसंगति र विकृतिप्रति खोइरो खन्न पनि पछि परेका छैनन्। 'पेमा भाउजू', 'मैयाँ साहेबको रुङ्' लगायत कथामा समाजको चित्र दुरुस्त उतारिएको छ। कर्मचारीतन्त्रमा हावी रहेको घुसखोरी, कमिसनतन्त्रका सामु इमानदार कर्मचारीले भोग्नुपर्ने नियति पुष्टि गरिएको छ- 'फरक बटो'मा। 'मृत्युको जन्मदिन', 'गृहयुद्धको घाउ', 'मेरी सान्या', 'ब्रास्कोबिच र समाधि'लगायत कथा विदेशी सेरोफेरोमा लेखिएका छन्। 'मृत्युको जन्मदिन' वास्तवमै राम्रो कथा हो, जसमा राष्ट्रप्रति अगाध आस्था भएकी इराकी युवतीको जीवन बलिदानीलाई कति मार्मिक ढंगले उतारिएको छ, कथामा।

कथाकार राजुबाबुमा सामाजिक विषयवस्तुलाई स्थानीय लवज र परिवेशमा ढाल्न पनि माहिर छन्। 'अन्धकार गन्तव्य' शीर्षकको कथाबाट यी अंश हेरौं न। 'वीरमानले आफ्नो पटुकामा पुर्खाको पालादेखिको खसीबोका मार हान्ने सिरुपाते खुकुरी पटुकाको फेरोमा मजाले घुसाऱ्यो र एकपटक घरलाई धीत मरुन्जेल नियाल्यो। यतिबेला उसले आमाबाबुको काख सम्झ्यो, बाल्यकालको साथ सम्झ्यो, जवानीका दिनहरू सम्झ्यो, यसै घर र यी गह्राहरूमा बिताएका पलहरू सम्झ्यो। हरेक सम्झनाले उसको मनलाई झनै क्षतविक्षत पाऱ्यो। उसले कम्मरको खुकुरी दापबाट झिकी भुइँमा कोप्यो र एक मुठ्ठी माटो निकाली रुमालमा पोको पारी खल्तीमा हाल्यो।'

वास्तविकरुपमा कथाकार कोरा कल्पना परिकल्पनाभन्दा देशको धरातलीय यथार्थसँग नजिक छन् भन्ने देखाउँछ, यी अंशले। वीरमान जसकी एउटी छोरी माओवादीले जबरजस्ती लगेर गुमाएका छन् र अर्को छोरो लैजाने उर्दीका बीच आफ्नो जन्मभूमि छाडेर विस्थापित हुनुपर्ने कठोर बाध्यतालाई उनले कथामा उतारेका छन्। राजुबाबुको कथाकारिताबारे प्रसिद्ध कथाकार रमेश विकल लेख्छन्, 'नेपाली कथा साहित्यको फाँटमा आफ्ना सशक्त र प्रबल मानवीय संवेदनायुक्त कथाहरूको बिटो लिएर एउटा प्रखर प्रतिभाशाली कथाकारले आफ्नो टड्कारो उपस्थितिको घोषणा गरेका छन्।'

विभिन्न पन्ध्रवटा कथाहरूमार्फत राजुबाबुले राष्ट्रिय भूगोल मात्र होइन, अन्तर्राष्ट्रिय परिस्थितिका अन्तरवस्तु मिहिनरुपमा केलाउने प्रयास गरेका छन्। यो कथाकृति वास्तवमै समाजको सजीव तस्बिर भएर प्रस्तुत भएको छ। अधिकांश कथाहरूका मूल पात्रले सशस्त्र द्वन्द्वको पीडा अभिव्यक्त गर्दछ।



किताब : अनिकालेका गफ: पिडालुको तरकारी
लेखक : अनिकाले ओझा
पृष्ठ : ९८
मूल्य : रु ५०/-
प्रकाशक : जुही प्रकाशन झर्रो नेपाली घर




किताब : भेडीगोठ
लेखक : सरुभक्त
पृष्ठ : ४०
मूल्य : रु ३०/-
प्रकाशक : साससके, नेपाल



किताब : माओवादी क्रान्तिको कम्पन
लेखक : अर्जुन ज्ञवाली
पृष्ठ : ८७
मूल्य : रु ५०/-
प्रकाशक : गुराँस प्रकाशन प्रा. लि.




किताब : इन्जिनियरको क्लिनिक
लेखक : भुवन चन्द्र ठकुरी
पृष्ठ : २०८
मूल्य : रु १५०/-
प्रकाशक : साझा प्रकाशन

**होम डेलिभरी फ्रि**

के तपाईं आफ्नो मोटोपनबाट दिक्क हुनुहुन्छ ? यदि तुरुन्तै मोटोपन घटाउन चाहनुहुन्छ भने आजै भेलफर्म सौना बेल्ट प्रयोग गरौं।

**रू. २४९५ मात्र**

साथै अन्य टिभीमा देखाइने सामानहरु

**ग्लोबल टिभी प्रोडक्ट सप**

पुतली सडक (शंकरदेव क्याम्पस अगाडि),
फोन नः ४२४२०६१, चावहिल २००२७९९, लगनखेल ०१६२११२१९,
बुटवल फोन नः ०७१५४९२७९, नारायणघाट फोन नं.: ९८४५०५५७३२




यो बेल्टले तपाईंलाई ५५ मिनेटको प्रयोगमै २ से.मी. पेट घटाउँछ।



**चोरलाई हातखुट्टा दुवैमा बाँधेर राख्नुपर्छ । खुट्टामा मात्र बाँधे हातले गाँठो फुकाल्छ । हातमा मात्र बाँधे यताउति पुगेर केही न केही उपाय गरेर गाँठो फुकाल्ला ।**

# ...डोरी र बहस



■ ध्रुव मधिकर्मी

**तिनीहरूले अन्ततः** चोरलाई समातिहाले । चोरले धेरै दिनदेखि दुःख दिइरहेको थियो । चोरेर हैरान पारेको थियो । त्यसैले चोरलाई समात्नु अत्यन्त आवश्यक थियो । केही न केही उपाय गर्नु जरुरी थियो । तर चोर छ कि भाग्याभाग्यै थियो । तिनीहरूलाई चोर समात्न बडो मुस्किल भयो । टोलेहरू धेरै दिनसम्म जाग्राम बस्नुपर्‍यो । धेरै दिनसम्म ठाउँठाउँमा पहरा दिनुपर्‍यो । यति मात्र होइन चोरलाई समात्न के के गर्नुपर्ने हो भनेर तिनीहरूले धेरै पटक धेरै थरिका योजनाहरू बनाउनु पर्‍यो । अन्ततः चोरलाई तिनीहरूले घेरामा पारिहाले । वास्तवमा चोरलाई समात्न आवश्यक भइसकेको थियो । चोर अब चोर मात्र नभएर आततायी समेत भइसकेको थियो ।

चोर भाग्नमा बडो माहिर थियो । आँखा झिमिक्क गर्न पाएको हुन्न सामान उठाएर टाप कसिहाल्थ्यो । सामान चोर्न र त्यसलाई छिनभरमा लुकाउन छल्नमा खप्पिस थियो चोर । कहिले कसैको घडी चोरिएको हुन्छ त कहिले टेलिफोन सेटै उठाएर लग्थ्यो । अस्ति एकजनाको त टेलिफोनको तारै चोरेर लग्यो । घरधनीले बिहान फोन गर्न खोज्यो, फोन डेड थियो । उसलाई जरुरी फोन गर्नु थियो । के भयो भनेर यसो झ्यालबाट हेर्दा पो थाहा भयो - टेलिफोनको तार झ्यालसम्म थियो, त्यसपछि नदारद । कतिको त महिनाभर दुःख गरेर कमाएको तलब घर पुग्दा गायब हुन्थ्यो, बाटोमा कतिखेर चोरले सुइँक्याइसकेको हुन्थ्यो थाहै हुन्नथ्यो ।

टोलभरि चोरले दुःख नदिएको घरै छैन भन्दा हुन्छ । कसको घरमा मात्र चोरले हात घुसारेन । अर्थात् कसको के मात्र चोरले चोरेन । एकजना पत्रकारको त कलमकापी मात्र होइन, उसले लेखेर छपाएका केही समाचारका कटिङहरूको फाइल समेत उठाएर लग्यो । चोरलाई लेख्न नहुने कागज काम लाग्दैनथ्यो, तैपनि किन हो चोरेर लग्यो । कलमकापी त काम लाग्छ भनूँ चोरलाई, तर कागजका टुक्राहरू के काम ! यद्यपि चोर्नका लागि कलमको काम छैन, चक्कु छुरा नै चाहिन्छ । अथवा ताल्चाचुकुल खोल्ने किलाकाँटीको सामान्य उपकरण भए पुग्छ, तर यो चोरलाई कापीकलम मात्र होइन समाचारको कटिङ पनि काम लाग्ने रहेछ । पक्कै पनि त्यससित चोरको केही सम्बन्ध थियो कि ! हुन पनि अखबारका पन्नाहरूको के काम ! चोरी र पढाइलेखाइ त विपरीत कुरा हुन् । सायद चोरलाई मर्का पर्ने समाचारको कटिङ पो थियो कि ! जब समाचारै लेखिसक्या छ वा छापिसक्या छ भने अब त्यसबाट केको आपत्ति । छापिनुअगाडि भए पो एउटा कुरा । त्यसो त ती पत्रकार महोदयले टोलमा चोरहरूको बिगबिगी बढेको, प्रहरी प्रशासन चोर समात्न अक्षम भएको, चोरसँग प्रहरीको मिलोमतो भएकोबारे समाचारहरू सम्प्रेषण गरिसकेका थिए । अझ उनले एउटा समाचारमा त चोरी गर्दागर्दै रंगेहात प्रहरी समेत समातिएको समाचार लेखेका थिए ।

सायद त्यसै कारण चोरले पत्रकारकै घर ताकेको हुनुपर्छ । उसको लागि काम नलाग्ने भएपनि पत्रकारसँग विरोधस्वरुप उसको कलमकापी र समाचारपत्र चोरेर लौ हेर म के मात्र गर्न सक्तिनँ ! भन्न खोजेको हुनुपर्छ ।

त्यसो त चोरले टोलमा दुःख नदिएको कसैलाई छैन । लगभग सबैको घरबाट उसले केही न केही चोरेको छ । केही न केही उधुम मचाएको छ । संचारका सेट टेलिफोन मोबाइल चोरेर हैरान पोरेको छैन कि ! महिना दिनलाई पुग्ने रासनपानी चोरेर नखाएको छ कि ! कसैको त सेफै उठाएर लग्यो । अझ कतिसम्म भने अरूको घरबाट उक्लेर आई भान्छामा राखिएको ग्याँसको सिलिन्डरसमेत उठाएर लग्यो । यति मात्र होइन चोरले गर्दा घरबाट निक्लन र बजारमा हिँडडुल गर्न पनि अप्ठ्यारो भइसक्यो । चोरले कतिखेर आएर झ्याइँकुटी पार्ने हो ठेगान छैन ।

एकदिन त चोरले अति गऱ्यो । टोलको अलि पुछारमा मास्टर बिजुलीप्रसादको घर थियो । त्यतातिर आपसमा नजोडिएका दुईचार वटा घर थिए । एक रात त्यहीं चोर पस्यो । त्यसदिन चोर एक्लो थिएन । अर्को साथी पनि सँगै थियो । साथमा हतियार पनि ।

राति कसैले ढोका ढकढकायो । आवाज सुनेर माथिबाट एउटी बूढी आइमाईले सोधी - तल को ? यति राति !

हामी माड्साबलाई भेट्न आएका । छिटो ढोका खोल्नोस् त ।

माड्साब सुत्नुभयो । भोलि आउनुस् ।

उहाँसंग आजै भेट्नुपर्ने काम छ । छिटो ढोका खोल्नुस् ।

माथिबाट आवाज आएन । यति राति आउनेको कुनै भर हुन्न त्यसैले चुप बस्नु जाती होला भनेर कोही ढोका खोल्न नआएको होला वा धेरै बेरसम्म ढोका खोल्न नआएपछि तिनीहरू आफै फर्केर गइहाल्छन् भनेर पनि होला । तर यत राति खतरा मोलेर आउनेहरू त्यति सहज रुपमा जानेवाला थिएनन् । तिनीहरू केही बेरसम्म पर्खिरहे । ढोका खोल्न कोही नआएपछि तिनीहरूमध्ये एकले ढोकामा एक लात्ती हानेर भने - छिटो ढोका खोल्छौ कि ढोका फोडेर हामी माथि आऔं ।

माड्साबको घर पुरानै थियो । तिनीहरूको लात्तीले घरै हल्लिए जस्तै भयो । खोलूँ भने यस्तो रातको बेला, नखोलूँ भने लात्ताले हानेर ढोका बिगारिदेला भन्ने पीर । अरू उपाय नदेखेपछि माड्साबले स्वास्नीलाई ढोका खोल्नका लागि अह्राए ।

पख, पख ढोकामा लात्ती नहान । म खोलिदिन्छु, भन्दै उनी भऱ्याङबाट ओर्लेर आइन् । भोलि आउनु भन्दा पनि नमान्ने कस्ता असत्ती मोराहरू रै'छन् । यस्ता रातबिरातमा पनि दुःख दिने !, उनी फतफताउँदै आइन् र ढोका खोलिन् ।

ढोका खोलेर उनले को रै'छ भनेर यसो चियाउन समेत नपाउँदै तिनीहरू उनलाई धकेल्दै 'ए माड्साब के हो यस्तो ताल !' भन्दै भऱ्याङ उक्लन थाले ।

कोठाको ढोका खुलै थियो । तिनीहरू सरासर भित्र पसे । माड्साब चस्मा लाउँदै को रै'छ भनेर हेर्न खोज्दै थिए ।

'माड्साब हामीलाई सहयोग गर्नु पऱ्यो', तिनीहरूले कोठाभित्र पसेर बस्दानबस्दै भने ।

यति राति आउने को हो तपाईंहरू र आउनासाथ सहयोग माग्नुभयो ? सहयोग भोलि मागे पनि हुन्थ्यो नि । कस्तो सहयोग ?

तपाईंले हाम्रो क्रान्तिमा सघाउनु पऱ्यो ।

कस्तो क्रान्ति, कस्तो सहयोग ?

हामी जनताको मुक्तिको लागि लडिरहेका छौं । हामीलाई तपाईंकी छोरी चाहियो ।

तिनीहरूको हाकाहाकी प्रस्ताव र माग सुनेर माड्साब चकित भए । चकित मात्र होइन एकछिन पछि त भित्रभित्रै काँपे पनि । तिनीहरू ठीक नियतले आएका होइनन् भन्ने कुरा त रातको प्रहरमा ढोका नै फोडुँला जस्तो गरी ढकढकाएर आउनुले नै लगभग स्पष्ट पारिसकेको थियो । यस्तो अवस्थामा काँपेर मात्र नपुग्ने भयो, आतंकित नै हुनुपर्ने देखियो ।

'के मेरी छोरीलाई पनि तिमीहरू जस्तै चोरलुटेरा बनाउने ?' माड्साबले भय र आतंकमिश्रित स्वरमा भने ।

माड्साब हामी चोरडाँकु होइनौं र हामीले गरिरहेको चोरी लुटपाट साँचो अर्थमा चोरीलुटपाट होइन । बुझ्नुभो हामी एउटा मिसनका लागि यो सब गरिरहेका छौं । हाम्रो यस्तै मिसनमा तपाईंको सहयोग पनि चाहियो ।

'यसरी रातबिरात आएर धम्कीपूर्ण भाषामा माग्नु त ठिक होइन । यो एकप्रकारले लुटपाटजस्तै हो । तपाईंहरूले यही कुरा खबर गरेर बिहान दिउँसो आएर पनि भन्न सकिन्छ',

माड्साब हामी तपाईंको भाषण सुन्न आएका होइनौं, हामी त तपाईंसँग सहयोग माग्न पो आएका हौं । हामी जनताको मुक्तिका लागि जनताको अधिकारको लागि लडिरहेका छौं, तपाईंले त हामीलाई खुसीसाथ सहयोग पो गर्नुपर्छ । भन्नुस् तपाईं खुसीसाथ सहयोग गर्नुहुन्छ कि अथवा हामी नै केही उपाय गरौं, त्यसमध्ये एकजनाले शरीरमा लुकाई ल्याएको खुकुरी सरक्क निकालेर माड्साबको मुखेन्जी राख्यो । त्यसको टलकले माड्साबको आँखा तिरमिरायो - लौ हाम्रो कुरा मानेर खुरुक्क छोरी पठाउनु हुन्छ कि ...

तिनीहरूले वाक्य पूरा गरेनन् । पूरा नगरे पनि त्यसको अंशले नै पूरक अर्थ ग्रहण गरिसकेको थियो । अचानक खुकुरी देखेपछि माड्साबकी स्वास्नी भयले चिच्याइन् । कोठाभित्रको खलबल सुनेर छोराछोरी बिउँझेर के भएछ भन्दै हेर्न आए ।

माड्साबका तीन छोराछोरीमा जेठो छोरा देशबाहिर पढ्न गएको छ भने यहाँ छोरी र एक छोरा मात्र छन् । तेह्र वर्षकी छोरी र दस वर्षको छोरा । तिनीहरूलाई कोठामा देखेर माड्साब झन अत्तालिए । तिनीहरूलाई माड्साबले हप्काउँदै अर्को कोठामा जान भने । त्यसअगावै तीमध्ये एकजनाले छोरीचाहिँको हात च्याप्प समातेर भन्यो - नानी तिमी हामीसँग जाने है ?

'ए भाइ यसको पढ्ने बेला छ । यस्तो कुरा ऊ बुझ्दिन । पठाउनै परे पछि पठाउँला', माड्साबले हात जोडे ।

तिनीहरू माड्साबलाई पन्छाएर, पन्छाएर के धक्का दिएर केटीलाई तान्दै बाहिरिए । आमाबाबुले तिनीहरूको बाटो छेक्न खोजे । आमाचाहिँले रुँदै छोरीलाई नपठाउन हात समातिरहे । तर तिनीहरूको सामु उनको के जोड चलोस् । तिनीहरूले आमाचाहिँलाई धकेलेर छोरीलाई तान्दै लगे । यता छोरी रुँदै थिई भने उता आमाबाबु गुहार लगाउँदै रुँदै थिए । तर तिनीहरूको रुवाइ र गुहार सुन्ने यो सन्नाटापूर्ण रातमा त्यहाँ सायद कोही थिएन ।

■

जाने बेलामा तिनीहरू 'हामी तपाईंकी छोरीलाई छिटै फर्काउँछौं' भन्दै अँध्यारोमा अलप भए । तर यसरी लगिएका कति किशोरकिशोरीहरू कयौं महिनासम्म नफर्किएको तिनीहरूलाई थाहा छ । कतिको कुनै अत्तोपत्तो नभएको पनि तिनीहरूलाई थाहा छ । कति कुरा थाहा हुँदाहुँदै पनि माड्साब दम्पतीले भएभरको प्रतिरोध गर्न सकेनन्, केवल डाँको छोडी रुनु र निहत्था हातहरूले रोक्नु बाहेक ।

■

तर अब स्थिति फेरियो ।

कुनै बेलाको त्यो चोर हाल आततायीहरूको जत्थाको केही लागेन । तिनीहरू चारैतिरबाट घेरिए । पूरै गाउँ पूरै सहरका मान्छेहरू तिनीहरूको विरुद्धमा उत्रिएपछि तिनले भाग्ने बाटो नै पाएनन् ।

चोरको जत्था समातिनासाथ तिनीहरूमध्ये केहीले आक्रोशित भएर पिटपाट पनि गरे, केहीलाई मजासँग झकुरे । आफूहरूले खपेको यातना, दुःख, तनाव र आतंकको बदला त केहीले लिने नै भए । साथै तिनीहरू छिटै सम्हालिए पनि । चोरलाई तह लगाउने यो तरिका होइन । यसले त चोरको जत्थालाई उत्तेजित पनि तुल्याउन पनि सक्छ । चोरका अन्य साथीहरू पनि बाँकी होलान् । उनीहरूले चोर्नका लागि प्रयोग गर्ने कति उपकरण त बरामद गर्न बाँकी नै छन् । पहिला त त्यसको छिनोफानो र व्यवस्थापन पो आवश्यक छ ।

अब के गर्ने ! तिनीहरू छलफल र विचारविमर्श गर्न थाले । चोरहरूको चोरीकर्म के गर्दा रोकिएला, के गर्दा चोरहरूले पनि सामान्य जीवनयापन गर्न सक्ला ! यसबारे तिनीहरू सोच्न र सरसल्लाह गर्न थाले ।

'चोरलाई त बाँधिराख्नु पर्छ, यत्तिकै छोड्न हुन्न । नत्र फेरि चोरले चोरेर हैरान पार्छ', एकजनाले भन्यो ।

हो हो भन्दै केही व्यक्तिले समर्थन गरे । चोरले फेरि चोर्न नसकोस् भनेर हातैमा बाँध्ने कुरामा सहमति भयो । आखिर चोर्ने काम त हातैले गर्ने हो । त्यसैले हातैमा बाँध्नु आवश्यक छ ।

त्यो त हो तर हिँडडुल गर्ने त खुट्टा हो नि त्यसैले खुट्टामा पनि बाँधेर राख्नुपर्छ । खुट्टामा बाँधेन भने त यताउति फेरि हात लामो पारिहाल्छ, अर्कोले तर्क गऱ्यो ।

कुरा ठिक हो, चोरलाई हातखुट्टा दुवैमा बाँधेर राख्नुपर्छ । खुट्टामा मात्र बाँधे हातले गाँठो फुकाल्छ । हातमा मात्र बाँधे यताउति पुगेर केही न केही उपाय गरेर गाँठो फुकाल्ला । त्यसैले हातखुट्टामै बाँधे समस्यै सकियो । तर फेरि समस्या खडा भयो । केले बाँध्ने ? एउटाले बलियो डोरीले बाँध्नुपर्छ भन्यो । अर्कोले सुतीको डोरी हुन्न, नाइलनको डोरी नै चाहिने तर्क अगाडि साऱ्यो । कोहीकोही त डोरी सुती नाइलनको हैन फलामे सिक्री नै चाहिन्छ भन्न थाले ।

बलियोसँग बाँध्ने हो भने जुन डोरी भए पनि के भो र । तर मिलाएर राम्ररी गाँठो पारेर बाँध्नुपर्छ, ता कि चोरले जस्तै बल गरे पनि फुकाल्न नसकोस्, एउटाले फेरि अर्को तर्क गऱ्यो ।

त्यहाँ अहिले यस्तै तर्कवितर्क चलिरहेको छ । चोरलाई यसरी बाँध्नुपर्छ, यसप्रकार बाँध्नुपर्छ भन्ने बारेमा नानाथरिका छलफल भइरहेको छ । सबैको आ-आफ्नो तर्क छ र त्यसैलाई मान्य बनाउने होड पनि चलेको छ । बाँध्ने विषयमा मात्र होइन तिनीहरू कस्तो डोरीले बाँध्ने हो, कसले बाँध्ने हो, कहाँ राखेर बाँध्ने, कहिले बाँध्ने हो भन्ने बारेमा पनि जोडदार बहस चलाइरहेका छन् ।

■



समय

▲नाचमा मस्त कालिम्पोङ नाइटका सहभागीहरू

# सार्थक उद्देश्यको लागि

**गत साता राजधानीको** अन्नपूर्ण होटलमा कालिम्पोङबाट अध्ययन सिध्याएका पूर्व विद्यार्थीहरूले आयोजना गरेको सांगीतिक कार्यक्रम सामाजिक अभियानसँग जोडिएको थियो। आम मनोरञ्जनात्मक कार्यक्रमझैं नाम 'कालिम्पोङ नाइट' राखिए पनि त्यसको उद्देश्य नितान्त फरक थियो- लागूऔषध र दुर्व्यसनविरुद्ध काम गर्ने प्रयास नामक संस्थाको लागि सहयोग जुटाउने। सहभागीहरूले सांगीतिक कार्यक्रमबाट पूरापूर आनन्द लिएका थिए भने अर्कोतिर कालिम्पोङमा अध्ययन गरेर राजधानी आई विभिन्न क्षेत्रमा कार्यरत व्यक्तिहरूको पुनर्मिलन उपयुक्त अवसर थियो।

सुरुमै 'आइ लभ यु मोर देन...' अंग्रेजी गीतबाट सुरु भएको सांगीतिक वातावरण हिन्दी गीत हुँदै नेपाली गीतमा पुगेपछि मात्र तातेको थियो। त्यसपछि मात्र सहभागीहरू छमछम नाचेका थिए। नाच्नेमा युवायुवतीमात्र प्रौढहरू पनि उत्तिकै संख्यामा थिए। कालिम्पोङकी पूर्व विद्यार्थी माइती नेपालकी अध्यक्ष अनुराधा कोइराला आफैं पनि सामूहिक नाचमा सरिक भएपछि कार्यक्रममा रौनक थपिएको थियो।

रातो रानी फूलेझैं साँझमा....लाहुरेदाइको रेलिमाई, मुसुमुसु हाँसिदेऊ न लै लै लगायत गीत खुबै जमेका थिए। कार्यक्रममा रिन्छेन योञ्जन, प्रथम महिला सचिव चन्द्रकला किरण, अम्बर गुरुङ, अनुराधा कोइराला लगायत विशिष्ट सामाजिक पहिचान बनाएका व्यक्तित्वहरूको उपस्थिति थियो। दुर्व्यसनमा फसेको एक किशोरको जीवनकथामा आधारित वृत्तचित्र पनि देखाइएको थियो कार्यक्रममा।

समारोहमा टिकट बिक्रीबाट संकलन गरिएको ८० हजार रुपैयाँको चेक चन्द्रकला किरणले प्रयास नामक संस्थालाई हस्तान्तरण गरेकी थिइन्। ■



# सुम्निमाको पुरातत्त्व मोह

एकजना अमेरिकी कला संकलकको घरमा नेपालका बहुमूल्य मूर्ति देख्दा सुम्निमा उदासलाई सुरुमा त खुसी लागेको थियो। तर, जब ती मूर्ति नेपालबाट चोरिएर विदेश पुगेको थाहा पाइन् उनको खुसी क्षणिक बन्न पुग्यो। उनले मनमनै सोचिन्– नेपाली भएको नाताले पनि चोरिएका मूर्तिका विषयमा मैले केही काम गर्नैपर्छ। त्यसैबेला सुम्निमालाई एउटा सोच फुर्‍यो – नेपालबाट चोरिएका मूर्तिबारे वृत्तचित्र बनाउने। उनले पाँच वर्षअघि योजना बनाएको भए पनि भर्खरैमात्र 'लस्ट सोल्स'को निर्माण पूरा भएपछि यसले मूर्त रुप पाएको छ। सुम्निमाको परिचय टेलिभिजन पत्रकारबाट वृत्तचित्र निर्मातासम्म पुगेको छ।

प्राचीन पुरातात्त्विक कलाले तथ्यमात्र होइन, सांस्कृतिक जीवन प्रतिनिधित्व गरेको हुन्छ। पुराना कलाकृति जगेर्ना नगरेमा सभ्यता नै संकटमा पर्छ भनेर त्यसै भनिएको होइन। किन बनाउनुपर्‍यो त वृत्तचित्र ? उनी भन्छिन्, 'मूर्ति चोरी विषयमा सचेतना जगाउनका लागि सानो प्रयासको सुरुवात मात्र हो यो।'

बेलायतको अक्सफोर्ड विश्वविद्यालयबाट ग्रयाजुएसन पूरा गर्नेबित्तिकै सुम्निमा चोरिएका मूर्तिहरूको बारेमा वृत्तचित्र बनाउन नेपाल आएकी थिइन्। मूर्ति चोरी जस्तो गम्भीर विषयलाई सरल रुपले पस्कन कहाँ सजिलो थियो र ! त्यसैले यो विषयको वास्तविकता बाहिर ल्याउन अनुसन्धान पद्धतिको पनि सहारा लिइन्। सुम्निमा भन्छिन्, 'यो विषयको अनुसन्धानमा मात्रै ८ महिनाजति लाग्यो।'

सुन्दा कथाझैं लाग्छ, तीसको दशकको उत्तरार्धमा राजधानीमा मूर्ति चोरी यति बढ्यो कि चोरहरूले ठूला मूर्तिहरू काटेर टुक्राटुक्रा पारेर लैजान्थे। वृत्तचित्रमा फर्पिङबाट सरस्वतीको मूर्तिको टाउको काटेको दृश्य कैद गरिएको छ। ऐतिहासिक कलाका विज्ञ मुकुन्दराज अर्याल, जर्मनी ऐतिहासिक कलाविज्ञ योगेन सेहिकको पनि महत्त्वपूर्ण भूमिका छ यसमा।

वृत्तचित्र बनाउँदा बखतका तीता अनुभव पनि छन्, उनीसँग। उनी भन्छिन्, 'त्यसक्रममा तस्बिर खिचेको मूर्ति केही दिनमै गायब हुन्थ्यो, त्यो बेला ज्यादै दुःख लाग्थ्यो।' अहिलेसम्म नेपालबाट ८० प्रतिशतजति मूर्ति चोरिएको उनी बताउँछिन्। वृत्तचित्रको दृश्यांकनपछि सम्पादन कार्य भइरहेको थियो। त्यतिखेरै सिएनएन दिल्ली ब्युरोमा 'न्युज प्रोड्युसर'को रुपमा काम गर्ने अवसर हात लाग्यो उनलाई। त्यसपछि वृत्तचित्र सम्पादनमा केही ढिलाइ भएको उनी बताउँछिन्। १० हजार अमेरिकी डलरको लागतमा बनेको यो वृत्तचित्र विभिन्न टिभी च्यानलबाट प्रसारण गर्ने सोच छ, उनको। सुम्निमाले टेलिभिजन पत्रकारिता सुरु गर्दाको पनि बेग्लै पृष्ठभूमि छ। उनको सुरुको लक्ष्य त बुबा भीम उदासको जस्तै कूटनीतिक बन्ने थियो, तर समयको खेल अहिले पनि उनको परिचय पत्रकार नै हो। उनले जनआन्दोलन–२ का बेला सिएनएन प्रतिनिधिको रुपमा काठमाडौंमा रिपोर्टिङ गरेकी थिइन्।

सुम्निमाले अमेरिकाको वासिङटन एन्डली विश्वविद्यालयबाट ५ वर्षअघि 'मास कम्युनिकेसन' र 'हिस्ट्री अफ आर्टस्'मा अन्डर ग्रयाजुअट सिध्याएपछि यस्तै काम गर्ने भनेर उनका केही योजना थिएनन्। यसो प्रयास गर्दा के पो हुन्छ र भन्ने सोचेर एक दिन अमेरिकी टेलिभिजन च्यानल सिएनएनमा आवेदन दिइन्। आखिर उनी सिएनएनमा छानिइन् पनि। त्यो क्षण सम्झँदै सुम्निमा भन्छिन्, 'साँच्चिकै कर्मलाई भाग्यले डोर्‍याएकोले गर्दा नै मैले सुरुमै प्रतिष्ठित च्यानलमा काम गर्ने अवसर पाएँ।'

बेलायतको अक्सफोर्ड विश्वविद्यालयमा 'हिस्ट्री अफ आर्टस्' विषयमा ग्रयाजुएसनको विद्यार्थी छँदा नै पुरातात्त्विक वस्तुप्रति मोह पलाउन थालेको थियो उनमा। त्यसो त उनले बेलायतमै नेपालका 'चोरिएका मूर्तिहरू'बारे पढेकी थिइन्, त्यतिखेरै यो विषयमा वृत्तचित्र बनाउने योजनाको वीजारोपण पनि भएको थियो। पछि स्नातकमा 'नेपाली कला' विषयमा शोध गरेपछि पुरातात्त्विक कलाकृतिको त पारखी बनेकी छन् उनी।

अझै 'डेभ्लपमेन्ट डिप्लोम्याट' बन्ने उद्देश्य लिएकी सुम्निमा पत्रकारिता बहुआयामिक विषय भएकाले यसलाई रोजेको जनाउँछिन्। टेलिभिजन पत्रकारितामा काम गर्ने सोख रहेको बताउने सुम्निमा सिएनएन च्यानलको हङकङ ब्युरोमा न्युज प्रोड्युसरका रुपमा कार्यरत छन्। तर, जीवनभरि नै पत्रकारिता गर्ने सोच चाहिं बनाएकी छैनन्, उनले। डिप्लोमेसी र गभर्नेन्समा पनि उत्तिकै रुचि भएकी उनी भन्छिन्, 'अब ४–५ वर्ष पत्रकारिता गर्छु, त्यसपछि अरू नै क्षेत्रमा काम गर्छु।'

नेपाल छोडेर विदेशिएकाहरूबाट नेपाल फर्किने कुराको आशा गर्नु निरर्थक हुन्छ। तर, नेपालमा जन्मेर पाकिस्तान, इटाली, नेपाल, अमेरिका, पेरिस, बेलायतलगायत मुलुकबाट उच्च शिक्षा पूरा गरेकी सुम्निमाको विचार बेग्लै छ। उनी भन्छिन्, 'जहाँ गए पनि मलाई वास्तविक घरचाहिं नेपालजस्तो लाग्छ। पछि नेपालमै आएर केही काम गर्ने योजना छ।' त्यसो त जुनसुकै मुलुक बसे पनि वर्ष दिनमा घटीमा पनि दुईपल्ट उनी नेपाल आएकै हुन्छिन्।

■ छत्र कार्की/काठमाडौं





'तस्बिर खिचेको मूर्ति केही दिनमै गायब हुन्थ्यो, त्यो बेला ज्यादै दुःख लाग्थ्यो।'

# भाग्य चम्कियो रेखाको




क्रमश : सेकेन्ड रनरअप निधि, लिटिल लेडी रेखा र फस्ट रनरअप सवनम

**साना प्रतिभाहरू** खोज्न महेन्द्रनगर जेसिसले गत वर्षदेखि सुरु गरेको प्रतियोगिता लिटिल लेडी ट्यालेन्ट २००६ को ताज रेखा भट्टले हात पारेकी छन् । गत साता यहाँको कञ्चन टाकिजमा सम्पन्न प्रतियोगितामा १९ प्रतिस्पर्धीहरूलाई उछिन्दै रेखाले उपाधि हात पारेकी हुन् । प्रतियोगितामा फस्ट रनर अप सवनम चन्द र सेकेन्ड रनर अप निधि पाठक भएका छन् । यो ट्यालेन्ट हन्टमा एघार वर्षमुनिका २० प्रतियोगीले सहभागिता जनाएका थिए ।

प्रतियोगितामा अनुज्ञा रिजाल बेस्ट स्माइल, रश्मि चटौत अनुशासन, सिर्जना खनाल क्याटवाक र शिखा बेस्ट ड्रेसका लागि चयन भएकी छन् । प्रतियोगी रेखा न्यु सरस्वती बोर्डिङ स्कुल, सवनम राष्ट्रिय बाल विद्यालय र निधि आदर्श विद्या निकेतनमा अध्ययनरत छन् । गत वर्षकी लिटिल लेडी पूजा पन्तले रेखालाई ताज पहिराएकी थिइन् । रेखालाई उपाधिसँगै लेडिज साइकल प्रदान गरिएको छ । विजेताहरूलाई दीपज्योति कला केन्द्रले एक महिना निःशुल्क नृत्य प्रशिक्षण प्रदान गर्ने भएको छ ।

प्रतियोगीहरूले ४० पूर्णांकको विभिन्न विधामा सहभागिता जनाएका थिए । सबै प्रतिस्पर्धीहरूले पिस वाक, व्यक्तिगत परिचय र व्यक्तिगत प्रतिभा प्रस्तुत गरेका थिए । अंकका आधारमा निर्णायकहरूले सहभागी बीसमध्ये दसजना छनोट गरेका थिए । जसमा प्रतियोगी मनीषा रेग्मी, दीक्षा भट्ट, किरन विष्ट, सावित्री थापा, कोमल गुप्ता, तपसी सिजापति र अलिसा विसी अन्तिम दससम्म पुगेका थिए । अन्तिम ६ जनाका लागि लिखित परीक्षा भएको थियो । देशको माया किन लाग्छ ? भन्ने प्रश्नको जवाफ तीन मिनेटभित्र लिखित रुपमा दिई प्रतियोगीहरूले अन्तिम ६ को यात्रा तय गरेका थिए ।

लिटिल लेडीहरूलाई तीन सातासम्म विभिन्न विधामा प्रशिक्षण दिइएको थियो । दीपज्योति कला केन्द्रले उनीहरूलाई प्रतियोगिताका लागि तयार पारेको थियो । कोरियोग्राफी केन्द्रका नृत्य निर्देशक वीरेन्द्र सिंहले गरेका थिए । कार्यक्रममा केन्द्रका कलाकारहरूले प्रस्तुत गरेका सांस्कृतिक कार्यक्रमले दर्शकलाई थप मनोरञ्जन दिएको थियो ।

महेन्द्रनगरमा सभागृहको अभावमा कञ्चन टाकिजमा सञ्चालित प्रतियोगितामा सहभागीहरूको संख्या हेरेर स्टेजको अभाव खड्केको थियो । जेसिजले दोस्रो पटक आयोजना गरेको प्रतियोगितामा गत वर्षको तुलनामा केही सुधार देखिए पनि प्राविधिक पक्ष पूर्ण व्यवस्थित हुन सकेको थिएन । उज्यालोको अभावमा क्यामराका लागि प्रयोग गरिएको हेलोजन लाइटले कार्यक्रम अवधिभर उज्यालोको काम गरेको थियो । कार्यक्रम सञ्चालकद्वय अरविन्द लेखक र देवकी विष्टले दर्शकलाई आफ्नो प्रस्तुतिमा लठ्याउन सक्दो प्रयास गरेका थिए । आठ घन्टाको कार्यक्रममा सिएन भण्डारीले सांगीतिक माधुर्य छरेका थिए ।

■ **श्याम भट्ट/महेन्द्रनगर** (तस्विर पनि)



# हिलोमा फुलेको कमल

**न उनलाई सल्लाह** दिने साथी थिए, न सहयोग गर्ने परिवार। तैपनि, सानैदेखिको सोख पूरा गर्न सधैं प्रयत्नरत रहन्थे। कसैको आँट, साथ र हौसलाविना नै क्यानभासमाथि मसिना कुची नचाउन थालेका कमल मगर अहिले पूर्व क्षेत्रकै एकमात्र यस्ता चित्रकारमा दरिन्छन्, जो कुशलतापूर्वक थाङ्का लेख्न सक्छन्।

पाँच वर्षअघि गुरु पद्मसम्भव सेन्टरबाट सातमहिने प्रशिक्षण लिएकै भरमा कमलले थाङ्का चित्र लेख्न सुरु गरेका थिए। ल्यान्ड स्केप, स्केच, पोर्ट्रेटभन्दा थाङ्का भिन्न छ। थाङ्का लेख्नु अमूर्त चित्र कोर्नुजस्तो पनि हुँदैन। किनभने अमूर्त कलामा चित्रकार तराईको समथर फाँटमा मन लागी दगुर्ने बाढीजस्तै बग्न सक्छन्, तर थाङ्का लेख्नुअघि बौद्ध दर्शन र मान्यता बुझ्नु जरुरी छ। तर, मुस्किलले प्रवीणता प्रमाणपत्र तह छिचोलेका कमलले सजिलै थाङ्का लेख्न सिके।

योभन्दा महत्त्वपूर्ण के भने कमलको कुमैदेखि बाँया हात छैन। सानो छँदा लडेर हात मर्किएको थियो, घरेलु उपचारले झन् अन्य रोगको 'इन्फेक्सन' भएपछि कमललाई विराटनगर लगिएको थियो। तर, हात नकाटी घाउ निको भएन। मोरङ, बयरवनका ३० वर्षीय कमल अहिले दाँया हातकै भरमा सुन्दर थाङ्का लेख्छन् र बेच्छन्। 'यी दुई वर्षभित्र सोह्रवटा थाङ्का बेचिसकें', उनी सुनाउँछन्।

अपांग सेवा समिति, धरानको भवनमा आश्रय लिएर एक्लो जीवन बिताउँदै आएका कमल जस्तोसुकै कष्टमा पनि निरास देखिँदैनन्, बरु उनमा केही गर्ने आँट र आशा सघन बन्दै गएको जस्तो लाग्छ। थाङ्काको बारेमा अझ धेरै बुझ्न उनले तिब्बती लिपि सिक्न थालेका छन्। तिब्बती लिपिमै लेखिएको बौद्ध दर्शनका पुराना पुस्तकहरु पनि पढ्दै छन्। 'जति पढ्यो बौद्ध दर्शन त्यति गहिरो लाग्छ', उनी भन्छन्।

कमलले हिन्दु शास्त्रका कथालाई पनि थाङ्कामा ढाल्दै छन्। विजयपुरको फेदीमा बसेकैले होला, हिन्दु धर्मसँग सम्बन्धित उनको पहिलो थाङ्का नै शिव र सतिदेवीको कथामा केन्द्रित छ। सतीदेवीको मृत्युपछि उनको लास बोकी उन्मत्त भएर शिव हिँड्दै गरेको थाङ्का उति नै सुन्दर छ, जति बुद्धलाई विभिन्न रुपाकृतिमा ढालेर बनाइएका थाङ्काहरु हुन्छन्।

'फाइन आर्ट'को औपचारिक शिक्षा नलिएका कमलले गत भदौ १८ र १९ गते धरानमा आयोजित चित्रकला प्रदर्शनमा भने शंखमा गणेशको आकृति संयोजन गरिएको चित्र प्रस्तुत गरेका थिए, जसलाई अग्रज चित्रकार कर्ण मास्केले सबैभन्दा उत्कृष्ट ठहऱ्याएका थिए। अपांग, गरिब र परिवारबाट अलग हुँदाहुँदै पनि कमलले विस्तारै हात पार्दै गएको सफलता हेर्दा लाग्छ, साँच्चै कमल हिलोमै फुल्दो रहेछ। ■



ओमआस्था राई




शून्य समय



युवराज घिमिरे

# सञ्चारमाध्यमको 'मर्यादा' र माओवादी आक्रमण

**सरकार माओवादी** वार्ताको औपचारिक र प्रक्रिया जारी नै छँदा नेपाली सञ्चार जगत् एकपल्ट फेरि उद्वेलित छ । यसपल्ट उक्साहट आएको छ, युद्धविराम मात्र हैन, प्रेस स्वतन्त्रतालाई नीति र आचरणमा सम्मान गर्ने सार्वजनिक प्रतिबद्धता माओवादी अध्यक्ष प्रचण्डले जनाएको पृष्ठभूमिमा । नेपालको सञ्चार क्षेत्र अनेक विकृतिको सिकार छ, तर व्यवसायिक यात्रालाई उसले विगत १५ वर्षमा निरन्तरता दिँदै आएको मात्र हैन, प्रजातन्त्र नागरिक स्वतन्त्रता र अधिकार खोसिँदा विरोधको पहिलो बिगुल बजाउने काम उसैले गरेको छ । त्यति मात्र हैन, दधिचि ऋषिले जस्तै सञ्चारमाध्यमले सरकारी यातना र अन्याय सहन गर्दै माओवादी विचारलाई 'प्लेटफार्म' दिँदै आएका छन् ।

बालुवाटारमा प्रधानमन्त्रीको सरकारी निवास बाहिरका सडकहरूमा कुन हैसियत र आधिकारिकताका साथ माओवादी कार्यकर्ताले आफ्नो नियन्त्रण जमाए, कुन हैसियतले उनीहरूले सञ्चार जगत् र सामान्य नागरिकको खानतलासी लिए ? यो माओवादीको नेतृत्व तहले स्पष्ट पार्नैपर्ने हुन्छ, आज नभए भोलि । संसदीय संस्कृति, उत्तरदायित्वको सिद्धान्त बोध नभएका वा आपराधिक उदासीनतालाई नै आफ्नो योग्यता मान्ने गृहमन्त्री कृष्ण सिटौलाले यस घटनाबारे जवाफ दिनेछैनन् । तर, उनीप्रति धृतराष्ट्रको कमजोरी प्रदर्शन गर्दै सिटौलालाई राजनीतिक अभिभावकत्व प्रदान गर्दै आएका प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले यो घटनाबारे जवाफ दिनुपर्नेछ ।

माओवादी क्षेत्रीय नेतृत्व तहबाट यस घटनाका लागि क्षमायाचना गरे पनि कानुन हातमा लिएर सञ्चारकर्मीदेखि राजनीतिक प्रतिद्वन्दीमाथि भौतिक कारबाहीको सिलसिलामा कुनै कमी आएको छैन । जिफन्टका नेता तथा कार्यकर्ताहरूमाथिको आक्रमण, जीवित पत्नीलाई मारेको कबुल गर्न एक सामान्य व्यक्तिलाई कठोर यातनाद्वारा बाध्य तुल्याइएको हृदयविदारक घटना एकातिर र अर्कोतिर सरकार-माओवादीद्वारा गठित आचारसंहिता अनुगमन टोलीको निष्क्रियताले यी घटनाहरूको असर जारी वार्ता प्रक्रियामा मात्र हैन, त्यसपछिको शान्ति सुरक्षा अवस्थामा पनि पारिरहनेछ ।

के कानुन हातमा लिने संस्कारमा बलियो हुँदै आएको एउटा वर्ग भोलिको सम्भावित सहमतिबाट निर्देशित राजनीतिक परिस्थितिमा कानुनको दायराभित्र आफूलाई राख्न तयार होला ? प्रचण्ड आए पनि हामी तिमीहरूलाई छोड्दैनौं भन्ने जस्ता वाक्य गत साता बालुवाटारका सडकमा मात्र हैन, माओवादीसँग आबद्ध अन्य मोर्चाका नेताहरूबाट पनि बराबर सुनिन थालेका वाक्यहरू हुन् ।

यी गतिविधिहरूलाई अपवाद भन्न सकिने स्थिति भएको भए अवश्य पनि त्यसलाई नेपाली राजनीतिको सुखद पक्ष मानिने थियो । तर, अपवाद नभएर यो नेतृत्व तहको नियत भनौं वा लाचारी बन्न पुगेको छ । हालै माओवादी नेता डा. बाबुराम भट्टराईले आफूलाई मार्ने षड्यन्त्र पार्टीभित्र भएको रहस्योद्घाटन सार्वजनिकरूपमै गरेका छन् । यद्यपि, त्यसको दोष उनले रवीन्द्र श्रेष्ठ प्रवृत्तिलाई दिएका छन् । रवीन्द्र श्रेष्ठ अहिले माओवादी पार्टीबाट अलग भएका छन्, तर बाबुराम भट्टराईले भनेका प्रवृत्तिहरूबाट के अब पार्टी मुक्त छ त ?



तेजबहादुर बस्नेत

बालुवाटार, जिफन्ट र रवीन्द्र श्रेष्ठद्वारा सम्पादित एवं प्रकाशित रातो झन्डाका कार्यकारी सम्पादक कृष्ण अधिकारीको अपहरण जस्ता घटना तिनै प्रवृत्तिको निरन्तरता र पृष्ठपोषण हो । र, ती प्रजातान्त्रिक मूल्य मान्यताका साथै वार्ता प्रक्रिया प्रतिकूल चरित्र पनि हुन् । त्यसलाई पार्टीको मान्यताविपरीत आचरण भनेर माओवादी नेतृत्व तह पन्छन मिल्दैन ।

तर, बालुवाटार आक्रमण निन्दनीय हुँदाहुँदै पनि सञ्चारमा रहेका व्यक्तिहरूको योग्यता र पात्रतासम्बन्धी विषयलाई पत्रकार महासंघ र प्रेस काउन्सिलले गम्भीरताका साथ लिँदै व्यवसायिक पत्रकारितालाई मर्यादित बनाउन केही ठोस कदम उठाउनु भने आवश्यक छ । नेपालमा करिब ५ हजार पत्रकारहरूले सरकारसँग 'एक्रिडिटेसन' हासिल गरेका छन् । त्यसमा विभिन्न अन्य मुख्य पेसामा लागेका र सञ्चारसँग खासै सरोकार नभएका व्यक्तिहरूले पनि त्यस्तो मान्यता हासिल गरेका छन् भने अर्कोतिर राजनीतिक दलहरूसँग पूर्णरूपमा आबद्ध रहेका तथा निश्चित दलहरूकै प्रचार-प्रसारका लागि पत्रकारितामा लागेका व्यक्तिहरू पनि उक्त सूचीमा छन् । व्यवसायिक पत्रकारिता र राजनीतिका लागि पत्रकारिताबीचको सीमारेखा छुट्याउन पनि पत्रकार महासंघ र प्रेस काउन्सिलले उचित कदम उठाउनु आवश्यक देखिन्छ । पत्रकारितामा वस्तुनिष्ठता र तटस्थता सुनिश्चित गर्नु आवश्यक हुन्छ । त्यसका लागि उपयुक्त कदम उठाउन नसक्दा पनि नेपालमा पत्रकारिताले सम्भव भए जति उचाइ हासिल गर्न नसकेको हो । पीत पत्रकारिता र ब्ल्याकमेल पत्रकारितालाई निरुत्साहित गर्न आन्तरिकरूपमा प्रयासहरू भएनन् भने माओवादीले बालुवाटारमा गरेजस्तै कुनै पनि संगठित समूहले प्रेसमाथि अनुचित र गैरकानुनी नै भए पनि आक्रमण गर्ने बहाना पाइनै रहनेछ ।

वैयक्तिक स्वतन्त्रता र वैयक्तिक मर्यादा तथा सम्मानप्रति सञ्चार जगत् उदासीन रहन सक्तैन । प्रभावकारी मानहानिसम्बन्धी कानुनी प्रावधान तथा न्यायिक संयन्त्रको अभावमा पनि पीत पत्रकारिता र व्यवसायिक पत्रकारितासँगै समानान्तर रूपमा फस्टाइरहेको छ, नेपालमा । र, लोकतन्त्रको प्रभावकारिता उसको सक्रियता र जवाफदेहितासँग जोडिए जस्तै व्यवसायिक तथा अंकुशरहित पत्रकारिताको विकासका लागि पनि उसको विश्वसनीयतामै ऊ स्वयं मर्यादित र आन्तरिक रूपमा नियमित हुनुपर्छ नै । ■